# आदिवासीहरुको सन्दर्भमा नेपालको संविधान, २०७२ मा सुधार

डा. कृष्ण भट्टचन

अधिवक्ता शंकर लिम्बू

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान

सानेपा, ललितपुर

# आदिवासीहरूको सन्दर्भमा
# नेपालको संविधान, २०७२ मा सुधार

डा. कृष्ण भट्टचन
र
अधिवक्ता शंकर लिम्बू

प्रकाशक
नेपाल सरकार
आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान
सानेपा, ललितपुर

# आदिवासीहरूको सन्दर्भमा नेपालको संविधान, २०७२ मा सुधार
**(Reform in the Contitution of Nepal, 2015 in the Context of Indigenous Peoples)**

---

**लेखकहरू** : डा. कृष्ण भट्टचन र अधिवक्ता शंकर लिम्बू

**भाषा सम्पादक** : पदम राई

**पुस्तक प्रकाशन कार्य सम्पादन समितिः**

**संयोजक** : दिवस राई

**सदस्यहरु** : विनिता तामाङ र मेनका घिसिङ

**प्रकाशक** : आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान
सानेपा, ललितपुर, नेपाल
फोन नं. +९७७-०१-५१८३२५२/५१८३१७४
Email: mail@nfdin.gov.np
URL: www.nfdin.gov.np

**सर्वाधिकार** : लेखकहरु र प्रकाशक

**प्रकाशन प्रति** : ५००

**संस्करण** : प्रथम, वि. सं. २०८३ (सन् २०२६)

**लेआउट/डिजाइन** : उज्वल प्रताप मल्ल

**मुद्रण** : स्मृति प्रिन्टिङ्ग प्रेस प्रा. लि., कमलादी, काठमाडौँ :

**ISBN** : 978-9937-9912-5-4

---

आदिवासीहरूको मानव अधिकार संरक्षण, संवर्धन र प्रवर्द्धन गर्ने उद्देश्य भएको चेतना जागरण, प्रशिक्षण, कार्यशाला, गोष्ठी, जनवकालत, पाठ्यसामग्री, पठनपाठन लगायतका शैक्षिक तथा गैरनाफामूलक प्रयोजनको लागि स्रोत उल्लेख गरेर यो पुस्तक वा लेखको पूर्ण वा आंशिक कुनै पनि रूपमा पुन उत्पादन गर्न सकिने छ । प्रतिलिपि अधिकारवालाको लिखित अनुमतिविना यस पुस्तकको बिक्री वा अन्य व्यापारिक प्रयोजन गर्न पाइने छैन ।

# प्रकाशकीय

नेपाल बहुराष्ट्रिय, बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक तथा बहुधार्मिक विशेषताले सम्पन्न राष्ट्र हो । यस राष्ट्रको सुन्दरता विविधतामा निहित छ र यही विविधता हाम्रो साझा राष्ट्रिय पहिचानको आधार हो । लोकतान्त्रिक शासन व्यवस्थाको मूल मर्म भनेको समाजका सबै जात–जाति, वर्ग, क्षेत्र, लिङ्ग, भाषा, संस्कृति, सक्षमता, धर्म र समुदायलाई समान सम्मान, हैसियत, अवसर तथा न्यायको प्रत्याभूति गराउनु हो । देशको मूल कानुनका रूपमा रहेको संविधानले पनि यही भावना आत्मसात् गर्दै सबै नागरिकमा अपनत्व, सहभागिता र न्यायको अनुभूति दिलाउनु आफ्नो कर्तव्य ठान्दछ ।

नेपालको संविधान, २०७२ ले संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास, समावेशिता तथा सामाजिक न्यायका दिशामा महत्त्वपूर्ण उपलब्धिहरु हासिल गरेको भए तापनि आदिवासी जनजाति समुदायका केही मौलिक सवाल, अधिकार तथा पहिचानसम्बन्धी विषयहरु अझै पनि पूर्ण रूपमा सम्बोधन हुन नसकेको विषय विभिन्न अध्ययन, बहस तथा अनुभवहरूले औँल्याउँदै आएका छन् । विशेषगरी आदिवासी जनजातिहरूको आत्मनिर्णय, पहिचान, भूमि तथा प्राकृतिक स्रोतसाधनमाथिको अधिकार, समानुपातिक सहभागिता, भाषा तथा संस्कृतिको संरक्षण र प्रवर्द्धनलगायतका विषयहरूमा संविधानको कार्यान्वयन तथा आवश्यक सुधारका सम्बन्धमा निरन्तर विमर्श हुँदै आएको छ ।

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको स्थापना नै आधुनिक नेपालको निर्माण प्रक्रियासँगै राज्यका विभिन्न कानुनी, संरचनागत तथा नीतिगत व्यवस्थाहरूका कारण ऐतिहासिक रूपमा पछाडि पारिएका आदिवासी जनजाति तथा अन्य सीमान्तीकृत समुदायहरूको भाषिक, सांस्कृतिक, सामाजिक, आर्थिक तथा राजनीतिक उत्थान र विकास गर्ने उद्देश्यले भएको हो । प्रतिष्ठान ऐन, २०५८ अनुसार स्थापित यस संस्थाले आदिवासी जनजातिहरूको हक, हित, पहिचान, भाषा, संस्कृति तथा परम्परागत ज्ञानको

संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्दै उनीहरूको राष्ट्रिय विकासको मूलप्रवाहमा समान र सम्मानजनक सहभागिता सुनिश्चित गर्ने लक्ष्य लिएको छ । यस दृष्टिले आदिवासी जनजातिका अधिकार, विशिष्ट सामुहिक पहिचान, आत्मनिर्णय सहितको स्वायत्तता र प्रथाजनित स्वशासन, भूमि, भूक्षेत्र तथा स्रोत, स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरी लगायतका सामुहिक अधिकार तथा न्यायसँग सम्बन्धित विषयमा गरिने अध्ययन, अनुसन्धान र प्रकाशनहरू प्रतिष्ठानको मूल मर्म र भावनासँग प्रत्यक्ष रूपमा जोडिएका छन् ।

यिनै सन्दर्भहरूलाई गहिराइपूर्वक अध्ययन गरी संविधान निर्माता वा संशोधनकर्ता, सरकार, सांसद, नीति निर्माता, न्यायमूर्ति, राजनीतिक दल, नागरिक समाज, अध्येता, अभियन्ता, सरोकारवाला, अधिकारवाला आदिवासी जनजातिहरूलाई तथ्यमा आधारित जानकारी उपलब्ध गराउने उद्देश्यले आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले वरिष्ठ समाजशास्त्री डा. कृष्ण भट्टचन तथा अधिवक्ता शंकर लिम्बूबाट "आदिवासीहरूको सन्दर्भमा नेपालको संविधान, २०७२ मा सुधार" विषयक प्राज्ञिक अध्ययन अनुसन्धान सम्पन्न गराएको थियो । उक्त अध्ययनले संविधान र आदिवासी जनजाति अधिकारबीचको सम्बन्धलाई विश्लेषण गर्दै भविष्यमा आवश्यक सुधारका सम्भावित मार्गहरू प्रस्तुत गरेको छ ।

यस महत्त्वपूर्ण अध्ययन कार्यलाई अघि बढाउन तत्कालीन उपाध्यक्ष श्री गोकुल प्रसाद घर्ती, तत्कालीन सदस्यसचिव श्री कमल प्रसाद राजबंशी तथा अनुसन्धान अधिकृत सरिना गुरूङले पुऱ्याउनुभएको योगदान विशेष रूपमा स्मरणीय र प्रशंसनीय छ । त्यसपछिका उपाध्यक्ष श्री रेसम गुरूङ तथा सदस्यसचिव श्री ज्ञानेन्द्र पुनले उक्त अध्ययनमा आधारित रहेर नेपाल प्रज्ञा प्रतिष्ठानसंगको सहकार्यमा संविधानमा सुधार विषयक राष्ट्रिय गोष्ठिको आयोजना भएको थियो, तथा यस्लाई प्रकाशनमार्फत व्यापक पाठकमाझ पुऱ्याउन विशेष जोड दिनुभएको थियो । उहाँहरूको दूरदर्शिता, प्रतिबद्धता तथा संस्थागत नेतृत्वले यस प्रकारको गहन विषयमा अनुसन्धानलाई प्रकाशनसम्म पुऱ्याउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

लोकतन्त्रको स्थायित्व केवल निर्वाचन प्रक्रियाबाट मात्र सुनिश्चित हुँदैन, राज्यप्रति सबै समुदायको सम्मान, विश्वास र अपनत्वको भावना सुदृढ

हुन आवश्यक हुन्छ । जब संविधानले सबै समुदायका आकांक्षा, पहिचान र अधिकारलाई न्यायोचित रूपमा सम्बोधन गर्दछ, तब मात्र नागरिक र राज्यबीचको सम्बन्ध अझ सुदृढ बन्छ । यस दृष्टिले समयानुकूल संविधानको समीक्षा तथा आवश्यक संशोधन लोकतान्त्रिक समाजको स्वाभाविक र सकारात्मक प्रक्रिया हो ।

यस पुस्तकमा प्रस्तुत विचार, विश्लेषण तथा सुझावहरूले आदिवासी जनजाति समुदायका अधिकारसम्बन्धी बहसलाई थप समृद्ध बनाउने, नीति निर्माण प्रक्रियामा सकारात्मक योगदान पुऱ्याउने तथा संघीय, प्रदेश र स्थानीय तहका जनप्रतिनिधिहरू, अनुसन्धानकर्ता, विद्यार्थी, नागरिक समाज तथा सरोकारवाला निकायहरू, अहिलेको सन्दर्भमा संविधान संशोधन बहसपत्र तयार गर्ने कार्यदल–२०८२ र संविधान संशोधन गर्ने कर्तव्यपालक सङ्घीय तथा प्रदेश संसदका लागि उपयोगी सन्दर्भ सामग्रीका रूपमा काम गर्ने विश्वास लिएको छु । साथै, यो पुस्तक प्रतिष्ठानको स्थापना उद्देश्यअनुरूप आदिवासी जनजातिहरूको भाषिक, सांस्कृतिक, आर्थिक तथा राजनीतिक उत्थानका लागि आवश्यक नीतिगत सुधार, संवैधानिक बहस र अधिकार मुखी दृष्टिकोणलाई थप सशक्त बनाउन सहयोगी सिद्ध हुनेछ भन्ने अपेक्षा गरिएको छ । विशेषतः आदिवासी जनजातिहरूको हक, हित, पहिचान तथा सहभागिताका सवालहरू राज्यको नीति तथा निर्णय प्रक्रियाको केन्द्रमा स्थापित गर्न यस प्रकाशनले महत्त्वपूर्ण बौद्धिक आधार प्रदान गर्ने विश्वास लिएको छु ।

अन्त्यमा, यस महत्त्वपूर्ण कृतिका लेखकद्वयप्रति हार्दिक धन्यवाद व्यक्त गर्दै पुस्तक प्रकाशन प्रक्रियामा प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण महानुभावहरूप्रति कृतज्ञता प्रकट गर्दछु । यस पुस्तकले समावेशी, न्यायपूर्ण, बहुलतावादी तथा समानतामूलक तथा मानव अधिकारलाई सम्मान गर्ने नेपालको निर्माणमा सार्थक योगदान पुऱ्याउने विश्वास व्यक्त गर्दछु ।

असार, २०८३

**राम कुमार मादेन**
निमित्त प्रमुख

# विषयसूची

प्रकाशकीय

१. परिचय ........ १

२. आदिवासीहरूको सन्दर्भमा नेपालको संविधान, २०७२:
सुधार एजेण्डा र प्रस्ताव –अधिवक्ता शंकर लिम्बू ........ ५

विषय प्रवेश ........ ५

किन आवश्यक छ २०७२ को संविधानमा सुधार ? ........ ८

के पुनरावलोकनसम्बन्धी संविधानको व्यवस्थाले
संविधान सुधारमा निर्देश गर्छ ? ........ १९

संविधान सुधारमा आदिवासीहरूको सहभागिताको आवश्यकता ........ २०

संविधानमा समस्या, संविधान परिमार्जन वा
संशोधनका परिसीमा ........ २२

संविधान संशोधन गर्नुपर्ने प्रावधानअनुसारको विश्लेषण ........ २३

निष्कर्ष ........ ४६

सन्दर्भ सामग्री ........ ४६

३. नेपालको संविधानमा सुधारको सन्दर्भमा आदिवासी तथा
इन्टरसेक्सनालिटीको अधिकार सम्बन्धमा सिक्नुपर्ने विश्वका
असल अभ्यास र सुधारको प्रस्ताव –डा. कृष्ण भट्टचन ........ ५१

परिचय ........ ५१

आदिवासी तथा इन्टरसेक्शनालिटीको अधिकार
सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी आधार ........ ५६

विश्वका विभिन्न देशहरूका संविधानमा आदिवासी
तथा इन्टरसेक्शनालिटीको अधिकार प्रत्याभूतिको
असल अभ्यास ........ ६८

संविधान मूल्याङ्कन उपकरणमा आदिवासीको
अधिकारसम्बन्धी कार्यपुस्तकको कसीमा नेपालको
संविधान, २०७२ ........ ९४

नेपालको संविधानमा गर्नुपर्ने सुधारको लागि प्रस्ताव ........ ९८

सन्दर्भ सामग्रीहरू ........ ११६

परिशिष्ट ........ १२३

परिशिष्ट १. सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री सुष्मालता माथेमा
माननीय न्यायाधीश डा. श्री कुमार चुडाल ।
आदेश ०७४-WO-००५३ । विषयः- परमादेश, प्रतिक्षेत्रसमेत ........ १२३

# १ परिचय

तत्कालीन प्रधानमन्त्रीले नेपाली कांग्रेस र नेकपा एमालेबिच सत्ता सहकार्यका लागि भएको ७ बुँदे सहमतिपत्र साउन ६, २०८१ मा भएको प्रतिनिधिसभाको बैठकमा सार्वजनिक गरेको थियो । उक्त सहमतिपत्रको दोश्रो बुँदामा 'राष्ट्रिय सहमतिको सरकारले संविधान लागू भएपश्चात् अभ्यासमा देखा परेका सबल पक्ष र दुर्बल पक्ष तथा जटिलताको समीक्षा गरी राजनीतिक स्थायित्वका लागि संविधानमा आवश्यक संशोधन र तदनुकूलको कानुन निर्माणलाई प्राथमिकता दिने'[1] भनेकोले आदिवासीहरूको सन्दर्भमा नेपालको संविधान, २०७२ मा सुधार गर्ने सम्बन्धमा अनुसन्धान गरेर आदिवासीको दृष्टिकोण सार्वजनिक बहसमा ल्याउने आवश्यकता देखिएअनुसार यो अध्ययन अनुसन्धान भएको हो । उक्त दुई दलको गठबन्धन सरकार बनेपछि संविधान संशोधनको कुनै पाइला चालेनन् ।

२३ भदौ २०८२ को ऐतिहासिक जेनजी आन्दोलनपछि तत्कालीन सरकार ढलेर अन्तरिम सरकारले प्रतिनिधिसभाको निर्वाचन २१ फागुनको लागि सार्वजनिक गरेको बाचा-पत्र २०८२ को बुँदा १० मा यस्तो उल्लेख छः

'सरकार सम्हालेको तीन महिनाभित्र राष्ट्रिय सहमति कायम गर्ने हेतुले संविधान संशोधनका प्रस्तावहरूबारे 'बहस-पत्र' तयार गर्नेछौं । राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट प्रारम्भिक छलफलका लागि पेश हुने विषयमा निम्न

1 https://ekantipur.com/news/2024/07/21/the-7-point-agreement-between-congress-and-uml-was-announced-by-prime-minister-oli-37-09.html

अवधारणा न्यूनतम पर्नेछन्ः प्रत्यक्ष निर्वाचित कार्यकारी, पूर्ण समानुपातिक संसद्, सांसद मन्त्री नहुने व्यवस्था, गैर–दलीय स्थानीय सरकार र सुधारिएको प्रादेशिक स्वरूप ।'[2]

निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीले लगभग दुई तिहाई बहुमतले जितेर एकमना सरकार बनाएपछि जारी गरेको सुशासन मार्गचित्र, तथा नेपाल सरकार, मन्त्रीपरिषद्को मिति २०८२ चैत्र १३ को बैठकबाट स्वीकृत शासकीय सुधारसम्बधी एक सय कार्य सूचीहरूको बुँदा ४ मा 'देशको दीर्घकालीन राजनीतिक तथा संस्थागत सुधार, निर्वाचन प्रणाली लगायतका विषयमा संविधान संशोधनसम्बन्धी विषयहरूमा राष्ट्रिय सहमति निर्माण गर्न प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले सात दिनभित्र संविधान संशोधन बहस–पत्र तयार गर्न कार्यदल गठन गर्ने तथा उक्त बहस प्रक्रियालाई सहभागीमूलक, पारदर्शी र तथ्यमा आधारित बनाउने' भन्ने उल्लेख छ ।[3] संविधान संशोधनको लागि बहस–पत्र तयार गर्ने बाचा गरेअनुसार चैत्र १६ गते बसेको मन्त्रीपरिषद्को बैठकले प्रधानमन्त्रीको राजनीतिक सल्लाहकार असीम शाहको संयोजकत्वमा संविधान संशोधनको लागि बहस–पत्र तयार गर्न जिम्मा दिएको छ ।[4] संविधान संशोधनको लागि प्रतिनिधिसभा, राष्ट्रिय सभा र प्रदेश सभाहरूबाट दुई तिहाई बहुमत प्राप्त गर्नुपर्ने भएकोले संविधान संशोधनको लागि सार्वजनिक बहस सघन हुने र त्यस्तो बहसमा आदिवासीको दृष्टिकोण प्रष्ट पार्न उपयोगी हुने देखिन्छ ।

यो पुस्तक आदिवासीहरूको सन्दर्भमा नेपालको संविधान, २०७२ मा सुधारमा दुई वटा परिपूरक लेख छन्– एउटा अधिवक्ता शंकर लिम्बूको र अर्को डा. कृष्ण भट्टचनको । दुवै लेखमा यस सम्बन्धमा विस्तृत व्याख्या तथा विश्लेषण तथा उहाँहरूले आवश्यक सुधारको प्रस्ताव राख्नुभएको छ ।

शंकर लिम्बूले आफ्नो लेखमा नेपालको संविधान २०७२ मा आदिवासीहरूको सन्दर्भमा संविधानका मौलिक हक, राज्य संरचना, न्याय क्षेत्रमा सुधार

2 https://api.rspnepal.org/manifesto/download

3 https://gorkhapatraonline.com/news/198574

4 https://annapurnapost.com/story/497049/

गर्नुपर्ने क्षेत्रहरू पहिचान गर्नुभएको छ । संविधान जारी हुँदाको प्रक्रियामा आदिवासीको अर्थपूर्ण सहभागितामा भएको कमजोरी, त्यसले संविधानलाई हेर्ने दृष्टिकोण तथा यसको स्वामित्वमा नै गहिरो प्रश्न उठेकोमा विगतका सरकार र पछिल्लो सरकारले संविधान संशोधनको एजेण्डा ल्याएको परिस्थिति साथै संविधानवाद, बहुसांस्कृतिक लोकतान्त्रिक मुलुकमा संविधानहरूको अभ्यास, नेपाल पक्ष रहेका अन्तर्राष्ट्रिय मानव अधिकार अनुगमन संयन्त्रहरू; जसमा 'सर्ड', 'सिड' लगायतले गरेको सिफारिस तथा आदिवासीहरूले वास्तवमै संविधानको व्यवस्थाले सिर्जित विभेदका विषयलाई संविधान सुधारमार्फत सम्बोधन गर्ने विषयलाई समेट्नुभएको छ । वस्तुतः संविधान वा कानून संशोधनका तीन महले ढाँचामा प्रचलित आदिवासी सम्बन्धित, प्रत्यक्ष वा परोक्ष सरोकार रहने प्रावधानहरू खास गरी मौलिक हक, राज्य संरचनामा आदिवासीको सहभागिता, आदिवासी महिला तथा अपाङ्गता भएका आदिवासीहरूको हक न्यायपालिकाको विषयबारे सुधारका प्रस्ताव हुनुपर्ने प्रावधान र कारण तालिकाहरूमा देखाउनुभएको छ । यसबाट संविधान सुधारमा जिम्मेवार पक्ष, अधिकारवाला आदिवासी र अन्य सरोकारवालालाई सहयोग पुग्ने देखिन्छ ।

डा. कृष्ण भट्टचनको लेख नेपालको संविधानमा सुधारको सन्दर्भमा आदिवासी तथा इन्टरसेक्शनालिटी Intersectionality (अन्तरछेदित) को अधिकार सम्बन्धमा सिक्न पर्ने विश्वका असल अभ्यास र सुधारको प्रस्तावले एकातिर शंकर लिम्बूको लेखमा उठाइएका विषयका सम्बन्धमा, विशेष गरी तीन महले अर्थात् संविधान सुधार गर्नुपर्ने प्रावधान, हुनुपर्ने प्रावधान र कारण लगायतको पृष्ठभूमि तथा आदिवासीको अधिकार सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी आधार, आदिवासीको राजनीतिक संरचना तथा राजनीतिक अधिकार सम्बन्धमा विश्वमा भएका असल अभ्यासहरू, विश्वका विभिन्न देशहरूका संविधानमा आदिवासी तथा इन्टरसेक्शनालिटीको अधिकार प्रत्याभूतिको असल अभ्यास, संविधान मूल्याङ्कन उपकरणमा आदिवासीको अधिकारसम्बन्धी कार्यपुस्तकको कसीमा नेपालको संविधान, २०७२ परिपूरक पनि हो । अधिवक्ता शंकर लिम्बूले राख्नुभएको सुधारको प्रस्ताव न्यूनतम हो भने डा. कृष्ण भट्टचनले राख्नुभएको प्रस्ताव विश्व समुदायमा प्रचलित संवैधानिक

व्यवस्थाको मापदण्डभित्रको हो ।[5] डा. भट्टचनले नश्लीय भेदभाव हेर्ने समिति (सर्ड कमिटी)ले नेपालको संविधान, २०७२ संविधान सभाको निर्माण गर्दा जारी गरिएको अग्रिम चेतावनीमा राज्य पक्ष नेपाललाई संविधानले आदिवासीहरूलाई प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभाव पार्ने भएकोले नेपाल पक्ष रहेको अन्तर्राष्ट्रिय कानूनहरु, विशेष गरी युएनड्रिप, आइएलओको महासन्धि नं. १६९ लगायतको आधारमा संविधान निर्माणको कार्यमा आदिवासीको छुट्टै विषयगत समिति बनाएर, आदिवासीको प्रथा परम्पराअनुसार आफैले छनोट गरी प्रत्यक्ष प्रतिनिधित्व तथा आदिवासीहरूबाट स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी (एफपिक) प्राप्त गर्न एफपिकको संयन्त्र बनाउन गरेको सिफारिस अहिले संविधान संशोधन गर्न होस् वा भविष्यमा नयाँ संविधान निर्माण गर्दा होस्, सबै अवस्थामा बाध्यात्मक छ भन्ने उल्लेख गर्नुभएको छ ।

यो दुवै अनुसन्धानात्मक लेखमा कानूनी दृष्टिबाट आदिवासीहरूका सवाल, समस्या र सामाजिक न्याय तथा विश्व समुदायमा प्रचलित संविधानका सम्बन्धमा आदिवासीको अधिकारसम्बन्धी असल अभ्यासमा केन्द्रित भएकोले हाल संविधान संशोधन वा भविष्यमा हुने पुनर्लेखनको सन्दर्भमा बहस-पत्र तयार गर्ने समिति, संसद्, सरकार, राजनीतिक दल, सरोकारवाला र अधिकारवाला आदिवासी लगायतको लागि उपयोगी हुने छ ।

5 यो पुस्तकमा भएको दुवै लेखको मस्यौदालाई अन्तिम रूप दिनु अघि आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले नेपाल प्रज्ञा-प्रतिष्ठानसँग सहकार्य गरेर 'नेपालको संविधान २०७२ : आदिवासी जनजातिको सवाल' विषयमा अध्ययन प्रतिवेदनबारे छलफल कार्यक्रमको आयोजना ५ नोभेम्बर २०२५ (कार्तिक १९ २०८२) गरेकोमा टिप्पणीकर्ता र सहभागीहरूको टिप्पणी तथा सुझावलाई सकेसम्म समेटिएको छ ।

आदिवासीहरूको
सन्दर्भमा नेपालको संविधान, २०७२:

# सुधार एजेण्डा र प्रस्ताव

❑ अधिवक्ता शंकर लिम्बू

## विषय प्रवेश

नेपालको संविधान, २०७२ लागू भई कार्यान्वयन चरणमा भएको १० वर्ष पुगेको छ । संविधानले व्यवस्था गरेका आदिवासी आयोग लगायतका संवैधानिक भनिएका आयोगहरु १० वर्ष पुगेपछि संघीय संसद्ले पुनरावलोकन गर्ने भनिएको छ । यस अवधिमा संविधान दुई पटक संशोधन भइसकेको छ ।[6]

संविधान संशोधनको आवाज संविधान जारी हुँदादेखिकै हो । अमेरिकाको संविधान संशोधनको सन्दर्भमा सर्वोच्च अदालतले आफ्ना व्याख्याको अधिकार क्षेत्र प्रयोग गरी संविधानको धाराहरूमा दिनदिनै संशोधन गर्दछ भन्ने भनाइ पनि छ । जसले अमेरिकी संविधानलाई 'जीवन्त दस्तावेज' (Living Document) भन्ने विशेषण पनि दिइने गरिन्छ । यस्तो व्यवस्थाले संविधानको जीवन कति रहने भन्ने तय गर्दछ । समाज जसरी चलायमान र परिवर्तनशील छ, कानून खास गरी संविधान पनि त्यसरी नै गतिशील हुन जरूरी छ । संविधान लेख्ने र संशोधन गर्ने शक्ति जनतामा निहित हुन्छ भनी (Constituent Power vested upon People) संविधानका विधिशास्त्रले मान्दछ । त्यसैले जनताको चाहना, समस्या, सवाल खासगरी सामाजिक न्यायको सिद्धान्तबाट हेर्ने हो भने आदिवासी नागरिक र विभेदमा परेकाहरूको न्याय दिने मूल मर्ममा संविधान परिमार्जन र संशोधन वा पुनर्लेखन गरिनुपर्दछ ।

6 पहिलो संशोधन २०७२।६।३ र दोस्रो संशोधन २०७७।३।४

नेपालको संविधानको कार्यान्वयनले आम जनताको जीवनमा खासै सुधार ल्याएको तथ्यहरूले देखाउँदैन । बौद्धिक पलायन, उर्जाशील युवा शक्तिहरूको वैदेशिक रोजगारीमा दैनिक पलायन, श्वेतग्रिवी अपराध (White-Collar Crime), भ्रष्टाचारले जनता आक्रान्त बनेकै समयमा जेन्जी आन्दोलनले नेपाली कांग्रेस र नेकपा एमालेको मिलिजुली सरकार ढल्न पुग्यो । भदौ २३ गतेको शान्तिपूर्ण आन्दोलनमा ओली सरकारबाट चलाइएको गोलीले २१ असोज २०८२ सम्म ७६ जनाको मृत्यु भएको छ । यस घटना मानव अधिकारको चरम उल्लङ्घन भएको छ । आन्दोलनमा भएको घटनाबारे सर्वोच्च अदालतको पूर्व न्यायाधीश गौरीबहादुर कार्कीको अध्यक्षतामा गठन भएको न्यायिक जाँचबुझ आयोग गठन भए पनि २३ गतेको घटनाबारे कसरी हेर्छ प्रष्ट भएको छैन । यसबारे मानव अधिकार आयोगले कसरी हेर्छ त्यसमा पनि महत्वपूर्ण अर्थ रहने देखिन्छ । सरकार तथा जेन्जी आन्दोलनकर्ताबिच भएको सम्झौतामा संविधानको संशोधनको विषय पनि समावेश छ ।

संविधानको धारा ६१ प्रयोग गरेर गैरदलीय स्वतन्त्र तर आ–आफ्ना क्षेत्रबाट योगदान पुर्‍याई समाजमा चर्चितहरूलाई मन्त्रीमण्डलमा राखेर पूर्व प्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा जेन्जीहरूको सुझावमा सरकार बनेको छ । यो सरकार वर्तमान संविधान भित्रैबाट कि बाहिरबाट भन्ने प्रश्नहरु पनि उठेका छन् । सरकारलाई संविधानले नचिन्ने भनी मुद्दाहरु परेका छन् ।

यस संविधानको सुधार (संशोधन, पुर्नलेखन, पुनरावलोकन) विषय लागू भएकै समयदेखि उठ्दै आएको हो । पहिलो संविधान सभाका समितिहरूले आफ्ना कार्यनिर्देश अनुरूप अवधारणा पारित गरी संविधानमा रहने अधिकांश प्रावधानहरूमा सहमति कायम भइसकेको थियो ।[7] केही विषयहरूमा सहमति कायम गराउन पर्ने बाँकी रहेको अवस्थामा श्री सर्वोच्च अदालतको फैसलाले संविधान सभाको आयु तोकी दिनु र त्यही निहुँमा संविधान सभाको बैठक नै नबसाई संविधान सभाको आयु समाप्त गरिएको थियो । दोस्रो संविधान

7 https://asd.org.np/wp-content/uploads/2014/10/constitutional-comittee-asahamati.pdf

सभाको गठनपश्चात् पहिलो संविधान सभामा सहमति भएका विषयहरु करिब ८०% लाई संविधानमा राखिने भनिए तापनि, जनतासँग गरिएका परामर्शमा आएका सुझावहरु समेट्ने भनिए तापनि ती सहमति र जनताका सुझावलाई संविधान जारी गर्दा बिलकुल समेटिएनन् । यसका कारण संविधानले ऐतिहासिक अन्याय, संरचनागत विभेद, प्रणालीगत बहिष्करणमा परेका ३५% आदिवासी जनजातिहरूका समस्या, सवाल र पीडा निरन्तर रही रह्यो । समानता, समन्याय, समानअधिकार, राज्यका संरचनाहरूमा अर्थपूर्ण सहभागिता, राज्यका स्रोत र साधनमा समान पहुँच हुने अवस्था नै सिर्जना भएन । सारमा २०७२ को संविधानले आदिवासीहरूको ऐतिहासिक अन्याय, संरचनागत र प्रणालीगत विभेद र बहिष्करण गरेको छ ।

नेपालले हस्ताक्षर गरी पक्ष बनेका अन्तर्राष्ट्रिय कानूनहरु तथा यसका अनुगमन समितिहरूले संविधान संशोधनका सिफारिस (सिड समितिको सिफारिस, सिर्ड समितिको सिफारिस, आदिवासी अधिकार हेर्ने विशेष समाधिक्षक सिफारिस) कार्यान्वयन गर्न बाँकी नै छ । यसै सन्दर्भमा, सम्माननीय प्रधानमन्त्रीले संसद्मा सम्बोधन गर्दै 'संविधानको सबल र दुर्बल पक्षलाई समीक्षा गर्दै राजनीतिक स्थायित्व समेतलाई ध्यानमा राखी संविधान संशोधन गर्ने' सवाल प्रस्तुत गर्नुभएको छ । हुन त आदिवासीहरु संविधान र कानूनमा मान्यता दिइएको मात्र होइन, आदिवासीका विषयमा संविधान र कानूनमा केही प्रावधानहरु छन् । यद्यपि ती व्यवस्थाहरु प्रभावकारी रूपमा कार्यान्वयन हुन स्वयम् प्रावधानहरूमा सुधार नगरिए कागजमा मात्र सीमित हुने अवस्था छ । अर्कोतर्फ, संविधानमा आदिवासीहरूको तर्फबाट संविधानमा के, कस्तो सुधार गर्नुपर्ने भन्ने सन्दर्भमा प्रर्याप्त अध्ययन अनुसन्धान भएको पाइन्न ।

यो लेखमा नेपालको संविधान २०७२ को संविधानमा भएको आदिवासी जनजाति नागरिकलाई भएको विभेद, बहिष्करण, सीमान्तकरण लगायतका विषय के कस्ता छन् ? आदिवासीहरूको अधिकारसहितको सम्मानित जीवन बाँच्न पाउने अवस्था सुनिश्चित गर्ने संविधान सुधारका क्षेत्र के-के छन् ? मुलुकको ३५.७८% जनसङ्ख्या ओगट्ने आदिवासीको संविधानको आधार भूत विशेषता समावेशी, संघीयता, धर्म निरपेक्षता, विधिको शासन, मानव

अधिकारका निकायहरूले संविधान संशोधनबारे गरेका सिफारिस, विशेष गरी महिलाविरूद्ध हुने भेद्भाव उन्मूलन गर्ने समिति (सिड समिति) तथा विश्वव्यापी आवधिक समीक्षा (युपिआर)) अनुरूप संविधानलाई न्यायिक र आदिवासीको यसमा स्वामित्व निर्माण के, कसरी गर्ने सम्बन्धमा केन्द्रित छ ।

यो लेख विविशास्त्रहरूमध्ये मूलतः आदिवासीको आधारबाट अध्ययन, व्याख्या तथा विश्लेषण गरिएको छ । डेस्क अध्ययन अन्तर्गत आदिवासीहरूको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानूनहरु, विशेष गरी आदिवासीको अधिकारसम्बन्धी संयुक्त संयुक्त राष्ट्र सङ्घको घोषणा–पत्र (युएनड्रिप), २००७ र आदिवासी जनजातिका अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९, सिड समितिको आदिवासी महिला तथा किशोरीहरूको अधिकारसम्बन्धी आधारभूत सिफारिस नं. ३९ (सिड जिआर नं. ३९), सर्ड तथा राज्य पुनर्संरचनाका सम्बन्धमा संविधान सभाको सिफारिसहरु तथा अन्तर्राष्ट्रिय अभ्यासको आधारमा व्याख्या, विश्लेषण गरी प्रस्ताव तयार गरिएको छ । फोकस ग्रुप (लक्षित समूह) साथै यस सम्बन्धमा सांसद, कानूनवेत्ता, आदिवासी संघ–संस्थाका विज्ञहरु तथा प्रथाजनित स्वशासन पद्धतिका पाकाहरूसँग केही फोकस ग्रुप छलफलबाट प्राप्त जानकारीहरूलाई पनि समेटिएका छन् । मस्यौदा प्रतिवेदनबारे केही राष्ट्रिय र अन्तर्राष्ट्रिय विज्ञहरूसँग प्राप्त सुझावहरूलाई पनि समेटिएका छन् । यस सन्दर्भमा वि.सं. २०८२ असोज १९ नेपाल प्रज्ञा–प्रतिष्ठान कमलादीमा आदिवासी संघसंस्थाका प्रतिनिधिहरु, सम्बन्धित क्षेत्रका विज्ञहरूसँग यस अध्ययनको अन्तिम मस्यौदामाथि व्यापक छलफल गर्दा अन्तरक्रियाबाट आएका सुझावहरूलाई समावेश गरिएको छ ।

यो अनुसन्धानात्मक लेख कानूनी दृष्टिबाट आदिवासीहरूको सवाल, समस्या र सामाजिक न्यायलाई ध्यान दिई संविधान संशोधनको सन्दर्भमा संसद्, सरकार र आदिवासी जनजातिहरूको लागि उपयोगी हुने छ ।

## किन आवश्यक छ २०७२ को संविधानमा सुधार ?

नेपालको संविधान लेखनको पृष्ठभूमि विविधताको जनता वा समुदायको नभई केही सीमित जातीय प्रभुत्व रहने गरेको इतिहास छ । वर्तमान पनि

त्यसबाट अछुतो देखिँदैन । नयाँ संविधान निर्माणमा पनि अमेरिकी संविधान लेख्दा जसरी गोरा जातिहरूको वर्चश्व थियो, त्यस्तै एकल नस्ल (खस–आर्य) को नै निर्णायक भूमिका थियो भन्ने तथ्यगत रूपमै देखिन्छ । खासगरी तीन पक्ष १) संविधान सभाको बनावट २) संविधान निर्माण प्रक्रिया र ३) संविधानका अन्तर्वस्तु नस्लीयताको जालबाट ग्रस्त छन् । यद्यपि आदिवासी समुदायका संविधान सभा सदस्यहरु नभएका होइनन्, तर उनीहरूको सहभागिताको निम्ति सहभागिताजस्तो मात्र रह्यो । उनीहरु सम्बन्धित पार्टीहरूको व्हिपका कारण हो वा क्षमताका कारण अर्थपूर्ण सहभागिता हुन नसक्नु अध्ययनकै विषय छन् ।

पहिलो संविधान सभा केही हदसम्म एकल नश्लीय नियन्त्रण बाहिर थियो । आफ्ना मुद्दामा ४ सय २१ जना आदिवासी र मधेसी सभासदको गठबन्धन भएपछि नै पहिलो संविधान सभा विघटन गरिएको थियो । २०६८ मङ्सिर १० गते एक वर्षे समयसीमा तोकेर म्याद थप्न रोक्ने गरी सर्वोच्च अदालतले गरेको फैसलाले विघटनको आधार तयार गरिदिएको थियो । दोस्रो संविधान सभाको संरचना हेर्दा धेरै कुरा छर्लङ्ग हुन्छ । त्यस सभामा सर्वोच्च अदालतको फैसला र संयुक्त संयुक्त राष्ट्र सङ्घीय मानव अधिकार निकायको सिफारिसअनुसार आदिवासीको स्वतन्त्र सहभागितालाई वर्जित गरिएको थियो । मूलधारका पार्टीले पहिचानको कुरा उठाउनेलाई भन्दा विरोध गर्ने आदिवासी समुदायका व्यक्तिलाई टिकट दिइएको थियो । र, निर्वाचनमा सेनाको संलग्नता बढाएर योजनाबद्ध तरिकाले एकल नश्लीय नियन्त्रणलाई संविधानमा कायम राखिएको थियो ।

बाहिर देखिँदा तत्कालीन राजनीतिक पार्टीहरु, खासगरी नेपाली कांग्रेस, नेकपा एमाले, एकीकृत माओवादी र राजावादी राप्रपा फरक–फरक राजनीतिक पृष्ठभूमि र विचार–सिद्धान्तका देखिन्थे । देखावटी 'भिन्नता'का बावजुद ती पार्टीका उच्च नेताहरूले एक भएर संविधान जारी गरेका थिए । किनभने ती सबै नेताहरु एकै नश्लका थिए । यो संयोग मात्रै थिएन, खस–आर्य नश्लीय राज्यसंरचना र हिन्दू वर्णव्यवस्थाले बनाएको सामाजिक बनावट/व्यवहारको अनिवार्य परिणाम थियो । त्यसैले पहिलो संविधान सभाले गरेका कामको स्वामित्व लिने भनिए तापनि आदिवासीको पहिचान र

अधिकारलाई रद्दीको टोकरीमा फालियो । ३८ प्रतिशत आदिवासी सम्बन्धित संशोधन प्रस्ताव राख्ने सभासदलाई जबर्जस्ती फिर्ता गर्न लगाइयो ।

संविधानमा अधिकार पर्नुपर्छ भनी आन्दोलन गर्दा मधेसी र थारु जनतालाई घातक हतियार प्रहार गरी ५७ भन्दा बढी नेपालीको प्राण हरण गरियो । अहिले पनि हजारौं मधेसी र आदिवासीहरूले झुठा मुद्दामा जेल सजाय भोगिरहेका छन् ।

नब्बेको दशकपछि संसारमै संविधान निर्माणको प्रमुख राष्ट्रिय कार्यसूची 'ढिला गरी भएको राष्ट्र निर्माण प्रक्रिया' (Belated Nation Building Process) लाई बनाइएको देखिन्छ ।

नेपालको सन्दर्भमा पनि इतिहासले अन्याय गरेका आदिवासी, मधेसी, दलित, मुस्लिम लगायत विभेदमा परेका आम जनता स्वयम्ले संविधान बनाएर पूर्ण राष्ट्र निर्माण गर्ने तथा राष्ट्र र जनता एक ढिक्का हुने सुनौलो अवसर थियो । यसरी संविधान लेखिएको भए संविधानमाथि स्वामित्वको प्रश्न उठ्ने नै थिएन, न त अनेक प्रपञ्च रच्नु नै जरूरी हुन्थ्यो । जबकि संविधान जारी हुनासाथ निरंकुश शैलीमा राज्यको ढुकुटी खर्चेर संविधानको पक्षमा दीपावली गराइयो । अर्कातिर, संविधानमाथि स्वामित्व र अपनत्व नपाएका मधेसी र आदिवासीहरूले संविधान जलाए ।[8] संविधानले खिचेको यस विभाजनलाई मेट्न र आदिवासीलाई न्यायको अनुभूति दिई संविधानमा स्वामित्व कायम गर्न संविधान सुधार गर्न आवश्यक छ ।

अर्कोतर्फ, २०७२ को संविधानका कतिपय प्रावधानहरूलाई अन्तरिम संविधान २०६३ सँग तुलना गरेर हेर्दा अग्रगमनबाट प्रतिगमनतर्फ गएको तलको तालिकाले देखाउँछ ।

---

8 https://www.ratopati.com/story/285854,

तालिका नं. १. अन्तरिम संविधान २०६३ र नेपालको संविधान २०७२ बिच निम्न मुख्य-मुख्य फरक

| विषय | २०६३ को अन्तरिम संविधानको व्यवस्था | २०७२ को संविधानको व्यवस्था | कैफियत |
|---|---|---|---|
| आधारभूत विशेषता (Basic Feature) | धर्म निरपेक्षता, संघीयता, समानुपातिक समावेशी र लोकतान्त्रिक गणतन्त्र | शर्तात्मक धर्म निरपेक्षता, संघीयता, समानुपातिक समावेशी र लोकतान्त्रिक गणतन्त्र, जनताको सार्वभौमसत्ता | शर्त थपी कमजोर वा अस्पष्ट प्रावधान बनाइएकोले कार्यान्वयनमा बाधा पर्ने वा संविधानको भावना विपरित व्याख्या हुन सक्ने |
| संविधान जारी गर्ने उद्देश्य (भावना) | वर्गीय, जातीय, क्षेत्रीय, लैंगिक समस्या समाधान गर्न राज्यको अग्रगामी पुनर्संरचना | (१) सामन्ती, निरंकुश, केन्द्रीकृत, एकात्मक राज्य व्यवस्थाले सिर्जना गरेको सबै प्रकारको विभेद र उत्पीडनको अन्त्य<br>(२) सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तको आधारमा समतामूलक समाजको निर्माण<br>(३) संघीय लोकतान्त्रिक गणतन्त्र | राज्य पुनर्संरचनामा संवैधानिक प्रतिबद्धता नदेखिएको |

| विषय | २०६३ को अन्तरिम संविधानको व्यवस्था | २०७२ को संविधानको व्यवस्था | कैफियत |
|---|---|---|---|
| नेपाली जनताले आफ्नो लागि आफै संविधान बनाउने | | संविधान सभाबाट जारी संविधान | संविधान सभामा श्री सर्वोच्च अदालतको निर्देशनात्मक आदेश र महासन्धि नं. १६९ र युएनड्रिपअनुसार आदिवासी जनजातिको स्वतन्त्र र अर्थपूर्ण सहभागिता नरहेको |
| नेपाल राज्य | धर्म निरपेक्ष, समावेशी, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य (धारा ४) | नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य<br>**स्पष्टीकरण :**<br>यस धाराको प्रयोजनको लागि' धर्मनिरपेक्ष' भन्नाले सनातनदेखि चलिआएको धर्म संस्कृतिको संरक्षण लगायत धार्मिक, सांस्कृतिक स्वतन्त्रता सम्झनुपर्छ । | धर्म निरपेक्ष राज्यमा शर्त समावेश गरी धार्मिक विभेद कायम गरेको । यद्यपि हिन्दू राष्ट्र भन्ने |

| विषय | २०६३ को अन्तरिम संविधानको व्यवस्था | २०७२ को संविधानको व्यवस्था | कैफियत |
|---|---|---|---|
| राष्ट्रभाषा | **धारा ५** (२) देवनागरी लिपिमा नेपाली भाषा सरकारी कामकाजको भाषा हुने छ ।<br>(३) उपधारा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय निकाय तथा कार्यालयमा मातृभाषा प्रयोग गर्न कुनै बाधा पुऱ्याएको मानिने छैन । त्यसरी प्रयोग गरिएको भाषालाई राज्यले सरकारी कामकाजको भाषामा रूपान्तर गरी अभिलेख राख्नेछ । | **धारा ७ :** सरकारी कामकाजको भाषा : (१) देवनागरी लिपिमा लेखिने नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हुने छ ।<br>(२) नेपाली भाषाका अतिरिक्त प्रदेशले आफ्नो प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई प्रदेश कानून बमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्ने छ ।<br>(३) भाषासम्बन्धी अन्य कुरा भाषा आयोगको सिफारिसमा नेपाल सरकारले निर्णय गरे बमोजिम हुने छ । | प्रदेश तहले मातृभाषा सरकारी कामकाजको रूपमा प्रयोग गर्ने गरी संघीय तहमा मातृभाषालाई बन्देज गरेको । |

| विषय | २०६३ को अन्तरिम संविधानको व्यवस्था | २०७२ को संविधानको व्यवस्था | कैफियत |
|---|---|---|---|
| सारभूत समानताको व्यवस्था | **तर**<br>महिला, दलित, आदिवासी जनजाति, मधेसी वा किसान, मजदुर वा आर्थिक, सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएको वर्ग वा बालक, वृद्ध तथा अपाङ्ग वा शारीरिक वा मानसिक रूपले अशक्त व्यक्तिको संरक्षण, सशक्तीकरण वा विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन । | तर सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारु, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस-आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन । | सामाजिक वा सांस्कृतिक दृष्टिले भन्ने शर्त राखिएको । |

| विषय | २०६३ को अन्तरिम संविधानको व्यवस्था | २०७२ को संविधानको व्यवस्था | कैफियत |
|---|---|---|---|
| | **(धारा १३ प्रतिबन्धात्मक व्यवस्था)**<br>**धारा ३१ (घ १)** मुलुकको राज्य संरचनाका सबै अङ्गहरूमा मधेसी, दलित, आदिवासी जनजाति, महिला, मजदुर, किसान, अपाङ्ग, पिछडिएका वर्ग र क्षेत्र सबैलाई समानुपातिक समावेशीको आधारमा सहभागी गराउने, | | |
| सम्पत्तिको मौलिक हक | **धारा १९** (३) वैज्ञानिक भूमिसुधार कार्यक्रम लागू गर्दा वा सार्वजनिक हितको लागि राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्दा वा त्यस्तो सम्पत्ति उपर कुनै अधिकारको सिर्जना गर्दा | **धारा २५** (३) उपधारा (२) बमोजिम सार्वजनिक हितका लागि राज्यले कुनै पनि व्यक्तिको सम्पत्ति अधिग्रहण गर्दा क्षतिपूर्तिको आधार र कार्यप्रणाली ऐन बमोजिम हुने छ । | जुन प्रयोजनको लागि सम्पत्ति अधिग्रहण गरेको हो, त्यस प्रयोजनमा प्रयोग नगरे सम्बन्धित धनीलाई फिर्ता गर्नुपर्ने साविकको कानूनी व्यावस्था वा न्याय विपरित |

| विषय | २०६३ को अन्तरिम संविधानको व्यवस्था | २०७२ को संविधानको व्यवस्था | कैफियत |
|---|---|---|---|
| | कानून बमोजिम क्षतिपूर्ति दिइने छ । क्षतिपूर्ति र सोको आधार र कार्य प्रणाली कानूनद्वारा निर्धारण गरिए बमोजिम हुने छ । | (५) उपधारा (३) बमोजिम राज्यले सार्वजनिक हितका लागि कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गरेकोमा त्यस्तो सार्वजनिक हितको सट्टा अर्को कुनै सार्वजनिक हितका लागि त्यस्तो सम्पत्ति प्रयोग गर्न बाधा पर्ने छैन । | |
| राज्य पुनर्संरचना | **धारा १३८. राज्यको अग्रगामी पुनर्संरचनाः** राज्यको अग्रगामी पुनर्संरचनाः राज्यको अग्रगामी पुनर्संरचनाः (१) वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्न राज्यको केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक संघीय शासन | **धारा ५६. राज्यको संरचना** : (१) संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने छ ।<br>(५) संघीय कानून बमोजिम सामाजिक सांस्कृतिक संरक्षण वा आर्थिक विकासका लागि विशेष, संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्न सकिनेछ । | आदिवासीहरूको चाहना बमोजिमको स्वायत्त प्रदेश नबनाइएको |

| विषय | २०६३ को अन्तरिम संविधानको व्यवस्था | २०७२ को संविधानको व्यवस्था | कैफियत |
|---|---|---|---|
| | प्रणालीसहितको अग्रगामी पुनर्संरचना गरिने छ ।<br>(१ क) मधेसी जनता लगायत आदिवासी जनजाति र पिछडिएका तथा अन्य क्षेत्रका जनताको स्वायत्त प्रदेशको चाहनालाई स्वीकार गरी नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हुने छ । प्रदेशहरू स्वायत्त र अधिकारसम्पन्न हुने छन् । नेपालको सार्वभौमिकता, एकता र अखण्डतालाई अक्षुण्ण राख्दै स्वायत्त प्रदेशहरूको सीमा, सङ्ख्या, नाम र संरचनाका अतिरिक्त केन्द्र र प्रदेशको सूचीहरूको पूर्ण विवरण, | | |

| विषय | २०६३ को अन्तरिम संविधानको व्यवस्था | २०७२ को संविधानको व्यवस्था | कैफियत |
|---|---|---|---|
| | साधन-स्रोत र अधिकारको बाँडफाँड संविधान सभाबाट निर्धारण गरिने छ । | | |
| संशोधन | बाह्र पटक संशोधन | दुई पटक संशोधन | संशोधन सत्तामा रहनेको छनोटमा हुने तर आदिवासीको समस्या र सवालमा संशोधन हुन सक्ने गरी संविधानमा दरिलो प्रावधान २०७२ को संविधानमा देखिँदैन |
| कार्यान्वयन | दश वर्ष लचिलो भई कार्यान्वयन भएको | कार्यान्वयन आदिवासीको सवालमा अत्यन्त न्यून | विशेष स्वायत्तता र संरक्षित क्षेत्र नबनाइएको |

प्रतिगमन चित्रित गर्ने यी संविधानका व्यवस्थालाई संविधान सुधारले पुनःपरिभाषित गरी अग्रगमनमा संविधानलाई लैजान सकिन्छ ।

## के पुनरावलोकनसम्बन्धी संविधानको व्यवस्थाले संविधान सुधारमा निर्देश गर्छ ?

संविधानमा उल्लिखित अन्य संवैधानिक आदिवासी आयोग तथा थारु आयोग दश वर्षमा पुनरावलोकन गरिने भनिएको छ । संविधान सुधारका आवश्यकताहरु संविधानमा उल्लिखित अन्य संवैधानिक आदिवासी आयोग र थारु आयोग दश वर्षमा पुनरावलोकन गरिने भनिएको छ[9]। संविधान जारी भई लागू गरिएको १० वर्ष पुगेकोमा संविधानमा भएका आदिवासीसम्बन्धी सीमित प्रावधानहरु जस्तै सामाजिक, सांस्कृतिक संरक्षण वा आर्थिक विकासका लागि विशेष, स्वायत्त, संरक्षित वा स्वायत्तता क्षेत्र कायम गर्ने,[10] आदिवासीलाई प्रभावित पार्ने निर्णयहरुमा सहभागी गराउने[11] लगायतको कार्यान्वयन गर्ने नत कानून बनेका छन्, न सरकारले निर्णय नै गरेको छ । यी विषयले संविधान सुधार नगरी आदिवासीको लागि संविधान कानूनका काला अक्षर मात्र प्रमाणित हुने देखिन्छ ।

महिला विरूद्ध हुने सबै प्रकारको विभेद उन्मूलन गर्ने महासन्धि अनुगमन समिति 'सिड'ले नेपालको संविधान संशोधन गरी आदिवासीको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघको घोषणापत्र (युएनड्रिप) (UNDRIP) अनुसार आत्मनिर्णयको अधिकारसहित आदिवासी महिलाहरुको समान अधिकार सम्बोधन गर्न सन् २०१८ मा गरेको सिफारिस 'आदिवासीको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघको घोषणापत्र अनुरुप आदिवासी महिलाको अधिकार, विशेषगरी उनीहरुको आत्मनिर्णयको अधिकार स्पष्ट रुपमा पहिचान गर्न संविधान संशोधन गर्ने' (बुँदा नं. ४७ (क))[12] लाई पुनः सन् २०२५ मा'

---

9 नेपालको संविधानको धारा २६५

10 धारा ५६ (५)

11 धारा ५१(ञ) ८

12 41(a) "Amend the Constitution to explicitly recognize the rights of indigenous women, in particular their right to self-determination, in line with the United Nations Declaration on the Rights of Indigenous Peoples;" https://docs.un.org/en/CEDAW/C/NPL/CO/6

आदिवासी महिलाको अधिकार, उनीहरूको आत्मनिर्णयको अधिकार लगायत, आदिवासीको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघको घोषणापत्र बमोजिम प्रष्ट मान्यता दिन संविधान संशोधन गर्ने' (बुँदा नं. ४७ क) भनी सिफारिस गरेको छ ।[13] अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूमा बेवास्ता गर्दा नेपालमा खासगरी आदिवासीहरूको मानव अधिकार र लोकतन्त्रिक अधिकारप्रति राज्य उदार छ भन्ने सन्देश अन्तरराष्ट्रिय तहमा जान सक्ने भएको कारण पनि संविधान सुधार गर्न आवश्यक छ ।

## संविधान सुधारमा आदिवासीहरूको सहभागिताको आवश्यकता

आदिवासीको मानव अधिकार हेर्ने समाधिक्षक र नश्लीय विभेद हेर्ने समितिले संविधान तथा कानून निर्माणमा आदिवासीहरूको अर्थपूर्ण सहभागिताको महत्व र यस्तो नहुँदा पर्न सक्ने अपूरणीय क्षतिबारे सिफारिस गरिएको छ । यस विषयमा श्री सर्वोच्च अदालतबाट लाहुर्निपको तर्फबाट अधिवक्ता शंकर लिम्बू समेत वि. सम्माननीय प्रधानमन्त्री भएको मुद्दा (नि. न. मा ८९९०) मा 'निवेदनमा उठाइएका संविधान सभामा हुनुपर्ने प्रतिनिधित्वसम्बन्धी प्रश्नहरू आगामी संविधान सभाको निर्वाचनको सन्दर्भमा समेत प्रासङ्गिक देखिएकोले अब गठन हुने संविधान सभामा आदिवासी/जनजाति लगायत आर्थिक, सामाजिक रूपले पछाडि परेको एवम् सीमान्तकृत वर्ग वा समुदायको प्रतिनिधित्व के, कसरी गर्दा सार्थक एवम् प्रभावकारी हुन्छ, नेपालसमेत पक्ष रहेको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धि, १९६६, आर्थिक, सामाजिक सांस्कृतिक अधिकारसम्बन्धी महासन्धि, १९६६, अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ लगायतका अन्तर्राष्ट्रिय कानून तथा सभ्य मुलुकहरूले प्रयोग गरी आएको स्थापित परम्परा समेतको अध्ययन अनुसन्धान गरी यसबाट प्रभावित विभिन्न पक्षहरूसँग छलफल, विचार विमर्श गरी नेपालको सन्दर्भमा अब गठन हुने संविधान सभामा संविधानले

13 "Amend the Constitution to explicitly recognize the rights of Indigenous women, including their right to self-determination, in line with the United Nations Declaration on the Rights of Indigenous Peoples;" CEDAW Concluding Observation to Nepal 2025 https://docs.un.org/en/CEDAW/C/NPL/CO/7

अङ्गिकार गरेको सिद्धान्त र भावनाअनुसार आदिवासी/जनजाति लगायत सीमान्तकृत तथा पिछडिएको वर्गको सार्थक एवम् प्रभावकारी प्रतिनिधित्वका लागि के कस्तो व्यवस्था उपयुक्त हुन्छ, सो प्रयोजनका लागि संविधान सभा सदस्य निर्वाचन ऐन, २०६४, संविधान सभा सदस्य निर्वाचन नियमावली, २०६४, संविधान सभा नियमावली, २०६५ लगायतका कानूनहरूमा के कस्तो संशोधन वा परिमार्जन आवश्यक पर्छ ? सोको निमित्त आवश्यक पहल गर्नु भनी विपक्षीहरूको नाममा निर्देशनात्मक आदेश जारी हुने ठहर्छ' भन्ने निर्देशनात्मक आदेश जारी भएको छ ।

यसबाट संविधान सुधारमा आदिवासीको प्रतिनिधित्व मात्र होइन, श्री सम्मानित सर्वोच्च अदालतबाट लाहुर्निपको तर्फबाट अधिवक्ता शंकर लिम्बू वि. प्रधानमन्त्री तथा मन्त्रीपरिषद् समेत (०५३-WO-००५३) भएको मुद्दामा ' आदिवासी, जनजातिहरूको समस्या शान्तिपूर्ण बैधानिक र न्यायिक रूपमा समाधान गर्न विपक्षीहरूले अनुमोदन गरी कार्यान्वयनका लागि नीतिगत प्रतिबद्धता गरे अनुरूपका अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ र आदिवासी जनजाति अधिकारसम्बन्धी संयुक्त संयुक्त राष्ट्र सङ्घीय घोषणापत्र २००७ कार्यान्वयनको लागि आवश्यक पर्ने कानून एवम् नीतिनिर्माण संघ तथा प्रदेश तहका कार्यपालिकीय, व्यावस्थापिकीय एवम् स्थानीय निकाय समेतले गर्नु गराउनू र यस सम्बन्धमा व्यवस्थापिका संसद्मा विचाराधीन विधेयकहरू उपरोक्त महासन्धि र घोषणापत्रको मर्म र भावना अनुरूप हुने गरी पारित वा संशोधन वा परिमार्जन गर्नु गराउनू भनी व्यवस्थापिका संसद् सचिवालय र नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको नाममा यो निर्देशनात्मक आदेश जारी गरिदिएको छ ।' यी विधिशास्त्रहरूअनुसार महासन्धिको धारा ६ र ७ तथा आदिवासीहरूको अधिकारसम्बन्धी संयुक्त संयुक्त राष्ट्र सङ्घीय घोषणापत्र २००७ को धारा १८ र १९ समेतले आदिवासीसँग सम्बन्धित वा सराकार रहने कानून निर्माण र परिमार्जन तथा सुधारमा आफ्नै प्रक्रिया बमोजिम चयन भएका प्रतिनिधिमार्फत अर्थपूर्ण सहभागिता र अग्रिम जानकारीसहितको मञ्जूरीको अधिकार कार्यान्वयन गर्नु अनिवार्य देखिन्छ ।

## संविधानमा समस्या, संविधान परिमार्जन वा संशोधनका परिसीमा

### संविधानमा समस्या

नेपालका आदिवासीहरूको मानव अधिकारसम्बन्धी वकिल समूहले गरेको अध्ययनअनुसार[14] संविधानमा चार प्रकारका समस्याहरू देखिएका थिए (लाहुर्निप, २०१६, पृ. ख). ।

क) आदिवासी जनजाति विरूद्धका प्रावधानहरू (११ वटा धाराहरू)

ख) आदिवासी जनजातिप्रति विभेदकारी प्रावधानहरू (२३ वटा धाराहरू)

ग) आदिवासी जनजातिलाई बहिष्करण गर्ने प्रावधानहरू (४९ वटा धाराहरू)

घ) एकल जातीय सर्वोच्चता कायम गर्ने प्रावधानहरू (५ वटा धाराहरू) नेपालका संविधानमा लागू गर्नुपर्ने व्यवस्थाहरू ।

### संविधान परिमार्जन वा संशोधनका परिसीमा

अहिलेको संविधान संशोधन वा संविधान खारेज भएमा आदिवासीको सम्बन्धमा अझ खराब कानून आउँछ भन्ने तर्कमा कुनै प्रमाणिकता छैन । हुन त आदिवासीहरू सङ्ख्यामा ठूलो भए पनि संवैधानिक शक्ति (Constituent Power) वालाको रूपमा संगठित नहुँदा संविधान कस्तो बनाउने भन्ने निर्णय गर्न नसक्ने कमजोर तप्काका रूपमा हालको अवस्थामा देखिन्छ । तर यो सधैं यस्तै अवस्थामा रहन सक्दैन भन्ने आदिवासी समुदायका अधिकांशलाई हामीप्रति अन्याय गरिएको र एकल जातीय शासन कायम छ र त्यतिकै यस अवस्थामा परिवर्तन आउँदैन भन्ने भावना व्यापक रूपमा बढेकोले प्रष्ट गर्दछ ।

संविधान संशोधनका आफ्नै परिसीमाहरू हुन्छन् । संविधानवाद, संविधानका आधारभूत विशेषता, संविधान जनतालाई अधिकारसम्पन्न बनाउन गरिन्छ नकि अधिकार खोस्न ।

14 https://www.lahurnip.org/uploads/publication/file/nepalko-samvidhan-final.pdf

संविधान संशोधन गर्दा भारतको सर्वोच्च अदालतले केशवानन्द भारती विरूद्ध स्टेट अफ् केरलाको मुद्दामा संविधानको आधारभूत सिद्धान्त बाहिर गएर संविधान संशोधन गर्न नमिल्ने भन्ने फैसला भएको छ । धर्म निरपेक्षता संविधानको आधारभूत विशेषता (Basic Feature) भएको कारण हाल आएर हिन्दू धर्मसापेक्ष राष्ट्र बनाउने भन्ने एजेण्डा प्रथम दृष्टिमा नै खारेजीको भागी देखिन्छ ।

हाल संविधान संशोधन राजनीतिक एजेण्डा बनेको छ । खासगरी दुई पार्टी कांग्रेस र नेकपा एमाले सरकार गठनको समयमा गरिएको सम्झौताको मुख्य शर्त नै संविधान संशोधन थियो । हाल रास्वपा पार्टीको सरकारको बाचा-पत्रमा संविधान संशोधनको विषय परेको यस अध्ययनमा गरिएको सुधारको प्रस्ताव संविधानवादको आधारमा आदिवासी लगायतका जनतालाई न्याय प्रदान गर्नको लागि संविधान संशोधन वा परिमार्जन जरूरी छ ।

## संविधान संशोधन गर्नुपर्ने प्रावधानअनुसारको विश्लेषण

माथि विश्लेषण गरिएअनुसार आदिवासी जनतालाई संविधानबाटै समन्याय सुनिश्चित गर्न संविधान सुधारका लागि मौलिक हक, आदिवासी महिला, राज्य पुनर्संरचना तथा न्याय क्षेत्रमा सुधार गर्न यो अध्ययन गरिएको छ । यसमा अरू क्षेत्रमा पनि सुधार गर्न थप अध्ययन जरूरी देखिन्छ ।

नेपालको संविधानलाई आदिवासी जनजातिको समान हैसियत तथा समान संविधानवाद, अन्तर्राष्ट्रिय कानून, अन्य देशको संविधानमा अभ्यास र आदिवासीहरूको समस्याका आधारमा संविधानमा सुधार गर्नुपर्ने प्रावधान र सुधार गर्दा राख्न सकिने प्रावधानहरूको चार महल यस प्रकार छन् (तालिका २):

**तालिका नं. २. संविधानमा सुधार गर्नुपर्ने प्रावधान र सुधार गर्दा राख्न सकिने प्रावधान**

| विषय | संविधानको प्रावधान | हुनुपर्ने प्रावधान | कारण |
|---|---|---|---|
| मौलिक हक | धारा १६<br>बाँच्न पाउने हक:<br>१) प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुने छ । | 'आदिवासी समुदाय' पदावली थप गरी प्रत्येक व्यक्ति र समुदायलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुने छ । | धारा ५१ ञ ८ मा निर्देशक सिद्धान्तमा राखिएको तर पहिचानसहित सम्मानपूर्वक बाँच्न पाउने मौलिक हक भएको कारण |
| मौलिक हक | धारा १८<br>समानताको हक:<br>(२) सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन । | सबै प्रकारको प्रत्यक्ष वा अप्रत्यक्ष विभेदको अन्त्य हुने छ ।<br>पहिचानको आधारमा विभेद गरिने छैन । | नेपालमा भइरहेको प्रत्यक्ष र अप्रत्यक्ष तथा पहिचानमा भएको विभेद अन्त्य वा न्यूनीकरण गर्न ।<br>नेपाल पक्ष राष्ट्र रहेको सबै प्रकारको जातीय विभेद उन्मूलन गर्ने महासन्धिको पालना गर्न |

| विषय | संविधानको प्रावधान | हुनुपर्ने प्रावधान | कारण |
|---|---|---|---|
| | (३) राज्यले नागरिकहरूका बिच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन । | | |
| मौलिक हक | धारा २४<br>छुवाछुत तथा भेदभाव विरूद्धको हक:<br>(१) कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजानिक स्थानमा कुनै प्रकारको छुवाछुत वा भेदभाव गरिने छैन । | (१) कुनै समुदाय .......निजी तथा सार्वजानिक क्षेत्रमा (Private and Public domain) मा हुने जातीय तथा पहिचान लगायतका विभेद विरूद्धको हक हुने छ ।<br>उपधारा ४ मा पहिचानमा आधारित महिलालाई हुने विभेदको विषय राख्ने । | पहिचानकै आधारमा हुने विभेदलाई न्यूनीकरण वा अन्त्य गर्न । |

| विषय | संविधानको प्रावधान | हुनुपर्ने प्रावधान | कारण |
|---|---|---|---|
| | (४) जातीय आधारमा छुवाछुत गरी वा नगरी कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न पाइने छैन | | |
| | धारा २५<br>सम्पत्तिको हक:<br>(१) प्रत्येक नागरिकलाई कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुने छ ।<br>(५) उपधारा (३) बमोजिम राज्यले सार्वजनिक हितका लागि कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गरेकोमा त्यस्तो सार्वजानिक हितको सट्टा अर्को | **थप गनुपर्ने**<br>आदिवासी जनजातिहरूलाई आफ्नो पुर्ख्यौली भूमि, भू-क्षेत्र तथा प्राकृतिक स्रोत साधनमाथि स्वामित्व, प्रयोग, उपभोग, व्यवस्थापन, संरक्षण र नियन्त्रणको हक हुने छ । प्रतिबन्धात्मक वाक्यांश तर आदिवासी जनजातिहरूको परम्परागत भूमिमा उनीहरूको अग्रिम जानकारीसहितको मन्जूरी नलिई कुनै पनि आधारमा भूमि अधिग्रहण गरिने छैन । उपधारा ५ हटाउनपर्ने | आदिवासी जनजातिहरूको पहिचान, संस्कृति, जीवन, जीवन निर्वाहसँग अन्योन्याश्रित सम्बन्ध रहेको परम्परागत भूमि तथा प्राकृतिक स्रोतबाट वञ्चित हुने, जसबाट अन्य मौलिक अधिकार समेतबाट वञ्चित हुने भएको कारण यो व्यवस्था गर्नु जरूरी हुन्छ ।<br>विभिन्न देशका संविधानहरूमा आदिवासीहरूको भूमि तथा प्राकृतिक स्रोतमाथि आदिवासीहरूको अधिकारको प्रत्याभूत गर्ने गरिएको देखिन्छ । |

| विषय | संविधानको प्रावधान | हुनुपर्ने प्रावधान | कारण |
|---|---|---|---|
| | कुनै सार्वजानिक हितका लागि त्यस्तो सम्पत्ति प्रयोग गर्न बाधा पर्ने छैन । | | अर्जेन्टिनाको संविधानको सेक्सन ७५ को उपसेक्सन १७ मा आदिवासीहरूको भूमिको सामूहिक स्वामित्वलाई कानूनी मान्यता दिएको छ ।<br>कोलम्बियाको संविधानको धारा ६३ मा आदिवासीहरूको सामुदायिक भूमि अहरणीय अधिकारको रूपमा प्रत्याभूत गरिएको छ ।<br>त्यस्तै धारा २८६ मा आदिवासीहरूको भू-भागमा रहेको संरक्षित भूमि स्वायत्त रहने उल्लेख छ ।<br>पाराग्वेको संविधानको धारा ६४ ले आदिवासीहरूको जीवनशैली संरक्षण गर्न सामुदायिक भूमिको स्वामित्वको अधिकार रहने व्यवस्था छ । |

| विषय | संविधानको प्रावधान | हुनुपर्ने प्रावधान | कारण |
| --- | --- | --- | --- |
| | | | इक्वेडरको संविधानको धारा ५७ (४-५) मा सामुदायिक भूमि अहरणीय, अविभाज्य र करहरूबाट मुक्त रहने व्यवस्था छ । उपधारा २१ मा पुर्ख्यौली भूमिबाट विस्थापन गर्न नहुने अधिकार प्रत्याभूत छ ।<br>(५) धोखाधडी हुने भएकोले । |
| धर्म निरपेक्षता | **स्पष्टीकरण:**<br>यस धाराको प्रयोजनको लागि'धर्म निरपेक्षता' भन्नाले सनातनदेखि चलिआएको धर्म संस्कृतिको संरक्षण लगायत धार्मिक, सांस्कृतिक स्वतन्त्रता सम्झनुपर्छ । | हटाउनुपर्ने | धार्मिक विभेद भएकोले नेपालको अन्तरिम संविधान, २०६३ मा समेत धर्म निरपेक्षता सुनिश्चित भइसकेको र संविधानवादमा प्रतिगमनमा स्वीकार्य नहुने ।<br>जनचाहना विपरित नहुने भएकोले । सबै प्रकारको जातीय विभेद उन्मूलन गर्ने महासन्धि र मानव अधिकारको अन्तर्राष्ट्रिय दस्तावेज विरूद्ध |

| विषय | संविधानको प्रावधान | हुनुपर्ने प्रावधान | कारण |
|---|---|---|---|
| | | | नेपालले एउटा धर्मलाई मात्र प्राथमिकतामा राखी धार्मिक विभेद गरेको प्रष्ट देखिने । |
| महिलाको हक | धारा ३८<br>महिलाको हक:<br>(३) महिला विरूद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन ।<br>त्यस्तो कार्य कानूनबमोजिम दण्डनीय हुने छ र पीडितलाई कानूनबमोजिम क्षतिपूर्ति पाउने हक हुने छ । | थप गर्नुपर्ने<br>(७) राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा ऐतिहासिक विभेदका कारण पछाडि पारिएका आदिवासी जनजाति, मधेसी, दलित, मुस्लिम महिलाहरूलाई प्राथमिकता दिइने छ ।<br>आदिवासी महिलाको विशिष्ट पहिचान र अधिकार संविधानमा उल्लेख गर्नुपर्ने | राज्यको संरचना र नीतिबाट पछि परेका समुदायका महिलाहरु (आदिवासी<br>जनजाति, मधेसी, दलित लगायत) लाई समन्याय प्रदान गर्न ।<br>महिला विरूद्ध हुने सबै प्रकारका विभेद अन्त्यसम्बन्धी महासन्धि (सिड) कार्यान्वयन गर्न ।<br>सबै समुदायका महिलाहरूको भिन्न-भिन्न अवस्था र पहिचानलाई मान्यता दिन । |

| विषय | संविधानको प्रावधान | हुनुपर्ने प्रावधान | कारण |
|---|---|---|---|
| महिलाको हक | **धारा ३८**<br>समानुपातिक सहभागिताः<br>(४) राज्यका सबै निकायमा<br>महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुने छ । | राज्य संरचनाको अंग उल्लेख गर्ने ।<br>दलित, आदिवासी जनजाति, मुस्लिम, एकल महिला, पिछडा वर्ग लगायतका महिलाहरूको<br>अस्तित्व स्वीकार<br>गर्ने रवितरणको समन्यायिकता कायम रहने व्यवस्था गर्ने । | महिलाभित्रको विविधता (आदिवासी जनजाति, मधेसी, मुस्लिम, दलित आदि) लाई सम्बोधन गरी वितरणको न्याय सुनिश्चित गर्न ।<br>नेपालको सन्दर्भ सापेक्ष बनाउन । |
| | **धारा ४२**<br>सामाजिक न्यायः<br>(१) सामाजिक रूपले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारु, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, सीमान्तीकृत, मुस्लिम, पिछडा वर्ग, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, | (१) 'सामाजिक' भन्ने शब्द अगाडि राजनीतिक, आर्थिक सांस्कृतिक, पहिचान र उत्पत्तिको आधारमा भन्ने थप गर्ने र 'पछाडि परेका' भन्ने 'पारिएका' भन्ने थप गर्ने । 'समावेशी' शब्दको अगाडि 'समानुपातिक' भन्ने शब्द थप गर्ने । | नेपालको अन्तरिम संविधान, २०६३ तथा पहिलो संविधान सभामा सहमति भइसकेको विषय ।<br>आदिवासी जनजातिको पहिचान, समस्या, सवाल, अवस्था, अधिकार, ऐतिहासिक विभेदसमेत पृथक भएको कारण । |

| विषय | संविधानको प्रावधान | हुनुपर्ने प्रावधान | कारण |
|---|---|---|---|
| | युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रुपले विपन्न खस-आर्यलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ । | उपधारा (२) मा थप<br>राजनीतिक, सांस्कृतिक र आर्थिक रुपमा पछि पारिएका आदिवासी जनजाति र लोपोन्मुख ......<br>समावेशी अगाडि 'समानुपातिक' शब्द र राज्यको निकायपछि 'संरचनाहरु' र अगाडि 'हरेक'भन्ने शब्द थप गर्ने । | दलित महिलाको छुट्टै व्यवस्था तथा आदिवासी महिलाको कानूनी व्यक्तित्व मान्यता दिनु । |
| राज्यको संरचना र राज्य शक्तिको बाँडफाँड | **धारा ५६**<br>राज्यको संरचनाः<br>(१) संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुनेछ । | (१) संघीय नेपालको मूल संरचनामा संघ, प्रदेश, स्वायत्त क्षेत्र, स्वशासित र विशेष र संरक्षित क्षेत्र र स्थानीय तह रहनेछन् ।<br>(१) (क) थप गरी परिभाषा गर्ने । | स्वशासन र स्वायत्तताको माध्यमबाट आदिवासी जनतालाई सारभूत समानताको आधारमा शासनमा सहभागी गराउन । |

| विषय | संविधानको प्रावधान | हुनुपर्ने प्रावधान | कारण |
|---|---|---|---|
| | | परिभाषाः<br><br>विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस संविधानमा–<br><br>(क) संघ भन्नाले यस संविधान बमोजिम गठन तथा अधिकार क्षेत्र प्रयोग गर्ने तहलाई सम्झनुपर्छ ।<br><br>(ख) प्रदेश भन्नाले यस संविधान बमोजिम गठन भएको र अधिकारसूची प्रयोग गर्ने प्रदेशलाई सम्झनुपर्छ ।<br><br>(ग) स्थानीय तह भन्नाले प्रदेशभित्र स्थापना हुने गाउँपालिका तथा नगरपालिकालाई सम्झनुपर्छ ।<br><br>(घ) 'विशेष संरचना' भन्नाले प्रदेशभित्र स्थापना गरिने | |

| विषय | संविधानको प्रावधान | हुनुपर्ने प्रावधान | कारण |
|---|---|---|---|
| | | स्वायत्त क्षेत्र, विशेष क्षेत्र र संरक्षित क्षेत्र सम्झनुपर्छ ।<br>(ङ) 'स्वायत्त क्षेत्र' भन्नाले प्रदेशभित्र स्थापना गरिने एक जाति/समुदाय वा भाषाको बाहुल्य भएको वा सघन उपस्थितिको अवस्था रहेको आदिवासी जनजातिको क्षेत्रलाई सम्झनुपर्छ ।<br>(च) 'संरक्षित क्षेत्र' भन्नाले प्रदेशभित्र स्थापना गरिने अति कम सङ्ख्या, लोपोन्मुख र अतिसीमान्तकृत रूपमा रहेका आदिवासी जनजातिका क्षेत्रलाई जनाउनेछ । | |
| राज्यको संरचना र राज्य शक्तिको बाँडफाँड | **धारा ५६**<br>राज्यको संरचनाः | (५) प्रदेशले संविधान तथा संघीयताको प्रतिकूल नहुने गरी राजनैतिक, आर्थिक, सामाजिक, | स्वशासन र साझेदारी शासनको अभ्यास गर्न ।<br>नेपालको अन्तरिम संविधान, |

| विषय | संविधानको प्रावधान | हुनुपर्ने प्रावधान | कारण |
|---|---|---|---|
| | ५) संघीय कानूनबमोजिम सामाजिक, सांस्कृतिक संरक्षण वा आर्थिक विकासका लागि विशेष, संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्न सकिनेछ । | सांस्कृतिक संरक्षण र विकासका र कम सङ्ख्यामा रहेका जाति तथा आदिवासी जनजातिका लागि विशेष संरचना क्षेत्र, स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र र विशेष क्षेत्र थपघट गर्न सकिनेछ । | २०६३ मा स्वीकार गरी सकिएको व्यवस्था ।<br>पहिलो संविधान सभाका विभिन्न समितिहरूले केन्द्रीकृत संघीयता नराख्ने गरी संरचनाहरूमा सहमति गरेको ।<br>संविधान निर्माणको दौरानमा विभिन्न आदिवासी संघ संस्था राजनीतिक पार्टीसँग यस विषयमा सम्झौता भएको |
| | (६) संघ, प्रदेश र स्थानीय तहले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, राष्ट्रिय हित, सर्वाङ्गीण विकास, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक गणतन्त्रात्मक संघीय शासन प्रणाली, मानव | (६) संघ, प्रदेश, स्थानीय तह र विशेष संरचनाले नेपालको स्वतन्त्रता, एकता, अखण्डता, सार्वभौमसत्ता तथा मुलुकको दीर्घकालीन हित, सर्वाङ्गीण विकास, मानव अधिकार तथा मौलिक हक, कानूनी राज्य, शक्तिको पृथकीकरण | समानुपातिक समावेशी अन्तरिम संविधान संस्थागत भइसकेको व्यवस्था । |

| विषय | संविधानको प्रावधान | हुनुपर्ने प्रावधान | कारण |
|---|---|---|---|
| | अधिकार तथा मौलिक हक, कानूनी राज, शक्ति पृथकीकरण र नियन्त्रण तथा सन्तुलन, बहुलता र समानतामा आधारित समतामूलक समाज, समावेशी प्रतिनिधित्व र पहिचानको सरंक्षण गर्ने छन् । | र नियन्त्रण तथा सन्तुलन, जातीय समानतामा आधारित समतामूलक तथा बहुलतामा आधारित समाज, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक प्रणाली, समानुपातिक र समावेशी प्रतिनिधित्वको अधिकार र पहिचानको संरक्षण गर्ने छन् । | |
| ,, | नभएको | **नयाँ उपधारा थप गर्ने**<br>(७) आदिवासीका लागि विशेष व्यवस्था<br>(७) (क) प्रदेशभित्र कम सङ्ख्यामा रहेका आदिवासी जनजातिको पहिचान र अधिकारको व्यवस्था: पुर्ख्यौली भूमि वा भू-क्षेत्र स्पष्ट खुलेको कम सङ्ख्यामा रहेको | आदिवासीहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय घोषणापत्रको धारा ३, ४, १८, १९, २० २६, ३२, ३४ र ३७, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्ध, १९६६ को धारा १, आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अनुबन्ध, १९६६ को धारा १ अनुरूप बनाउन । |

| विषय | संविधानको प्रावधान | हुनुपर्ने प्रावधान | कारण |
|---|---|---|---|
| | | आदिवासी जनजातिको लागि 'संरक्षित स्वायत्त क्षेत्र'को व्यवस्था हुने छ ।<br><br>(ख) प्रदेशभित्रको कम सङ्ख्यामा रहेको र पुर्ख्यौली भूमि वा भू-क्षेत्र स्पष्ट नखुलेको आदिवासी जनजातिको पहिचान र अधिकारको व्यवस्था सम्बन्धित प्रदेशका व्यवस्थापिकाले कानून बनाई त्यसका व्यवस्था गर्न छ ।<br><br>(ग) पुर्ख्यौली भूमि वा भू-क्षेत्र स्पष्ट नखुलेको कम सङ्ख्यामा रहेका आदिवासी जनजातिको पहिचान, संरक्षण र अधिकारको लागि प्रदेशले विशेष कानूनी वा अन्य उपाय अपनाउनेछ । | पहिलो संविधान सभामा पारित भइसकेको |

| विषय | संविधानको प्रावधान | हुनुपर्ने प्रावधान | कारण |
|---|---|---|---|
| | | (८) (क) कुनै प्रदेशभित्र कुनै एक आदिवासी जनजातिको बाहुल्यता रहेको पुर्ख्यौली भू-क्षेत्रलाई (अनुसूचीमा उल्लेख भएका आदिवासी जनजातिलाई स्वायत्त क्षेत्र कायम गरिने छ ।<br>(ख) उपधारा (क) मा उल्लिखित व्यवस्था सम्बन्धित आदिवासी जनजातिको अग्रीम सुसूचित स्वतन्त्र सहमति प्रदेशले कार्यान्वयन गर्नेछ । | |
| प्रतिनिधिसभा गठन | धारा ८४<br>प्रतिनिधिसभा गठनः<br>(२) समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा जनसङ्ख्याको आधारमा | (२) समानुपातिक निर्वाचन<br>प्रणाली बमोजिम हुने प्रतिनिधिसभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा जनसङ्ख्याको आधारमा भिन्न-भिन्न पहिचानसहितका | समावेशी लोकतन्त्र, सारभूत समानता सुनिश्चित गर्न । |

| विषय | संविधानको प्रावधान | हुनुपर्ने प्रावधान | कारण |
|---|---|---|---|
| | महिला, दलित, आदिवासी जनजाति, खस-आर्य, मधेसी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र समेतबाट बन्दसूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था संघीय कानून बमोजिम हुने छ । त्यसरी उम्मेदवारी दिँदा भूगोल र प्रादेशिक सन्तुलनलाई समेत ध्यान दिनुपर्ने छ । | महिला, दलित, आदिवासी जनजाति, खस-आर्य, मधेसी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र समेतबाट बन्द सूचीका आधारमा समानुपातिक समावेशी सिद्धान्त बमोजिम प्रतिनिधित्व गराउने व्यवस्था संघीय कानून बमोजिम हुने छ ।<br>त्यसरी उम्मेदवारी दिँदा भूगोल र प्रादेशिक सन्तुलन तथा प्रतिनिधित्व हुन नसकेकालाई समेत ध्यान दिनुपर्ने छ । | |
| ,, | (२) समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधिसभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसङ्ख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, | | |

| विषय | संविधानको प्रावधान | हुनुपर्ने प्रावधान | कारण |
|---|---|---|---|
| | खस-आर्य, मधेसी, थारु, मुस्लिम, पिछडिएका क्षेत्र समेतबाट बन्दसूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था संघीय कानून बमोजिम हुने छ । त्यसरी उम्मेदवारी दिंदा भूगोल र प्रादेशिक सन्तुलनलाई समेत ध्यान दिनुपर्ने छ । | | |
| राष्ट्रिय सभाको गठन | धारा ८६<br>राष्ट्रिय सभाको गठन र सदस्यहरूको<br>पदावधि :<br>(२) समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधिसभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा जनसङ्ख्याको आधारमा महिला, दलित, | (२) समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधिसभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा जनसङ्ख्याको आधारमा भिन्न-भिन्न पहिचानसहितका महिला, दलित, आदिवासी जनजाति, खस-आर्य, मधेसी, थारु, मुस्लिम, पिछडिएको क्षेत्रसमेतबाट खुला सूचीका | मुलुकको विविधता सामाजिक न्याय सुनिश्चित गर्न |

| विषय | संविधानको प्रावधान | हुनुपर्ने प्रावधान | कारण |
|---|---|---|---|
| | आदिवासी जनजाति, खस–आर्य, मधेसी, थारु, मुस्लिम पिछडिएका क्षेत्र समेतबाट बन्दसूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था संघीय कानून बमोजिम हुने छ । त्यसरी उम्मेदवारी दिंदा भूगोल र प्रादेशिक सन्तुलनलाई समेत ध्यान दिनुपर्ने छ । | आधारमा समानुपातिक समावेशी सिद्धान्त बमोजिम प्रतिनिधित्व गराउने व्यवस्था<br>संघीय कानून बमोजिम हुने छ ।<br>त्यसरी उम्मेदवारी दिंदा पहिला अवसर नपाएका भूगोल र प्रादेशिक सन्तुलनलाई समेत ध्यान दिनुपर्ने छ । | |
| न्यायसम्बन्धी | धारा १२६<br>न्यायसम्बन्धी अधिकार अदालतबाट<br>प्रयोग हुने:<br>(१) नेपालको न्यायसम्बन्धी अधिकार यो संविधान, अन्य<br>कानून र न्यायका मान्य सिद्धान्त बमोजिम अदालत | (१) संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको न्याय<br>प्रणाली: संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको न्याय प्रणाली कानूनी र न्यायिक बहुलतामा आधारित हुने र यो संविधान, अन्य कानून, अन्तर्राष्ट्रिय मानव अधिकारका मापदण्ड तथा न्यायका मान्य | नेपालको भौगोलिक, जातीय र सामुदायिक विविधता, विविध प्रथाजनित न्याय प्रणालीलाई मान्यता दिई नेपालको मौलिक न्यायिक पद्धति (Sui Generic Legal System of Nepal) विश्व कानूनी प्रणालीमा स्थापित गर्न । |

| विषय | संविधानको प्रावधान | हुनुपर्ने प्रावधान | कारण |
| --- | --- | --- | --- |
| | तथा न्यायिक निकायबाट प्रयोग गरिने छ । | सिद्धान्तअनुसार अदालत तथा न्यायिक निकायहरूबाट प्रयोग गरिने छ । | विश्व मानव अधिकार सम्मेलनमा नेपालले प्रतिबद्धता जाहेर गरेकोमा नेपालको भौगोलिक, जातीय र सामुदायिक विविधता, विविध प्रथाजनित न्याय प्रणालीलाई मान्यता दिई नेपालको मौलिक न्यायिक पद्धति (Sui Generic Legal System of Nepal) विश्व कानूनी प्रणालीमा स्थापित गर्न ।<br><br>विश्व मानव अधिकार सम्मेलनमा नेपालले प्रतिबद्धता जाहेर गरेको मानव अधिकारको सापेक्षित सिद्धान्त (Theory of Relativism) लाई कार्यान्वयन गर्न । |

| विषय | संविधानको प्रावधान | हुनुपर्ने प्रावधान | कारण |
| --- | --- | --- | --- |
| | | | सर्वसुलभ, जवाफदेही न्याय प्रदान गरी समाजमा दिगो शान्ति कायम गराउन । |
| | | **थप गर्ने:**<br>सामुदायिक न्याय व्यवस्था<br>(२) आदिवासी जनजातिको प्रथा, प्रथाजनित कानून, न्यायिक प्रणाली सञ्चालन गर्ने संस्थालाई आफ्नो सामूहिक न्याय महँगो र जटिल हुने ।<br>पहिचान, प्रथा, परम्परागत भूमि तथा प्राकृतिक स्रोत, व्यक्तिगत कानूनसम्बन्धी विवाद, समुदायगत विवादहरूमा स्थानीय अदालत सरहको क्षेत्राधिकार रहनेछ ।<br>(३) संघीय सर्वोच्च अदालत, प्रादेशिक उच्च अदालत | अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ को धारा ८ द्वारा निर्देशित गरिएअनुसार राष्ट्रिय कानूनको प्रयोगमा आदिवासी जनजातिको प्रथा वा प्रथाजनित कानूनलाई मान्यता दिइनुपर्ने उल्लेख छ । त्यस्तै धारा ८ (२) मा आदिवासी जनजाति अन्तर ाष्ट्रिय कानूनसँग मेल खाने गरी प्रथा र प्रथाजनित संस्थाहरूलाई कायम राख्ने अधिकारलाई राज्यले सुनिश्चित गर्नुपर्दछ । साथै आदिवासीहरूको अधिकारसम्बन्धी |

| विषय | संविधानको प्रावधान | हुनुपर्ने प्रावधान | कारण |
|---|---|---|---|
| | | र स्थानीय अदालतहरूमा आदिवासी जनजातिहरूको पहिचान, संस्कार-संस्कृतिसँग जोडिएका विषय, समुदायको आन्तरिक विषयहरूसँग सम्बन्धित विवाद हेर्नलाई छुट्टै इजलासका व्यवस्था गर्नेछ ।<br><br>(४) उपधारा (३) बमोजिम मुद्दा सुनुवाइ गर्दा आदिवासी जनजातिहरूको प्रथा, परम्परा, रीतिथिति, संस्कृतिको बारेमा जानकारी राख्ने विज्ञ, सम्बन्धित समुदायको प्रतिनिधिमूलक वा परम्परागत संस्थाको प्रतिनिधि, आदिवासी कानूनविद्समेतको समिति गठन गरिने छ । समितिको उपस्थिति तथा सिफारिसमा इजलासले मुद्दाको सुनुवाइ गर्नेछ । | संयुक्त संयुक्त राष्ट्र सङ्घीय घोषणापत्र, २००७ को धारा ३४ अनुसार न्यायिक संस्थालाई कायम राख्ने विकास गर्ने र प्रवर्धन गर्न पाउने अधिकारलाई राज्यले सुनिश्चित गर्नुपर्ने दायित्व पालन गर्ने । |

| विषय | संविधानको प्रावधान | हुनुपर्ने प्रावधान | कारण |
|---|---|---|---|
| | | (५) प्रथा, प्रथाजनित कानून अन्तर्राष्ट्रिय मानव अधिकारका मापदण्ड र यस संविधानसँग मेल खाने गरी प्रयोग गरिने छ । प्रथा प्रथाजनित कानून प्रयोगमा उत्पन्न हुने विवादको समाधानका लागि संघीय तथा प्रादेशिक कानूनमा व्यवस्था गरिने छ । | |
| ,, | धारा १२९<br>नेपालको प्रधानन्यायाधीश तथा सर्वोच्च अदालत<br>(१) सर्वोच्च अदालतमा नेपालको प्रधानन्यायाधीशका अतिरिक्त बढीमा बिस जना न्यायाधीश रहनेछन् । | (१) सर्वोच्च अदालतमा नेपालको प्रधानन्यायाधीशका अतिरिक्त बढीमा बिस जना न्यायाधीश पूर्ण समानुपातिक समावेशी सिद्धान्तको आधारमा रहने छन् । | न्याय क्षेत्रलाई पूर्ण समानुपातिक समावेशी बनाउन । |
| संवैधानिक इजलास | धारा १३७ (१) सर्वोच्च अदालतमा एक संवैधानिक | संवैधानिक इजलासको सट्टा संवैधानिक अदालत बनाउने | संवैधानिक विवादको छिटो र प्रभावकारी रूपमा निर्णय गरी |

| विषय | संविधानको प्रावधान | हुनुपर्ने प्रावधान | कारण |
|---|---|---|---|
| | अदालतमा एक संवैधानिक इजलास रहनेछ । | | मुलुकमा स्थिरता, सामाजिक न्यायसहितको न्याय, शान्ति र विकास सुनिश्चित गर्न । |

यो तालिका नं. २. मा संविधानमा सुधार गर्नुपर्ने प्रावधान र सुधार गर्दा राख्न सकिने प्रावधान आदिवासीको अधिकारको दृष्टिबाट सुधारको लागि हो भने आदिवासी, आदिवासी महिला तथा किशोरी, अपाङ्गता भएका आदिवासी तथा आदिवासी एलजिबिटिक्यूआई+को अधिकारहरु सुनिश्चित गर्न डा. कृष्ण भट्टचनको लेखको अन्तमा उल्लेख भएको नयाँ संविधान निर्माण गर्दा वा विद्यमान संविधान संशोधन, सुधार, पुनरावलोकनका साथै पुनर्लेखन गर्दा ध्यान दिनै पर्ने आधारभूत प्रक्रिया र सिद्धान्तहरु प्रत्याभूत हुनुपर्दछ ।

## निष्कर्ष

लिखित संविधानहरु संशोधन गरी समयसापेक्ष बनाइन्छ । कम्तीमा पनि सबै तह र तप्काका जनतालाई समान नागरिक हैसियत तथा अधिकार सुनिश्चित तथा सामाजिक न्याय सुनिश्चित गर्न संविधान संशोधन गरिन्छ । मुलुकको स्रोत र साधनमा न्यायोचित पहुँच तथा अधिकारको सुनिश्चितताले संविधानमा स्वामित्व बढ्छ । नेपालको संविधानले समावेशिताको कुरा गरे पनि यसैमा रहेका प्रावधानहरु आदिवासीलाई विभेद, बहिष्करण, सीमान्तकरण तथा संरचनागत विभेद गर्ने प्रकारका छन् । कतिपय आदिवासीका लागि विद्यमान व्यवस्था कार्यान्वयन हुन सक्ने अवस्थाका छैनन् ।

संविधानमा आदिवासीसम्बन्धी प्रावधानहरु अनिवार्य लागू गरिने खालका प्रावधानहरु छैनन् । उदाहरणको लागि संविधानको धारा ५६ (५) को व्यवस्था अहिलेसम्म पनि कार्यान्वयन नगरिनुको कारण यसको कार्यान्वयन राज्यको संरचनाको रुपमा यसलाई मानेकै छैन ।

## सन्दर्भ सामग्री

### प्रचलित कानूनी प्रकाशनहरू


१. नेपालको संविधान २०७२, कानून किताब व्यवस्था समिति

२. आदिवासी जनजाति उत्थान प्रतिष्ठान ऐन, २०५८

३. जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८

४. न्याय प्रशासन ऐन, २०७३, कानून किताब व्यवस्था समिति

५. नेपाल सन्धि ऐन, २०४७

६. भूमिसम्बन्धी ऐन, २०२१

७. मुलुकी देवानी संहिता, २०७४

८. मुलुकी फौजदारी संहिता २०७४

९. स्थानीय सरकार सञ्चालन ऐन २०७४

**नेपाली भाषाका प्रकाशन**


कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय (२०७८) *नेपालको संविधानअनुसार न्याय सम्पादन प्रक्रियालाई छिटोछरितो, मितव्ययी, सर्वसुलभ अनुमान योग्य, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउने उद्देश्यले न्याय प्रशासनसँग सम्बन्धित प्रचलित कानूनमा गर्नुपर्ने आवश्यक सुधारको मस्यौदा पेश गर्न गठित अध्ययन समितिको प्रतिवेदन २०७८,* कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार काठमाडौं ।

लाहुर्निप (२०१६) **आदिवासी जनजातिको अधिकारको सन्दर्भमा 'नेपालको संविधान'को अध्ययन तथा विश्लेषण ।** नेपालका आदिवासीहरूको मानव अधिकारसम्बन्धी वकिल समूह (लाहुर्निप), अनामनगर, काठमाडौं । https://www.lahurnip.org/uploads/publication/file/nepalko-samvidhan-final.pdf

राष्ट्रिय योजना आयोग (२०७३) चौधौं योजना (आर्थिक वर्ष २०७३/७४-२०७५/७६), राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौं ।

वस्ती, प्रकाश (२०७९) हाम्रो कानूनी इतिहासको नालीबेली, किरातकालदेखि २०७८ सालसम्म, पैरबी प्रकाशन, काठमाडौं ।

सर्वोच्च अदालत (२०७७) न्यायको पहुँचमा देखिएका कानूनी तथा प्रक्रियागत अवरोधक तत्वहरु पहिचान गर्ने सम्बन्धी अध्ययन समितिको प्रतिवेदन, सर्वोच्च अदालत, काठमाडौं ।

संविधान सभा (२०६६) *संविधान सभा न्यायिक समितिको प्रतिवेदन,* संविधान सभा न्याय प्रणालीसम्बन्धी समिति, सिंहदरबार, काठमाडौं ।

संविधान सभा (२०६६) संविधान सभा न्याय प्रणाली समिति अवधारणासहितको प्रारम्भिक मस्यौदासम्बन्धी प्रतिवेदन, संविधान सभा न्याय प्रणालीसम्बन्धी समिति, सिंहदरबार, काठमाडौं ।

शर्मा, प्रकाशमणि, प्रिति थापा र शिवप्रसाद पौडेल (सम्पादन) (२०६०) *लैङ्गिक न्यायसम्बन्धी मुद्दाहरूको सँगालो,* युनिफेम र प्रो पब्लिक, काठमाडौं ।

**अङ्ग्रेजी भाषाका प्रकाशनहरू**

Andemariam, S. W. "Ensuring Access to Justice through Community Courts in Eritrea." In *Customary Justice: Perspectives on Legal Empowerment*, edited by Janine Ubink, 113–130. Rome: International Development Law Organization, 2011.

Bodenheimer, E. *Jurisprudence: The Philosophy and Method of the Law*, Universal Law Publishing Co. Pvt. Ltd., New Delhi, 2009.

Caravelis, C. and Robinson, M. *Social Justice, Criminal Justice. The Role of American Law in Effecting and Preventing Social Change*, Routledge, New York, 2016.

Chemjong, I. S. History and Culture of Kirat People, published by Kirat Yakthung Chumlung, Lalitpur, 2003

Dumont, J. "*Justice and Aboriginal People*," Ottawa : Royal Commission on Aboriginal Peoples, 1993. https://www.refworld.org/pdfid/50c5e6e02.pdf

Fajardo, R. Z. Y., Rady, K. and Sin, P. *Pathways to Justice Access to Justice with a focus on Poor, Women and Indigenous Peoples*, Ministry of Justice Cambodia, UNDP, Cambodia, 2005.

Ghai, S. and Cottrell, J. *Marginalized Communities and Access to Justice*, Published by Routledge, New York, 2009.

Moscati, M. F. 2015. *The Role of Transitional Justice and Access to Justice in Conflict Resolution and Democratic Advancement*. Democratic Progress Institute, London, 2015.

**अदालतका फैसलाहरू**

गोपाल गुरूङ विरूद्ध निर्वाचन आयोग समेत ने.का.प. २०५२ भाग १ नि.न. ५०३० पृ. १९

लाहुर्निपका तर्फबाट अधिवक्ता शंकर लिम्बू तथा प्रधानमन्त्री समेत ने.का.प. भाग ५५, नि.न. ८९९०, २०७० अङ्क ४ पृ. ९२३

भुवन बराम विरूद्ध प्रधानमन्त्री समेत मुद्दा परमादेश रिट नं. ०७४-WO-०२३९ अधिवक्ता प्रवीन पन्धाक विरूद्ध प्रधानमन्त्री समेत मुद्दा उत्प्रेषण ने.का.प. भाग ६०, साल २०७५, अङ्क ६ नि.न. १००२४ पृ. ५६

नन्दुसिं धामी विरूद्ध उर्जा मन्त्रालय समेत मुद्दा उत्प्रेषण/परमादेश ने.का.प. भाग ६०, २०७५ अङ्क १० पृ. ३२३

पदमबहादुर श्रेष्ठ विरूद्ध प्रधानमन्त्री कार्यालय समेत उत्प्रेषण परमादेश ने.का.प. २०७६ अङ्क ६ नि.न. १०२९९

अधिवक्ता तुलसी सिंखडा विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय सिंहदरबार काठमाडौंसमेत भएको उत्प्रेषण/परमादेश ने.का.प. २०७४ अङ्क ७ नि.न. ९८४९ पृ. ५१६१

अधिवक्ता बालकृष्ण नेउपाने विरूद्ध श्री संसद् सचिवालयसमेत उत्प्रेषण परमादेश ने.का.प. २०५० अङ्क ८ नि.न. ४७६८ पृ. ५६६१

पुण्यशिला दवाडी विरूद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषद् उत्प्रेषण परमादेश ने.का.प. २०७४ अङ्क १ नि.न. ९७४१ पृ. ४८३२

लालबहादुर थापा विरूद्ध श्री ५ को सरकार स्थानीय विकास मन्त्रालय समेत उत्प्रेषणयुक्त परमादेश सम्वत् २०५४ साल नि.न. २९३१

**वेब पेजका सामग्रीहरू**

https://shilapatra.com/detail/4732

https://ekantipur.com/news/2023/05/18/168438960810578967.html

https://www.setokhari.com/detail/5876visited

https://www.sajhasabal.com/acts-rules/83513visited

https://supremecourt.gov.np/a2jc/public/media/2019_08/d9b36832698de0165784a5f5b46cf3 36.pdf

https://www.refworld.org/pdfid/50c5e6e02.pdf

https://supremecourt.gov.np/a2jc/page/about

https://documents-dds-ny
un.org/doc/UNDOC/GEN/G21/106/53/PDF/G2110653.
pdf?OpenElement

https://www.ohchr.
rg/sites/default/files/Documents/Issues/Peoples/EMRIP/-2013-
2-en.pdf

https://supremecourt.gov.
np/a2jc/public/media/2022_05/barsik-karyayojana-.pdf

https://www.wipo.
int/export/sites/www/tk/en/resources/pdf/overview_
customary_law.pdf

## अन्तर्राष्ट्रिय कानूनहरू

The UN Charter 1945

International Convention on Elimination of All Forms of Racial Discrimination 1969

International Covenant on Civil and Political Rights 1966

International Covenant on Economic Social and Cultural Rights 1966

Indigenous and Tribal Peoples (ILO C. 169) Convention 1989

United Nations Declaration on the Rights of Indigeous Peoples 2007

संविधान सुधारमा आदिवासीहरूको सहभागिताको आवश्यकता

# ३ नेपालको संविधानमा सुधारको सन्दर्भमा आदिवासी तथा इन्टरसेक्शनालिटीको अधिकार सम्बन्धमा सिक्नुपर्ने विश्वका असल अभ्यास र सुधारको प्रस्ताव

❑ डा. कृष्ण भट्टचन

## परिचय

नेपालको दोस्रो (०६२/२०६३) जनआन्दोलनपछि बनेको अन्तरिम संविधान, २०६३[15] ले राजसंस्थाको अन्त्य तथा नेपाली जनतालाई सार्वभौम बनाएर आदिवासी, मधेसी, दलित, मुस्लिम, महिला, अपाङ्गता भएका व्यक्ति र एलजिबिटिक्यूआई+ (LGBTQIA+), मातृभाषी, हिन्दू इतर अल्पसङ्ख्यक धर्मावलम्बी लगायत सबैको अधिकार सुनिश्चित गर्ने राजनितिक प्रतिबद्धता र अन्तरिम संवैधानिक प्रावधान तथा जननिर्वाचित संविधान सभाको माध्यम प्रत्येक धारा संविधान सभाको ६ सय १ सदस्यमध्ये दुई तिहाई बहुमतले पारित गर्ने प्रावधान थियो । सबै प्रकारका जातीय (नश्लीय) भेदभाव उन्मूलन गर्ने समिति (सर्ड समिति)ले राज्य पक्ष नेपाललाई सन् २००९ मा दुई पटक पूर्व चेतावनी दिएर संविधान सभामा आदिवासीको विषय समिति बनाउने, स्वतन्त्र अग्रिम जानकारीसहितको मञ्जुरी (एफपिक) प्राप्त गर्न भएकोले सो को संयन्त्र बनाउन र संविधान सभामा आदिवासीको प्रत्यक्ष प्रतिनिधित्व सुनिश्चित गर्न पत्र काटेको थियो । यद्यपि सो को पूर्ण बेवास्ता मात्र नभई पूरै संविधान दुई तिहाई बहुमतले ठूलो भूकम्पको पीडामा जनता परेको बेला र मधेसी तथा आदिवासी आन्दोलनको सशक्त विरोधको बाबजुद मधेसीहरूलाई टाउको र छातीमा ताकी-ताकी गोली हानेर संविधान (नेपाल

---

15 https://giwmscdnone.gov.np/media/pdf_upload/%E0%A4%A8%E0%A4%AA%E0%A4%B2%E0%A4%95-%E0%A4%85%E0%A4%A8%E0%A4%A4%E0%A4%B0%E0%A4%AE-%E0%A4%B8%E0%A4%B5%E0%A4%A7%E0%A4%A8-%E0%A5%A8%E0%A5%A6%E0%A5%AC%E0%A5%A9.pdf

सरकार, २०७२) जारी गरेको थियो । विश्वको उत्कृष्ट संविधान भन्ने दाबी गरियो ।

लाहुर्निपले यो संविधानलाइ बनाइयो । विश्वको उत्कृष्ट संविधान भन्ने दाबी गरियो ।

लाहुर्निपले यो संविधानलाई केलाएर विश्लेषण गर्दा ३०८ धाराहरूमध्ये ५ वटा धाराले एकल जातीय सर्वोच्चता कायम गरेको, ११ वटा धारा आदिवासी विरूद्ध भएको, ४९ वटा धारा आदिवासीलाई बहिष्करणमा पारिएको र २३ वटा धारा आदिवासीलाई भेदभाव गरेको निर्क्योल गरेको थियो (लाहुर्निप, २०१६, पृष्ठ ख) । अन्ततः नेपालको संविधान २०७२ को संशोधन गर्ने एउटा प्रमुख उद्देश्यका साथ जुलाई २०२४ देखि नेकपा एमाले र नेपाली कांग्रेसको गठबन्धन सरकार बनेको थियो । जेनजी आन्दोलन अघिसम्म सत्तारूढ र प्रतिपक्ष दलले संविधान संशोधनको एजेण्डा समानुपातिक प्रतिनिधित्व हटाउन र कार्यकारी राष्ट्रपतिको प्रत्यक्ष निर्वाचन गर्ने सीमित उद्देश्य राखेको थियो । दलहरु सम्बद्ध बौद्धिकहरूले संविधान कार्यान्वयनमा देखा परेको समस्याको पुनरावलोकन गरी केही बृहत् रूपमा संशोधन गर्न सुझाव दिएको पाइन्छ । मधेसी तथा आदिवासीहरूले संविधान जारी हुँदा पनि संविधानको विरोधमा आन्दोलन गरी संविधान पुनर्लेखन, नयाँ संविधान लेखनको लागि सडकबाट सशक्त दबाब सिर्जना गरेको थियो, तर प्रमुख राजनीतिक दलहरूले यी मागलाई बेवास्ता गरे ।

त्यसैले नेपालको संविधान, २०७२ मा संशोधन, पुर्नलेखन, सुधार, पुनरावलोकन माग पहिलो संविधान जारी गर्दा देखिकै एजेण्डा हो । जेनजी विद्रोहअघिको नेकपा एमाले र नेपाली कांग्रेसको गठबन्धनले संविधान संशोधन गर्ने सहमति गरेपछि सार्वजनिक बहसको विषय बनेको अवस्था थियो । जेनजी विद्रोहले प्रधानमन्त्री केपी ओलीको सरकार ढालेर सुशीला कार्कीलाई प्रधानमन्त्री भएको अन्तरिम सरकार बनेपछि निर्वाचन गर्ने, संविधानमा भ्रष्टाचार अन्त्य गर्ने, 'नेपो किड'को मोजमस्ती नियन्त्रण गर्ने, सुशासन गर्ने लगायतको कार्यको लागि संविधान संशोधन निर्वाचित विधायिकाबाट गर्ने भनिएको छ ।

लाहुर्निप २०१६ ले नेपालको संविधान, २०१५ को प्रारम्भिक, आदिवासीसँग सम्बन्धित ७६ वटा धारा, अनुसूची र परिशिष्टको चिरफार गरी नयाँ थप

गर्नुपर्ने व्यवस्थासमेतको अध्ययन विश्लेषण भइसकेको छ । यसमा गरिएको व्याख्या विश्लेषण र सुझावलाई पूरक हुने गरी अझ व्यापकतासहित विश्वमा भएको असल अभ्यासबाट प्रेरणा लिएर संविधानमा आदिवासीको अधिकार के कस्तो हुनुपर्ने भनेर आदर्शको रूपमा दस्तावेजीकरण भयो भने जुनसुकै राजनीतिक शक्ति(हरू)को प्रभाव, दबाब र निर्देशनमा सार्वभौम जनताको प्रतिनिधिहरू, जो राजनीतिक दलहरू वा स्वतन्त्र भएर प्रतिनिधित्व गर्दछन्, उनीहरू सबैले यी आधारभूत अधिकारलाई केन्द्रमा राखोस् र आदिवासी आन्दोलनले पनि यसैलाई केन्द्रविन्दुमा राखेर अधिकारको दाबी गर्न सहयोग पुगोस् भन्ने पनि हो ।

जे भए पनि नेपालको संविधान, २०७२ मा ढिलो–चाँडो संशोधन, पुर्नलेखन, सुधार, पुनरावलोकन, परिमार्जन, पुनर्लेखन नगरी धर नभएको र जेनजीको विद्रोहपछि भएको प्रतिनिधिसभाको निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीले लगभग दुई तिहाई बहुमत प्राप्त गरी सरकार गठन गरेपछि निर्वाचनको बेला गरेको बाचा–पत्रअनुसार संविधान संशोधनसम्बन्धी सार्वजनिक बहसको लागि बहस–पत्र तयार गर्न कार्यदलको संयोजक तोकिसकेको छ । संविधान पुनरावलोकन, पुनर्लेखन, संशोधन, परिमार्जन, सुधार जे गरे पनि सरकारले आदिवासीसँग स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी (एफपिक) लिएर मात्र गर्ने दायित्व भएकोले आदिवासीको दृष्टिकोणबाट के गर्ने भन्नेमा आदिवासीहरू आफै र आदिवासी तथा गैरआदिवासीहरूबिच प्रष्टता नभएकोले आत्मनिर्णय, स्वायत्तता, प्रथाजनित स्वःशासन पद्धति, भूमि, भू–सिमाना तथा स्रोतमा सामूहिक स्वामित्व र नियन्त्रण अर्थात् संरक्षकत्व, एफपिक लगायतको दाबी असंवैधानिक, गैरकानूनी, समय सापेक्ष नभएको, असम्भव भएको, पुरानो जमानाको कुरा भएको जस्ता गलत धारणाको कारणले आदिवासीको अधिकारवादी आन्दोलनमा पूर्व सक्रिय भएर ज्यान दिएर लाग्न हिचकिचाहट भएको देखिन्छ । यो लेख यसै प्रष्टताको लागि पनि हो ।

आदिवासीको आधारभूत अधिकारहरू उपभोग गर्न आउने दिनमा झन्–झन् सहज हुँदै जाने, यी अधिकारहरूको दाबी र आन्दोलन राज्यले र अन्तर्राष्ट्रिय

समुदायले अख्तियार गरेको नीति तथा कानून विरोधी नभएकोले त्यस्तो हिचकिचाहट, डर आदि हटाउन सहयोग गर्नको लागि पनि आवश्यक छ । आदिवासीको सन्दर्भमा युएनड्रिप, आइएलओ महासन्धि नं. १६९, सिड जि.आर. नं. ३९ लगायतका नेपाल पक्ष राष्ट्र भएको अन्तर्राष्ट्रिय मानव अधिकारको दस्तावेजहरु तथा संयुक्त संयुक्त राष्ट्र सङ्घको सन्धि निकाय (Treaty Body) तथा राजनीतिक निकाय (Political Body)को सिफारिसका आधारमा संविधानका प्रावधानहरु बाँझिन नहुने अवस्था कायम छ । नबाँझिने गरी कार्यान्वयन गर्ने प्रतिबद्धता नेपाल सरकारले गरे पनि यस सम्बन्धमा सरकारले केही काम नगरेकोले यसरी बाँझिएको अवस्था हटाउन आवश्यक छ ।

यिनै यथार्थतालाई दृष्टिगत गरी आदिवासीहरूको सवाल, समस्या र सामाजिक न्यायलाई ध्यान दिएर गरिने यो अध्ययन संसद्, सरकार, राजनीतिक दल र आदिवासीहरूका लागि नेपालको संविधान, २०७२ मा संशोधन, पुर्नलेखन, सुधार, पुनरावलोकन जे गरे पनि उपयोगी हुने छ भन्ने विश्वास छ । यो लेखले नेपालको संविधान २०७२ को सुधार गरी आदिवासीहरूको व्यक्तिगत तथा सामूहिक मानव अधिकार तथा आदिवासी नारीवाद तथा लैङ्गिक समानता लगायतका अधिकारसहितको सम्मानित जीवन बाँच्न पाउने अवस्था सुनिश्चित गर्न सघाउ पुर्‍याउने विश्वास छ ।

विश्वका संविधानहरूमा आदिवासीको हक अधिकार सुनिश्चित भएको असल अभ्यासको अध्ययन गरी नेपालको आदिवासीको हितको लागि नेपालको संविधान, २०७२ को सबल तथा दुर्बल पक्षको अध्ययन गर्न जरूरी छ । आदिवासीहरूको सन्दर्भमा नेपालको संविधान, २०७२ मा राजनीतिक, सामाजिक, सांस्कृतिक तथा आर्थिक र विशेष गरेर आत्मनिर्णय, स्वायत्तता, प्रथाजनित स्वःशासन, भूमि, प्राकृतिक स्रोतमाथिको सम्बन्धका साथै सामूहिक स्वामित्व र नियन्त्रण, वातावरण, एफपिक लगायतका सामूहिक अधिकारका साथ आदिवासी महिला, युवा, किशोरी र बालबालिका तथा आदिवासी अपाङ्गता भएका जनताको अधिकार सुनिश्चित गर्न गर्न के कस्तो सुधार आवश्यक छ भन्ने सम्बन्धमा कर्तव्यवाहक संसद्, सरकार निजी क्षेत्र, सरोकारवाला, र अधिकारवाला र आदिवासी सबैलाई

अगाडि बढ्ने मार्गचित्रको रूपमा लिन सकिन्छ । यो लेखमा नेपालको संविधान, २०७२ को प्रस्तावनादेखि अनुसूचीसम्म भएका तथा छुटाइएका प्रावधानहरूलाई आदिवासीहरूको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डहरु, विशेष गरी आदिवासीको अधिकारसम्बन्धी संयुक्त संयुक्त राष्ट्र सङ्घको घोषणापत्र २००७, सिड समितिको आदिवासी महिला तथा किशोरीहरूको अधिकारसम्बन्धी आधारभूत सिफारिस नं. ३९ र आदिवासी जनजातिको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ तथा आदिवासीहरूको आधारभूत मूल्य र मान्यताहरूलाई केन्द्रविन्दुमा राखेर विश्लेषण गरिएको छ ।

आदिवासीको अधिकारमा केन्द्रित नाभाओ नेशन (अमेरिका), बोलिभिया, ग्रिनल्याण्ड, वाम्पी नेशन, नुनाभुत (क्यानडा), भारतको संविधान विशेष गरी पाँचौँ (Fifth) तथा छैटौँ (Sixth) अनुसूची (Schedule) चीनको संविधानमा राष्ट्रिय अल्पसङ्ख्यक सम्बन्धी प्रावधान तथा फिलिपिन्सका आदिवासीको अधिकारसम्बन्धी ऐन (ईप्रा) लगायतको डेस्क अध्ययन गरेर असल पाठलाई उपयोग गर्न ध्यान दिइएको छ । नेपाल तथा विश्वका आदिवासीहरूको अधिकार सम्बन्धमा अनुसन्धाताको दशकौंको सहभागीमूलक अवलोकन, अध्ययन, अनुसन्धान, अवलोकन, प्राध्यापन तथा जन वकालत आदिको अनुभवको पनि व्याख्या विश्लेषणमा उपयोग गरिएको छ । यसमा सङ्ख्यात्मकभन्दा गुणात्मक तथ्याङ्कको उपयोग गरिएको छ । प्रमाणको स्रोतहरु केही प्राथमिक र धेरै द्वितीयहरूमा आधारित छ । आदिवासीवाद तथा आदिवासी नारीवादको दृष्टिकोणबाट तथ्य, तथ्याङ्क तथा जानकारीको व्याख्या, विश्लेषण र प्रस्तुत गरिएको छ ।

नेपालको संविधान २०७२ मा केही नाम मात्रको अधिकार भए पनि धेरैजसो अधिकारविहीन अवस्था छ । संविधान संशोधन, पुर्नलेखन, सुधार, परिमार्जन, पुनरावलोकन जे गरे पनि आदिवासीको दृष्टिकोणबाट के गर्ने भन्ने प्रष्टता कर्तव्यवाहक, अधिकारवाला तथा सरोकारवाला सबैलाइ आवश्यक छ, तर हालसम्म यसको नितान्त अभाव छ ।

आदिवासीहरूको सन्दर्भमा नेपालको संविधान, २०७२ सुधार विषयको यो अध्ययनलाई दुई खण्डमा बाँडेर राजनीतिक, सामाजिक र सांस्कृतिक,

आर्थिक (भूमि, प्राकृतिक स्रोतमाथि सम्बन्धका साथै सामूहिक स्वामित्व र नियन्त्रण), वातावरण तथा इन्टरसेक्शनालिटीको अधिकार सम्बन्धमा यो लेख केन्द्रित छ ।

## आदिवासी तथा इन्टरसेक्शनालिटीको अधिकार सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी आधार

राजनीतिक, सामाजिक र सांस्कृतिक, आर्थिक (भूमि, प्राकृतिक स्रोतमाथि सम्बन्धका साथै सामूहिक स्वामित्व र नियन्त्रण), वातावरण तथा इन्टरसेक्शनालिटीको अधिकारका सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी आधार प्रष्ट छ । आदिवासीको राजनैतिक अधिकार भन्नाले मूलतः अन्तरनिहित सार्वभौमिकताको अधिकार, आत्मनिर्णयको अधिकार, स्वायत्तताको अधिकार, प्रथाजनित स्वःसुशासन पद्धति तथा स्वःसुशासित संस्थाको अधिकार र उपनिवेशवादी राज्य संयन्त्र हरेक तह र तप्कामा समान तथा अविभेदको अधिकार लगायत पर्दछन् । सामाजिक तथा सांस्कृतिक अधिकारका सम्बन्धमा पृथक सामूहिक पहिचानको अधिकार, प्रथाजनित कानूनबाट राजनीतिक, सामाजिक तथा सांस्कृतिक र भूमि, भू–सिमाना तथा स्रोत, तथा जन्मदेखि पितृ हुँदासम्मको संस्कार, चाडपर्व, नाचगान, खानपान लगायतको नियमनको अधिकार पर्दछ । भूमि तथा प्राकृतिक स्रोतको सम्बन्धमा सामूहिक स्वामित्व तथा नियन्त्रणको अधिकार, सामूहिक संरक्षकत्वको अधिकार लगायत पर्दछ । राज्य, उपनिवेशवादीले आदिवासीको स्वतन्त्र अग्रिम जानकारीसहितको मञ्जुरी प्राप्त नगरी युद्ध, धर्मशास्त्र, सन्धि, संविधान, ऐन कानून, नीति, नियम, विकास आदिको नाममा खोसेको, लुटेको, कब्जा गरेका भूमि, भू–सिमाना तथा स्रोतहरु सम्बन्धित आदिलाई नै फिर्ता गर्ने अधिकार पर्दछ । साथै, आदिवासीवाद, आदिवासी नारीवाद र समतामूलक (श्रेणीगत तहविहिन) सामाजिक संरचनालाई संरक्षण, संवर्धन तथा प्रवर्धन गर्ने अधिकार पनि पर्दछ । असैन्यकरण गर्ने (Demilitarization), विउपनिवेशीकण गर्ने लगायतको अधिकार पर्दछ ।

राजनीतिक, सामाजिक र सांस्कृतिक, आर्थिक (भूमि, प्राकृतिक स्रोतमाथि), वातावरण तथा इन्टरसेक्शनालिटीको अधिकार सम्बन्धमा निम्न संवैधानिक प्रावधान तथा सर्वोच्च अदालतको फैसला राष्ट्रिय कानूनी आधार हुन् ः

- नेपालको संविधान, २०७२ लाई आदिवासी तथा मधेसी आन्दोलनले स्वामित्व र अपनत्व ग्रहण नगरेको भए पनि संविधानको धारा ५६ (५) मा भएको प्रावधान 'संघीय कानून बमोजिम सामाजिक सांस्कृतिक संरक्षण वा आर्थिक विकासका लागि विशेष, संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्न सकिनेछ ।' यो आदिवासीको लागि पर्याप्त नभए पनि सकारात्मक छ ।

- नेपालको सर्वोच्च अदालतले गरेको केही फैसलाहरूले आदिवासीको अधिकार अन्तर्राष्ट्रिय कानून बमोजिम घरेलुकरण गरी प्रत्याभूत गर्न सकारात्मक छ, तर फैसला र आदेशको कार्यान्वयन शून्य भएको अवस्था आदिवासीको मानव अधिकारको अवस्था झनै खस्किरहने पनि देखिन्छ । जे भए पनि आदिवासी आन्दोलन समुदायले सर्वोच्च अदालतको निम्न फैसलाहरूलाई आदिवासी अधिकारको दाबीको अर्को कानूनी आधार हुन् ।

    - नेपालका आदिवासीहरूको मानव अधिकारसम्बन्धी वकिल समूह (लाहुर्निप)को तर्फबाट अधिवक्ता शंकर लिम्बू लगायत विरूद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको मुद्दामा सर्वोच्च अदालत, संयुक्त इजलासमा माननीय न्यायाधीश श्री सुष्मालता माथेमा र माननीय न्यायाधीश डा. कुमार चुडालले २५ माघ २०८० मा गरेको फैसला (074-WO-0053) आदेशअनुसार 'आफूले अनुमोदन गरी कार्यान्वयनका लागि नीतिगत प्रतिबद्धता गरे अनुरूपका अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि १६९ र आदिवासी जनजाति अधिकारसम्बन्धी संयुक्त संयुक्त राष्ट्र सङ्घीय घोषणापत्र, २००७ कार्यान्वयनको लागि आवश्यक पर्ने कानून एवम् नीति निर्माण संघ तथा प्रदेश तहका कार्यपालिकीय, व्यवस्थापकीय एवम् स्थानीय निकाय समेतले गर्नु गराउनू र यस सम्बन्धमा व्यवस्थापिका संसद्मा विचाराधीन विधेयकहरु उपरोक्त महासन्धि र घोषणापत्रको मर्म र भावना अनुरूप हुने गरी पारित वा संशोधन वा परिमार्जन गर्नु गराउनू भनी व्यवस्थापिका संसद् सचिवालय र नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको नाममा यो निर्देशनात्मक आदेश जारी गरिदिएको छ ।'

(यो महत्वपूर्ण फैसलाको पूर्ण पाठमा भएको आदेशको अन्तिम पृष्ठ परिशिष्ट १ मा हेर्नुहोला) ।

- भुवन बरामु लगायत विरूद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको मुद्दामा सर्वोच्च अदालतको संयुक्त इजलासले १६ पुस २०७५ मा गरेको फैसला (074-WO-0239) अनुसार 'संविधानमा उल्लिखित प्रावधान केवल आलङ्कारिक विषयवस्तु मात्र नभएर जनताको प्रत्यक्ष सरोकार रहेको विषयवस्तुसमेत भएको हुँदा उक्त बराम जातिको संरक्षणको लागि आवश्यक कानूनसमेत बनाउन पर्ने देखिँदा माथि उल्लिखित क्षेत्रहरूलाई विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको निर्माण गर्न आवश्यक कानून बनाउन भनी विपक्षीहरूको नाममा यो निर्देशनात्मक आदेश जारी गरी दिएको छ ।'

  विपक्षीमा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रलालय, व्यवस्थापिका संसद्, कानून, न्याय तथा संसदीय मन्त्रालय तथा भीमसेन, सुलिकोट तथा आरूघाट गाउँपालिकाहरु छन् । यो महत्वपूर्ण फैसलाको पूर्ण पाठ परिशिष्ट १ मा हेर्नुहोला ।

  यो फैसलाको महत्व स्वायत्त, विशेष र संरक्षित क्षेत्र आदिवासीहरूको नैसर्गिक अधिकार भएकोले यस्लाई संविधानको कागजमा सीमित नगरी व्यवहारमा आदिवासीहरूले उपभोग गर्न पाउनुपर्ने कानूनी सिद्धान्तहरु (Legal Theories) लगायतका विधिशास्त्र (Jurisprudence) प्रतिपादन गर्दछ ।

- निवेदकः नेपाली आदिवासीहरूको मानव अधिकारसम्बन्धी वकिल समूह (लाहुर्निप), काठमाडौंको तर्फबाट सचिव अधिवक्ता शंकर लिम्बूसमेत तथा विपक्षीः सम्माननीय प्रधानमन्त्री, प्रधानमन्त्री तथा मन्त्रीपरिषद् को कार्यालयसमेत (०६५-WO-०४७५) सर्वोच्च अदालत, संयुक्त इजलासमा सम्माननीय का.मु. प्रधानन्यायाधीश श्री दामोदरप्रसाद शर्मा र माननीय न्यायाधीश सुशीला कार्कीले ८ वैशाख २०७० मा गरेको उत्प्रेषणयुक्त परमादेशसमेत (निर्णय नं. ८९९०) मा यस्तो उल्लेख छः

'... तर निवेदनमा उठाइएका संविधान सभामा हुनुपर्ने प्रतिनिधित्वसम्बन्धी प्रश्नहरु आगामी संविधान सभाको निर्वाचनको सन्दर्भमा समेत प्रासङ्गिक देखिएकोले अब गठन हुने संविधान सभामा आदिवासी/जनजाति लगायत आर्थिक, सामाजिक रुपले पछाडि परेको एवम् सीमान्तकृत वर्ग वा समुदायको प्रतिनिधित्व कसरी गर्दा सार्थक एवम् प्रभावकारी हुन्छ, नेपालसमेत पक्ष रहेको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धि, १९६६, आर्थिक, सामाजिक सांस्कृतिक अधिकारसम्बन्धी महासन्धि, १९६६, अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ लगायतका अन्तर्राष्ट्रिय कानून तथा सभ्य मुलुकहरुले प्रयोग गरी आएको स्थापित परम्परा समेतको अध्ययन अनुसन्धान गरी यसबाट प्रभावित विभिन्न पक्षहरुसँग छलफल, विचार–विमर्श गरी नेपालको सन्दर्भमा अब गठन हुने संविधान सभामा संविधानले अङ्गिकार गरेको सिद्धान्त र भावनाअनुसार आदिवासी/जनजाति लगायत सीमान्तकृत तथा पिछडिएका वर्गको सार्थक एवम् प्रभावकारी प्रतिनिधित्वका लागि के कस्तो व्यवस्था उपयुक्त हुन्छ ? सो प्रयोजनका लागि संविधान सभा सदस्य निर्वाचन ऐन २०६४, संविधान सभा सदस्य निर्वाचन नियमावली, २०६४, संविधान सभा नियमावली, २०६५ लगायतका कानूनहरुमा के कस्तो संशोधन वा परिमार्जन आवश्यक पर्छ ? सोका निमित्त आवश्यक पहल गर्नू भनी विपक्षीहरुको नाममा निर्देशनात्मक आदेश जारी हुने ठहर्छ । आदेश कार्यान्वयनका लागि विपक्षीहरुलाई जानकारी दिनुका साथै आदेश कार्यान्वयन अनुगमनको लागि प्रस्तुत आदेशको एक प्रति फैसला कार्यान्वयन निर्देशनालयलाई समेत पठाइ दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइदिनू ।'

नेपाल सरकारले उक्त परमादेश कार्यान्वयन नगरेर आदिवासीको मानव अधिकारको उल्लङ्घन गर्नुको साथै सर्वोच्च अदालतको पनि अवहेलना गरेको प्रष्टै देखिन्छ । जे भए पनि, ऐतिहासिक जेनजी आन्दोलनले सिर्जना गरेको अहिलेको असाधारण परिस्थितिमा जेनजी आन्दोलनकारीले प्रधानमन्त्री छनोट गरेको पूर्व प्रधानन्यायाधीस सुशीला कार्कीको जनादेश प्रतिनिधिसभाको निर्वाचन गर्ने, गराउने,

भ्रष्टाचारीलाई कडा कारवाही गर्ने, सुशासन कायम गर्ने तथा सामाजिक सञ्जाल लगायतलाई खुल्ला राख्नेमा केन्द्रित भएकोले यो फैसला गर्नुहुने न्यायाधीश आफै प्रधानमन्त्री भएको अवस्थामा अब गरिने निर्वाचनमा आदिवासीको यो आधारभूत अधिकारलाई के कसरी कार्यान्वयन गर्नुहुन्छ होला भन्ने प्रश्न खडा भएको अवस्था छ । स्वाभाविक रूपमा प्रश्न उठ्छ, सर्वोच्चको निदेशनात्मक आदेश दिनेले नै कार्यान्वयन नगर्ने हो भने कसले गर्ला त ? यसले आदिवासीका मानव अधिकारको उपभोग गर्न कति समस्याग्रस्त अवस्था छ प्रष्ट हुन्छ । तै पनि अदालती निर्णय प्रक्रियामा नजिरको महत्व हुने भएकोले यसको महत्व भविष्यको कानूनी लडाइँमा आधार भने रहिरहने देखिन्छ ।

- निवेदक नेपालका आदिवासीहरूको मानव अधिकारसम्बन्धी वकिल समूह (लाहुर्निप) अनामनगर, काठमाडौंको तर्फबाट अधिवक्ता शंकर लिम्बू समेत विरूद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय समेत (०७४-WO-००५३) सर्वोच्च अदालत, संयुक्त इजलासमा माननीय न्यायाधीश श्री सुष्मालतता माथेमा र माननीय न्यायाधीश डा. श्री कुमार चुडालले २५ माघ २०८० मा गरेको परमादेश प्रतिक्षेत्र समेतमा यस्तो उल्लेख छः

  '.... आदिवासी, जनजातिहरूको समस्या शान्तिपूर्ण, वैधानिक र न्यायिक रूपमा समाधान गर्न विपक्षीहरूले आफूले अनुमोदन गरी कार्यान्वयनका लागि नीतिगत प्रतिबद्धता गरे अनुरूपका अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ र आदिवासी जनजाति अधिकारसम्बन्धी संयुक्त संयुक्त राष्ट्र सङ्घीय घोषणापत्र, २००७ कार्यान्वयनको लागि आवश्यक पर्ने कानून एवम् नीतिनिर्माण संघ तथा प्रदेश तहका कार्यपालिकीय, व्यवस्थापकीय एवम् स्थानीय निकाय समेतले गर्नु गराउनू र यस सम्बन्धमा व्यवस्थापिका संसद्मा विचाराधीन विधेयकहरु उपरोक्त महासन्धि र घोषणापत्रको मर्म र भावना अनुरूप हुने गरी पारित वा संशोधन वा परिमार्जन गर्नु गराउनू भनी व्यवस्थापिका संसद् सचिवालय र नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको नाममा यो निर्देशनात्मक आदेश जारी गरिदिएको छ ।'

सर्वोच्चको यो आदेशको महत्व आइएलओ महासन्धि नं. १६९ र युएनड्रिपलाई कार्यान्वयन गर्ने अधिकार संघ र प्रदेशलाई मात्र नभएर स्थानीय सरकारलाई पनि दिएको छ । कतिपय स्थानीय तहमा आदिवासीको जनसङ्ख्या बहुल र निर्णायक भएकोले यी दुवैको कार्यान्वयन गर्न सहज देखिन्छ ।

- सोलुखुम्बू जिल्ला साविक तिङ्ला गा.वि.स. वडा नं. ६ परिवर्तित सोलु-दुधकुण्ड न.पा. वडा नं. ११ घर भई हाल ऐ.ऐ. वडा नं. ७ बस्ने दत्तसिंह बस्नेत समेत तथा विपक्षीः नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसमेत (०७४-WO-१०३१) सर्वोच्च अदालत, संयुक्त इजलासमा माननीय न्यायाधीश श्री सुष्मालता माथेमा र माननीय न्यायाधीश श्री तिलप्रसाद श्रेष्ठले ९ असोज २०८० मा गरेको उत्प्रेषण, परमादेश समेतमा यस्तो उल्लेख छः

  'साथै आगामी दिनमा कुनै पनि आयोजना निर्माण कार्य अघि बढाउँदा नेपालले अनुमोदन तथा कार्यान्वयन गर्ने प्रतिबद्धता जनाएका अन्तर्राष्ट्रिय श्रम संगठनसम्बन्धी महासन्धि नं. १६९, आदिवासी, जनजातिसम्बन्धी संयुक्त संयुक्त राष्ट्र सङ्घीय घोषणापत्र २००७, व्यवसाय र मानव अधिकारसम्बन्धी सिद्धान्त, २०११ र विकासको अधिकारसम्बन्धी संयुक्त संयुक्त राष्ट्र सङ्घीय घोषणापत्र १९८६ को कार्यान्वयन पक्षमा ध्यान दिई विकास निर्माण कार्य अघि बढाउनू भनी नेपाल सरकारलाई लेखी पठाउनू ।'

  आइएलओ महासन्धि युएनड्रिपको कार्यान्वयन सम्बन्धमा सर्वोच्च अदातलतको अन्य फैसलाले पनि बोलेको छ, तर यो फैसलाको महत्व यी दुई मात्र नभएर व्यवसाय र मानव अधिकारसम्बन्धी सिद्धान्त, २०११ र विकासको अधिकारसम्बन्धी संयुक्त संयुक्त राष्ट्र सङ्घीय घोषणापत्र १९८६ को कार्यान्वयन समेतमा बोलेकोले विशेष महत्वको छ । अब आउने फैसलाहरूमा सिड जि.आर. नं. ३९ समेत उल्लेख हुने निश्चित छ, तर हालसम्म उल्लेख नभए पनि असल आस्थाको (गुड फेथ)को आधारमा समेट्नुपर्ने हुन्छ । सिड जि.आर. नं. ३९ युएनड्रिपमा

आधारित दस्तावेज भएकोले युएनड्रिप आदिवासी महिलाको पनि बराबर अधिकारको दस्तावेज भएकोले यसैले पनि समेट्ने हुन्छ ।

- यस अतिरिक्त लिम्बू (याक्थुङ) सँग राजा पृथ्वीनारायण शाहले गरेको १७७४ को सन्धि लगायत विभिन्न कालखण्डमा राज्य पक्षसँग भएको सन्धि सम्झौता, संघीय लिम्बूवान राज्य परिषद् लगायतका आदिवासी आन्दोलनकारीसँग सरकारले गरेको सम्झौताहरु पनि अर्को थप आधार हुन् ।
- मानव अधिकारसम्बन्धी पाँचौँ राष्ट्रिय कार्ययोजना (आ.व. २०७७/७८–२०८१/८२) मा 'आदिवासी जनजातिको अधिकारको संरक्षण र प्रवर्धन गर्न मौजुदा कानूनको पुनरावलोकन, सुधार र कार्यान्वयन गर्ने' उद्देश्य राखी 'आदिवासी जनजातिसँग सम्बन्धित मौजुदा कानूनको पुनरावलोकन, सुधार र कार्यान्वयन गर्ने,' र 'नेपाल पक्ष भएका आदिवासी जनजातिको अधिकार संरक्षण गर्ने सम्बन्धी महासन्धिको कार्यान्वयन गर्ने' भनेको छ । व्यवहारमा सरकारले आदिवासीसम्बन्धी यसको कार्ययोजना कार्यान्वयन गर्न बेवास्ता गरेको छ ।
- नेपालले संविधान सुधार वा संशोधन वा पुनर्लेखन वा नयाँ लेख्दा राजनीतिक संरचना तथा राजनीतिक अधिकार नेपाल पक्ष भएको निम्न अन्तर्राष्ट्रिय कानून अर्को महत्वपूर्ण आधार हो :
- नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ को 'धारा १ १. सम्पूर्ण जनताहरूलाई आत्मनिर्णयको अधिकार छ । त्यस अधिकारको कारणबाट नै उनीहरु स्वतन्त्रतापूर्वक आफ्नो राजनैतिक हैसियत निर्धारण गरी स्वतन्त्रतापूर्वक आफ्नो आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासमा लाग्दछन् ।'
- आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ को धारा १ 'धारा १ १. सम्पूर्ण जनताहरूलाई आत्मनिर्णयको अधिकार छ । त्यस अधिकारको कारणबाट नै उनीहरु

स्वतन्त्रतापूर्वक आफ्नो राजनैतिक हैसियत निर्धारण गरी स्वतन्त्रतापूर्वक आफ्नो आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासमा लाग्दछन् ।'[16]

- आदिवासीको अधिकारसम्बन्धी संयुक्त संयुक्त राष्ट्र सङ्घको घोषणापत्र, २००७[17] मा निम्न उल्लेखित लगायतका ४६ वटै धाराहरू:
- 'आदिवासी जनजातिलाई आत्मनिर्णयको अधिकार हुन्छ । त्यस अधिकारका कारण उनीहरू आफ्नो राजनीतिक स्थितिबारे स्वतन्त्र रूपमा निर्णय गर्दछन् र आफ्नो आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासको खोजी गर्दछन् ।' (धारा ३)
- 'आदिवासी जनजातिलाई उनीहरूको आत्मनिर्णयसम्बन्धी अधिकार उपभोग गर्दा आफ्ना आन्तरिक तथा स्थानीय मामिलासँग सम्बन्धित कुराहरू एवम् आफ्ना स्वायत्त कार्यहरूमा लगानी गर्ने उपाय र माध्यमहरूबारे स्वायत्त हुने वा स्वशासनको अधिकार हुन्छ ।' (धारा ४)
- 'आदिवासी जनजातिहरूले चाहेमा राज्यको राजनीतिक, कानूनी, आर्थिक, सामाजिक तथा सांस्कृतिक जीवनमा पूर्ण रूपमा सहभागी बन्ने अधिकार कायम राख्दै, उनीहरूलाई आफ्नो पृथक् राजनीतिक, कानूनी, आर्थिक, संस्थाहरू कायम राख्ने र तिनलाई सबल बनाउने अधिकार छ ।' (धारा ५)
- 'आदिवासी जनजातिलाई आफ्नो अधिकारमाथि असर गर्ने विषयहरूसँग सम्बन्धित निर्णय प्रक्रियामा आफ्नै कार्यविधिअनुरूप आफैले छानेका प्रतिनिधिहरूमार्फत सहभागी बन्ने एवम् आफ्नै निर्णयकारी आदिवासी संस्थाहरूलाई कायम राख्ने तथा विकास गर्ने अधिकार छ ।' (धारा १८)

---

16 https://www.lahurnip.org/uploads/resource/file/
https://www.lahurnip.org/uploads/resource/file/

17 https://www.lahurnip.org/uploads/resource/file/undrip-compressed.pdf

- 'आदिवासी जनजातिलाई असर गर्न सक्ने कानूनी वा प्रशासनिक उपायहरु अवलम्बन वा कार्यान्वयन गर्नुपूर्व राज्यहरूले स्वतन्त्र, पूर्व (अग्रिम) र सूचित (जानकारीसहितको) मन्जुरी प्राप्त गर्न सम्बन्धित आदिवासी जनजातिका आफ्नै प्रतिनिधिमूलक संस्थाहरुमार्फत उनीहरूसँग असल नियतले परामर्श र सहयोग गर्नेछन् ।' (धारा १९)
- 'आदिवासी जनजातिलाई आफ्नो राजनीतिक, आर्थिक र सामाजिक प्रणाली वा संस्थाहरु कायम राख्ने र तिनको विकास गर्ने, जीविकोपार्जन तथा विकासका आफ्नै माध्यमहरूको उपभोगमा सुरक्षित रहने र आफ्ना सम्पूर्ण परम्परागत एवम् अन्य आर्थिक क्रियाकलापहरुमा स्वतन्त्रपूर्वक संलग्न हुने अधिकार छ ।' (धारा २० (१))
- 'आदिवासी जनजातिलाई परम्परादेखि नै आफ्नो स्वामित्वमा रहेका वा उनीहरूले अन्य किसिमले बसोबास गरी प्रयोग गर्दै आएका जमिन, भूभाग, पानी र तटवर्तीय समुद्र तथा अन्य संशाधनसँगको उनीहरूको पृथक् आध्यात्मिक सम्बन्धलाई कायम राख्ने तथा सुदृढ पार्ने तथा यस सम्बन्धमा भावी पुस्ताप्रतिको आफ्नो उत्तरदायित्व वहन गर्ने अधिकार छ ।' (धारा २५)

- अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं १९८९[18] को आदिवासी जनजातिको परिभाषासम्बन्धी धारा १ लगायतका ४४ वटै धाराहरुः
  - धारा १ (१). 'यो महासन्धि देहायका जनजाति तथा जनताहरूको हकमा लागू हुने छ,

    क) सामाजिक, सांस्कृतिक र आर्थिक अवस्थाहरूले राष्ट्रिय समुदायका अन्य समूहहरूबाट फरक रहेका, जसको अवस्था आफ्नै परम्परा वा प्रथा वा विशेष कानून वा नियमहरूको कारणबाट पूर्ण वा आंशिक रूपमा नियमित हुने हैसियत भएका स्वतन्त्र मुलुकका आदिवासी जनजातिहरु ।'

18 https://www.lahurnip.org/uploads/resource/file/ilo-convention-169-nep.pdf

(ख) 'विजय गरिएका वा औपनिवेशीकरणका वर्तमान राज्य सीमानाको स्थापना हुँदाका बखत कुनै मुलुक वा सो मुलुक रहेको कुनै भौगोलिक क्षेत्रमा बसोबास गरेका बासिन्दाहरूको वंश भएको कारणले आदिवासी मानिने र आफ्नो कानूनी हैसियत जस्तोसुकै भए तापनि आफ्नो केही वा सबै सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक संस्थाहरु कायम राख्ने स्वतन्त्र मुलुकका जनताहरु ।'

धारा १ (२) 'आदिवासी जनजातिको रूपमा स्व-पहिचान यस महासन्धिका व्यवस्थाहरु लागू हुने समूहहरूको निर्धारण गर्नका लागि एउटा मौलिक मापदण्ड मानिने छ ।

धारा १ (३). 'यस महासन्धिमा प्रयुक्त जनता शब्दलाई अन्तर ाष्ट्रिय कानून अन्तर्गत सो शब्दले जनाउन सक्ने अधिकारहरूका सम्बन्धमा कुनै पनि प्रभाव पार्ने गरी व्याख्या गरिने छैन ।'

- महिला विरूद्ध हुने भेदभाव उन्मुलन गर्ने समितिको महिला विरूद्ध हुने सबै किसिमका भेदभाव उन्मुलन गर्ने महासन्धि सम्बन्धमा आदिवासी महिला तथा किशोरीहरूको सम्बन्धमा आधारभूत सिफारिस नं. ३९ (सिड जि.आर. ३९) को धारा (५७) मा राज्य-पक्षलाई समितिका सुझाव तथा सिफारिसहरु यस्तो छः

(क) आदिवासी समुदाय तथा किशोरीहरूको भूमिमाथिको व्यक्तिगत तथा सामूहिक अधिकार तथा उनीहरूको परम्परागत भूमिसम्बन्धी कार्य प्रणालीद्वारा समेटिएको र उनीहरूको भूमिमाथिको नियन्त्रणलाई मान्यता प्रदान गरिनुपर्दछ ।

(ख) उनीहरूको आत्मनिर्णयको अधिकार, उनीहरूको भौगोलिक क्षेत्र, भूमि तथा प्राकृतिक स्रोतहरूमाथि टिकेको उनीहरूको अस्तित्व तथा पहिचानलाई कानूनी रूपमा, राष्ट्रियस्तरमा सन्धि सम्झौता, संविधान र कानुनहरूमा मान्यता प्रदान गर्नुपर्दछ ।'

सिडको १४ नोभेम्बर २०१८ को निष्कर्ष अवलोकन तथा सिफारिसको ४१(**क) मा उल्लेखित सिफारिस ४१ (क) 'आदिवासीको**

**अधिकारसम्बन्धी संयुक्त संयुक्त राष्ट्र सङ्घको घोषणापत्र अनुरूप आदिवासी महिलाको अधिकार, विशेष गरी उनीहरूको आत्मनिर्णयको अधिकार स्पष्ट रूपमा पहिचान गर्न संविधान संशोधन गर्ने;'** भनी सिफारिस गरेकोमा कार्यान्वयन भएको नदेखेपछि सिडको २८ अप्रिल २०२५ को निष्कर्ष अवलोकन तथा सिफारिस (CEDAW/C/NPL/CO/7) को ४७ (क) मा उक्त सिफारिस यसरी दोहोऱ्याएको छः

**'आत्मनिर्णयको अधिकार लगायत आदिवासी महिलाको अधिकार आदिवासीको अधिकारसम्बन्धी संयुक्त संयुक्त राष्ट्र सङ्घको घोषणापत्र अनुरूप प्रष्ट रूपमा पहिचान गर्न संविधान संशोधन गर्ने ।'**

यो सिफारिस पनि अहिलेसम्म कार्यान्वयन भएको देखिँदैन । यो सिफारिस पनि अहिलेसम्म कार्यान्वयन भएको देखिँदैन । आदिवासी महिला तथा किशोरीहरूका अधिकार सम्बन्धमा आधारभूत सिफारिस नं. ३९ (CEDAW General Recommendation No 39 on the Rights of Indigenous Women & Girls) सिडले प्रत्याभूत गरेको निम्न अधिकारहरु लगायतका सबै अधिकारहरु प्रत्याभूत हुनुपर्नेः

- "भूमिमाथिको व्यक्तिगत तथा सामूहिक अधिकार, तथा परम्परागत भूमिसम्बन्धी कार्य प्रणालीद्वारा समेटिएको र भूमिमाथिको नियन्त्रणलाई मान्यता प्रदान गरिनुपर्दछ ।" (५७ क)
- "आत्मनिर्णयको अधिकार, भौगोलिक क्षेत्र, भूमि तथा प्राकृतिक स्रोतहरूमाथि टिकेको अस्तित्व तथा पहिचानलाई कानूनी रूपमा, राष्ट्रियस्तरमा सन्धि सम्झौता, संविधान र कानूनहरूमा मान्यता प्रदान गर्न ।" (५७ ख)
- "भौगोलिक क्षेत्रहरु तथा भूमिमा आर्थिक विकास, उत्खनन, जलवायु न्युनीकरणसम्बन्धी परियोजनाहरु लागू गर्दा प्राकृतिक स्रोतहरूलाई असर पुग्ने कुनै पनि कार्यहरु लागू गर्नुभन्दा पहिले स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी अपरिहार्य रूपले लिनुपर्दछ र यी प्रक्रियाहरूलाई मार्गदर्शन गर्न प्रोटोकल बनाउन ।" (५७ ग)

- ❑ "भूमि, भौगोलिक क्षेत्रहरु तथा वातावरणमाथि निजी क्षेत्रहरूबाट हुने अधिकारलाई कमजोर पार्ने कार्यलाई रोकथाम तथा नियमन गर्ने, दण्ड सजायको उपायहरु अपनाउनुपर्ने, अन्य वैकल्पिक उपायहरूको उपलब्धता सुनिश्चितता गरिनुपर्ने, क्षतिपूर्ति सुनिश्चितता गर्नुपर्ने, मानव अधिकार उल्लंघन सम्बन्धी कार्यलाई रोकथाम गर्न ।" (५७ घ)
- ❑ "आदिवासी महिला तथा किशोरीहरूको राजनीतिक तथा सार्वजनिक जीवनका सबै तहतप्कामा अर्थपूर्ण, यथार्थपरक तथा पूर्ण जानकारीमूलक सहभागितालाई प्रोत्साहन तथा बढावा दिन्छ । यस प्रकारले सहभागिता तहको निर्णय लिने तथा कार्यान्वयन गर्ने स्थानमा अस्थायी तथा विशेष नीतिहरु वा योजनाहरूमा कोटा प्रणाली, लक्ष्यहरु, प्रोत्साहन तथा प्रयत्नहरूले प्रतिनिधित्वमा समानता निर्माण गर्दछ भन्ने विषयहरु समावेश गरिएको छ ।" (४६ क)
- ❑ "मतदानको अधिकार, सार्वजनिक जीवनमा सहभागी हुने, चुनावमा उम्मेदवार हुने साथै उनीहरूलाई सार्वजनिक सेवा र नीति निर्माण तहमा प्रोत्साहन गर्ने विषयमा आदिवासी महिला तथा किशारीहरूलाई र समाजलाई यससम्बन्धी जानकारी तथा सूचना दिनुपर्दछ । अपाङ्गता भएका तथा अशक्त महिला तथा बालिकाहरूले प्रयोग गर्न सक्ने साङ्केतिक भाषा, सजिलै पढ्न सक्ने ब्रेल पुस्तक आदिको सुविधाहरु उपलब्ध गराउने नीतिको निर्माण गर्नुपर्दछ ।" (४६ ग)

- सबै किसिमको जातीय (नश्लीय) भेदभाव अन्त्य गर्ने समितिको आदिवासीको अधिकार सम्बन्धमा गरेको आधारभूत सिफारिस नं. २३ (१९९७) जसमा एफपिकको साथै सामुदायिक भूमि, भू-सिमाना तथा स्रोतहरूमाथिको स्वामित्व, विकास, नियन्त्रण र उपयोगको प्रत्याभूति र विशिष्ट पहिचान, प्रथा परम्पराको संरक्षण, संवर्धन र प्रवर्धनको अधिकार प्रत्याभूत छ ।
- आदिवासी बालबालिकाको अधिकार सम्बन्धमा बालअधिकार महासन्धि समितिको आधारभूत सिफारिस नं. ११ (२००९) ले आदिवासी बालबालिकाको पहिचान, भाषा, संस्कृति लगायतको अधिकार प्रत्याभूत गरेको छ ।

- आदिवासीको विश्व सम्मेलन २०१४ को परिणामापत्रमा आत्मनिर्णय, स्वायत्तता, प्रथाजनित स्वःशासन, भूमि, भू-सिमाना तथा स्रोतमा आदिवासीको सामूहिक स्वामित्व र नियन्त्रण, एफपिकको कार्यान्वयनमा प्राथमिकता लगायतको अधिकार प्रत्याभूत गरेको छ ।
- अपाङ्गता भएको आदिवासीका सम्बन्धमा सिआरपिडिमा अधिकार प्रत्याभूत गरेको छ ।
- आदिवासी एलजिबिटिक्यूआई+को सम्बन्धमा योज्ञकार्ता सिद्धान्त १० जोडमा अधिकार प्रत्याभूत गरेको छ ।

## विश्वका विभिन्न देशहरूका संविधानमा आदिवासी तथा इन्टरसेक्शनालिटीको अधिकार प्रत्याभूतिको असल अभ्यास

कतिपय आदिवासी बौद्धिक, नेतृत्व, समुदायका सदस्य तथा शुभचिन्तकहरूले संविधानमा आदिवासीको आत्मनिर्णय, स्वायत्तता, प्रथानित स्वःशासन, भूमि, भू-सिमाना तथा स्रोतमा सामूहिक स्वामित्व र नियन्त्रण, एफपिक, भूमि फिर्ता आदि आजको विश्वमा असम्भव छ भन्ने गरेको सुनिन्छ । कतिपयलाई विश्वमा आदिवासीको अधिकार संविधानमा के कसरी सुनिश्चित गरेको छ र भूमि फिर्ता आन्दोलनको माध्यम कसैले शताब्दी संघर्ष गरेर कसैले हालैको संघर्षको माध्यम भूमि फिर्ता पाएका छन् भन्ने बारे जानकार देखिँदैन । कतिपय भने विश्वको कुन देशहरूमा आदिवासीले के, कस्तो र कति अधिकार के कसरी पाएको छ भन्ने बारेमा जिज्ञासा राखेको पाइन्छ । कतिपयले आदिवासीको अधिकारको माग ठिक हो तर स्वायत्तता र प्रथाजनित स्वःशासन तथा भूमि, भू-सिमाना तथा स्रोतमा सामूहिक स्वामित्व र अधिकारको माग गैरकानूनी, अतिवादीजस्तो लागेको पनि देखिन्छ । कतिपय कार्यक्रमहरूमा विश्वका विभिन्न देशहरूमा आदिवासीहरूले संघर्ष माध्यम के, कस्ता र कतिसम्मको अधिकार पाएको छ भनेर जानकारी पाएपछि भने ए अन्त त्यस्तो पो रहेछ, त्यसो भए त्यो त हामी कहा पनि सम्भव रहेछ पनि भन्ने गर्दछन् ।

जे भए पनि, कम्तीमा नेपालको संविधानमा आदिवासीको अधिकार के राख्ने, कसरी राख्ने, किन राख्ने भन्ने सम्बन्धमा विश्वका विभिन्न राज्यको संविधानमा भएका असल अभ्यासबारे जानकारी राखेर, त्यसबाट पाठ सिकेर नेपालको आजको सन्दर्भमा भविष्यलाई सोचेर सम्भव भए जति अभ्यास गर्न र हाल सम्भव नभएको जतिलाई मुद्दाको रूपमा लडेर प्राप्त गर्न अत्यावश्यक छ । यो वस्तुगत यथार्थता हो कि अहिलेसम्म विश्वको कुनै पनि राज्यमा कुनै पनि संविधानले आदिवासीको नैसर्गिक, अन्तरनिहित सार्वभैाम अधिकारलाई शतप्रतिशत आत्मसात नगरेको भए तापनि सापेक्ष र तुलनात्मक रूपमा अधिकतम अधिकार संयुक्त राज्य अमेरिका, डेनमार्क, क्यानडा, बोलिभिया, अष्ट्रेलिया, चीन, भारत, फिलिपिन्स लगायतको संविधानमा सुनिश्चित गरेको देखिन्छ । विश्वका असल पाठ र असल अभ्यासबाट सिकेर नेपालको संविधान निर्माण, पुनरावलोकन, पुनर्लेखन, संशोधन, परिमार्जन, सुधार आदि जे गरे पनि सरकारले आदिवासीबाट स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी (एफपिक) लिएर मात्र गर्न ध्यान दिनुपर्ने हुन्छ ।

राजनीतिक संरचना र राजनीतिक अधिकारको सम्बन्धमा नेपाल पक्ष रहेको अन्तरराष्ट्रिय कानून तथा मानव अधिकारको अर्न्तराष्ट्रिय मापदण्ड बमोजिम तथा विश्वका आदिवासीको असल अभ्यास क्यानडाको त्रि र पेरूको वाम्पी, डेनमार्कको ग्रिनल्याण्डबाट नेपाललगायत विश्वका अन्य उपनिवेशवादी र आदिवासीको राष्ट्र, राज्य, सरकारले सिकेर आदिवासीको राजनीतिक संरचना तथा अधिकार सुनिश्चित गर्ने दायित्व छ । हुन त संयुक्त राष्ट्र संघको विशेष समाधिक्षकसमेतका आदिवासी विज्ञ तथा अभियन्ताहरूले विश्वमा नेपाल आदिवासी अधिकारको आन्दोलनमा धेरै अगाडि र सफल छ भन्ने गरिन्छ । यसो भन्नुको कारण नेपाल पक्ष रहेको आदिवासीको अधिकार सम्बन्धी अर्न्तराष्ट्रिय कानून र यस सम्बन्धमा नेपालको सर्वोच्च अदालतको फैसलाहरु हुन् । नेपालको आदिवासी आत्मनिर्णयदेखि सबै अधिकारको खानेकुरा कागजमा पाएको छ र अधिकारको पेट भने भोको छ, व्यवहारमा आदिवासीको मुखमा खानेकुरा त पर, माड समेत नलागेको विडम्बनापूर्ण अवस्था छ ।

नेपाललगायत विश्वका सबै आदिवासीको राजनीतिक संरचनाको अभ्यास युएनड्रिपमा उल्लेख गरे अनुसारको हो । यस्तो राजीनितिक संरचना कस्तो हो भन्ने सम्बन्धमा क्यानडाको क्रि आदिवासीको असल अभ्यासले प्रष्ट बनाउँछ ।

विल्टन लिटिल चाईल्डले क्रि आदिवासी र क्यानडाको राजनीतिक संरचना र युएनड्रिपको धारा ३ मा भएको प्रावधानसँग ठ्याक्क मेल खान्छ भने प्रायः सबै आदिवासीको पनि लगभग उस्तै हो । क्यानडाको क्रि आदिवासीको राज्य संरचना धेरै पुरानो हो भने क्यानडाको राज्य संरचना नयाँ हो । तुलनात्मक रूपमा हेर्दा यी दुवैको राजनीतिक संरचना आधारभूत रूपमा फरक देखिन्छ ।

**तालिका १. क्यानडाको संघीय सरकार र क्रि आदिवासीको तुलनात्मक संरचना र कानून**

| | | |
|---|---|---|
| क्यानडाको शक्तिको स्रोत बेलायतको महारानी हो र हालै आएर बेलायतको महारानीको सट्टा जनतालाई शक्तिको स्रोत मानेको छ । | | |
| संघको संविधान, ऐन हुन्छ ।<br>आदिवासीको लागि ऐन हुन्छ । | प्रदेशको ऐन हुन्छ ।<br>नगर सरकारको ऐन हुन्छ । | आदिवासीको महान आत्मा (द ग्रेट स्पिरिट) हो ।<br>यो अन्तरनिहित हुन्छ ।<br>सदस्य सबै क्रि राष्ट्रको नागरिक हुन्छ ।<br>मुखिया र परिषद्<br>विधायकी<br>संविधान<br>बाह्य र आन्तरिक |
| बाह्य<br>संघ<br>प्रान्त<br>नगर<br>आदिवासी ऐन परिषद्<br>सरकारका तहहरु | | संविधान पाइप<br>सन्धि ६ लिखित<br>प्रथाजन्य कानून<br>परम्परागत कानून<br>कथ्य परम्परा<br>क्रि आदिवासीको कानून<br>प्रकृतिको कानून<br>बाई ल<br>सन्दर्भलाई समावेश |

**स्रोत**: विल्टन लिटिल चाईल्ड

लिटिल चाईल्डले चित्रण गरेको क्यानडाको संघीय राज्य र क्रि आदिवासीको राजनीतिक संरचनाको विशेषता यसप्रकार देखिन्छ, जुन नेपालको राजनीतिक संरचनालाई पुनःसंरचना गर्दा उपयोगी देखिन्छः

- संघ र आदिवासीको संरचना तेल र पानीजस्तो छुट्टै हुन्छ ।
- संघीय राज्यको संघ, प्रान्त, नगर लगायत माथिदेखि तलसम्म अथवा तलदेखि माथिसम्म सबै तह र तप्कामा गैरआदिवासी र आदिवासीको समान अधिकार हुन्छ । आदिवासीले यो संरचनामा पूर्ण वा आंशिक रूपमा सहभागी हुने वा हुँदै नहुने अधिकार राख्दछ ।
- संघले आदिवासीको लागि लक्षित कानून पनि बनाउछ ।
- आदिवासीको राजनीतिक संरचनाको कुनै पनि तह र तप्कामा संघको सहभागिता, हस्तक्षेप आदि हुन सक्दैन ।
- संघको शक्तिको स्रोत पहिले बेलायतको महारानी भएकोमा हालै आएर बेलायतको महारानीलाई हटाएर जनतालाई मानेको छ र संघीय संरचना माथिबाट तलको छ । यसको ठिक विपरित आदिवासीहरूको शक्तिको स्रोत महान आत्मा अर्थात पितृलाई मानेर तलबाट माथिको छ ।
- आदिवासीको आफ्नै संविधान (क्रिको सन्दर्भमा पाइप), बाह्य राज्यसँग भएको लिखित सन्धिको साथै आफ्नै प्रथाजन्य कानून, परम्परागत कानून, कथ्य परम्परा, सम्बन्धित आदिवासीकै कानून, प्रकृतिको कानून र बाई ल हुन्छ । साथै सन्दर्भलाई पनि समावेश गरिएको हुन्छ ।
- संघीय सरकारलगायतका बाह्य पक्षको कानूनहरू आदिवासीले अध्ययन, व्यापक विचार-विमर्श गरेर समुदायलाई नकारात्मक असर नपर्ने, सकारात्मक प्रभाव पर्ने भएकोले स्वीकार्य भएको अवस्थामा त्यहि हदसम्म समाहित गरिन्छ ।

**सन्धिको माध्यम संवैधानिक अधिकारबाट सार्वभौमिकता पाएको संयुक्त राज्य अमेरिकाको नेटिभ अमेरिकनहरू**

हुन त पन्ध्रौं शताब्दीमा अमेरिकी महादेशमा कोलम्बसको आगमनपछि युरोपेली आप्रवासीहरूले रोगव्याधि, युद्ध र सन्धिको माध्यम आदिवासीको

धेरैजसो भूभाग कब्जा गरे पनि .... आदिवासीहरूले संघीय सरकार र ... आदिवासीले राज्य सरकारबाट कानूनी मान्यता पाएको मात्र नभएर रिजर्भेशन क्षेत्रभित्र सम्बन्धित आदिवासीको सार्वभौमिकतालाई पूर्ण रूपमा कानूनी मान्यता दिएको छ । आदिवासीको राष्ट्र, राज्य तथा सरकारलाई संवैधानिक मान्यता दिएकोले आदिवासीको टेरिटोरीभित्र संयुक्त राज्य अमेरिकाले केही पनि हस्तक्षेप गर्न पाउंदैन । उनीहरूको नागरिकलाई आफ्नै पासपोर्ट दिएको भए पनि विश्वका कैयन राष्ट्रहरूले त्यसलाई मान्यता नदिएको कारणले भ्रमणको सहजताको लागि अमेरिकाले पासपोर्ट दिएर सहयोग गरेको छ ।

### संघीय राज्य र आदिवासीको बिच सहमतिबाट आदिवासीले अधिकतम अधिकार पाएको उदाहरण क्यानडाको नुनाभुत (Nunavut)

राजनीतिक संरचना र राजनीतिक अधिकारको सम्बन्धमा क्यानडाको नुनाभुत आदिवासीको निम्न असल अभ्यास नेपालको सन्दर्भमा प्रेरणादायी छ (Christ Ernie 2022, p. 92-94, Nunavut Act 1993):

- क्यानडाको सर्वोच्च अदालतले सन् १९७३ मा आदिवासीलाई ऐतिहासिक थातथलोको भूमि, भू-सिमाना र स्रोतमा अधिकार कायम रहेको फैसला गरेपछि नुनाभुत आदिवासीले क्यानडा सरकारसँग दाबी गरे अनुसार सन् १९९३ मा भूमि दाबी सहमति (Nunavut Lanf Claims Agreement (NLCA) (1993)) अनुसार नुनाभुत ऐन (Nunavut Act, 1993) जारी गरेर नुनाभुत स्वायत्त भु-सिमाना (टेरिटोरी) र नुनाभुतको टेरिटोरियल सरकार बन्यो । यसले सरकारको नीति निर्णयभन्दा पनि न्यायिक सक्रियतातर्फ मात्र सरकारले फैसलाको कार्यान्वयन गरेर आदिवासी नुनाभुतको अधिकार प्रत्याभूत गरेको देखिन्छ । हुन त नेपालमा पनि बरामु आदिवासीको स्वायत्तता सुनिश्चित गर्न सर्वोच्च अदालतले निर्देशनात्मक आदेज जारी गरेर क्यानडामा जस्तै न्यायिक सकृयता देखाए पनि क्यानडाको विपरित यहाँ उक्त आदेशको कार्यान्वयन भने सरकारले आजसम्म गरेको छैन ।

- क्यानडा संघीय राज्यसंग सम्भौता गर्दा नुनाभुत राष्ट्रको भूमि, भू-सिमाना र स्रोतमध्ये आफूलाई काम नलाग्ने १५ प्रतिशत भूभाग र जल क्षेत्र संघलाई छाडेर ८५ प्रतिशत आफ्नो अधिकारमा रहने गरी सम्भौता गरेको पाइन्छ । ३,५२,२४० वर्ग किलोमिटर क्षेत्रफलको भूमि र ३६,२६० वर्ग किलोमिटरमा खानीमाथिको अधिकार दियो । सन् १९९३ देखि २००७ मा १.१४८ अर्ब क्यानडियन डलर नुनाभुत ट्रष्ट फण्डलाई दियो ।
- निर्वाचन प्रणालीमा राजनीतिक दलहरूबाट निर्वाचन लड्न निषेध गरी समुदायबाट स्वतन्त्र भएरै निर्वाचित हुनुपर्ने र सर्वसम्मतिमा सरकार गठन गर्ने व्यवस्था छ । नुनाभुत शासन संरचनाको चार तह छन् । पहिलोमा संघीय, दोस्रोमा भू-सिमानागत, तेस्रोमा नगरपालिका र चौथोमा भूमि दाबी संस्थाहरु छन् । बजेटको ९० प्रतिशत संघीय सरकारले दिन्छ । यो तीन क्षेत्रमा बाँडिएको छः कितीमेयोत (Kitikmeot), किभालिक (Kivalliq) र क्वीक्तालुक/बाफिन (Qikiqtaaluk/Baffin) ।

**उपनिवेशी राज्यले उपनिवेश बनाएको राज्यलाई स्वायत्तता र स्वशासनको अधिकार दिएको अनुपम उदाहरण डेनमार्कको आदिवासी ईन्युईट ग्रिनल्याण्डलाई होम रुल (गृह शासन)**

डेनमार्कले आदिवासी ईन्युईटलाई ग्रिनल्याण्डमा दिएको स्वःशासन (होम रूल)को अधिकार सम्बन्धमा निम्न असल अभ्यास नेपालको सन्दर्भमा प्रेरणादायी छः

डेनमार्कको संविधान, १९५३ (Denmark's Constitution of 1953) को धारा २८ मा ग्रिनल्याण्डको दुई सदस्यलाई फोल्कतिङ (Folketing) सभामा प्रतिनिधित्व, धारा ३१(५) मा उल्लेख भए अनुसार फोल्कतिङमा ग्रिनल्याण्डको प्रतिनिधित्विको विशेष नियम कानूनमा तोकिएबमोजिम हुने व्यवस्था छ । संविधानको धारा ४२(८) मा फायरो टापु र ग्रिनल्याण्डमा कुन हदसम्म जनमत सङ्ग्रह गर्ने लगायत जनमत सङ्ग्रहको नियम कानूनमा तोकिएबमोजिम हुने व्यवस्था छ भनी उल्लेख छ । राजनीतिक संरचना र राजनीतिक अधिकारको सम्बन्धमा डेन्मार्कको ग्रिनल्याण्डको

ईन्युईट आदिवासीको असल अभ्यास यसप्रकार भएको देखिन्छ (हेर्नुहोस् (Denmark's Constitution of 1953):

- ग्रिनल्याण्ड अहिले पनि डेनमार्क अधिनस्थ छ । १७२१ देखि १९५३ सम्म उपनिवेश, १९५३ देखि १९७९ सम्म काउण्टी, १९७९ देखि २००८ सम्म गृह शासन (होम रूल) र २००९ देखि स्वःशासनको अभ्यास गरेको छ । डेनमार्कले ग्रिनल्याण्डलाई होम रूलको अधिकार दिएर उनीहरूकै कार्यपालिका (Naalakkersuisut), व्यवस्थापिका (Inatsisartut) र न्यायपालिकालाई स्वायत्तता र स्वशासनको अधिकार तथा ग्रिनल्याण्डको भूमि, भू-सिमाना र स्रोतमा ग्रिनल्याण्डको आदिवासीहरूकै सबै अधिकार दिएको छ ।

- ग्रिनल्याण्ड अहिले पनि डेनमार्क अधिनस्थ छ तर नाम मात्रको । डेनमार्कले ग्रिनल्याण्डलाई स्वःशासन ऐन २००९ (Self-Government Act of 2009) जारी गरेर होम रूलको अधिकार १ मे १९७९ मा दिएर उनीहरूकै कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकालाई स्वायत्तता र स्वशासनको अधिकार तथा ग्रिनल्याण्डको भूमि, भू-सिमाना र स्रोतमा ग्रिनल्याडको आदिवासीहरूलाई सबै अधिकार दिएको छ । ग्रिनल्याण्डमा सन् २०२३ मा ५६,८६५ जनसङ्ख्यामध्ये महिला ४७ प्रतिशत छ । यसको क्षेत्रफल २१ लाख वर्ग किलोमिटर छ ।

- राजधानी नुकमा १९,००० जति जनसङ्ख्या छ ।

- ग्रिनल्याण्डमा चार वटा नगरपालिका छन् । कोम्मुन कुजालेक (Kommune Kujalleq) मा ६,१४५ सबैभन्दा कम जनसङ्ख्या छ भने सबैभन्दा बढी कोम्मुनेकार्फिक शर्मेरसुकमा (Kommuneqarfik Sermersooq) २४,३८२ तथा बिचको अभन्नाता कोम्मुनिया (Avannaata Kommunia) मा १०,८४६ र किक्काता कोम्मुनियामा (Qeqqata Kommunia) ९,२०४ मात्र छ ।

- ग्रिनल्याडमा जान डेनमार्कको भिसाले पाइदैन, ग्रिनल्याण्डको छुट्टै भिसा लिनुपर्छ ।

- प्रतिव्यक्ति औसत आय युरोपको इयुको सदस्य राष्ट्रको औसतभन्दा माथि छ ।
- डेनमार्कले आत्मनिर्णयको अधिकार प्रयोग गरी छुट्टै स्वतन्त्र राज्य बनाउन जोड गरे पनि डेनमार्कले सबै अधिकार दिएको र सँगै रहँदा डेनमार्कबाट थप सहयोग हुने र डेनमार्कको माध्यम धेरै काम गर्न सकिने भएकोले सँगै बस्ने गरेको छ ।
- डेनमार्कले ग्रिनल्याण्डलाई त्यति धेरै अधिकार दिनुको कारण डेनमार्कको आँखाको डाक्टरहरूले ग्रिनल्याण्डमा उपचार गर्न जाँदा त्यहाँको आदिवासीको भूमि, भू-सिमाना र स्रोतमा अधिकारविहिन भएर दुःख र पीडाको जीवन बाँच्न बाध्य भएको र डेनमार्कले त्यहाँको आदिवासीको मानव अधिकार हनन् गरेकोबाट दुःखी भएर डेनमार्कमा फर्केपछि सोबारे उनीको पक्षमा जनमत निर्माण गरी नीतिगत परिवर्तन गर्न दबाब दिए र डेनमार्कले गल्ती गरेको महसुस गरेको कारणले हो भनिन्छ (डेनशि मानवशास्त्री माइकल भिण्डिङसँगको कुरामानीमा आधारित) ।
- डेनमार्कको ग्रिनल्याण्डबाट नेपालले सिक्न पर्ने पाठः
  - आदिवासीलाई जति धेरै अधिकार दियो उत्ति संघ अन्तर्गत नै रहन चाहन्छ, विखण्डनको गन्ध समेत हराउँछ ।
  - आदिवासीलाई आफ्नो भूमिमा होम रूल दिनु सर्वोत्तम हुन्छ ।
  - सानो जनसङ्ख्या भएर राज्य, सरकार, नगरपालिका लगायतको स्थानीय सरकार चुस्त दुरूस्त हुन्छ, कुनै समस्या हुँदैन ।

ग्रिनल्याण्डमा १२ जुन २००९ मा ग्रिनल्याण्ड स्वःशासन ऐन (ऐन नं. ४७३) (Act on Greenland Self-Government (Act no. 473 of 12 June 2009) तथा यस अघिको स्वशासन ऐन १९७९ (ऐन नं ५७७) (Home Rule act of 1979 (Act. No. 577 of 29 November 1978) ले दिएको अधिकारभन्दा व्यापक अधिकार दिएर जारी गरेको थियो । ग्रिनल्याडलाई ग्रिनल्याण्ड स्वःशासन ऐनले उल्लेख गरेको शिक्षा, स्वास्थ्य, माछा मार्ने, वातावरण र जलवायुमा सार्वभौम बनाएको छ । साथै, जनताको रूपमा स्वीकार गरेर

स्वतन्त्र राज्य बनाउने तथा प्राकृतिक स्रोत तथा न्यायिक मामला लगायतमा क्षेत्राधिकार (Jurisdiction) राख्ने अधिकार दिएको छ । हालको लागि न्यायिक मामला, वित्तिय क्षेत्र, नागरिक अधिकार कानून र विदेश मामला डेनिश क्षेत्राधिकारभित्र राखेको छ ।

ग्रिनल्याण्ड स्वःशासन ऐन २००९ को सुरूमा ग्रिनल्याण्डको जनतालाई अन्तरराष्ट्रिय कानून अनुसार आत्मनिर्णयको अधिकार भएको जनताको रूपमा पहिचान गर्दै नालाककेरसुईसत (Naalakkersuisut) अर्थात ग्रिनल्याण्ड सरकार (Greenland Government) र डेनिस सरकारबिच बराबरीको हैसियत भएको पार्टनरबिचको सहमतिमा आधारित छ भनी उल्लेख गरेको छ । विधायिकी शक्ति इनातसिसारतुत (Inatsisartut) अर्थात ग्रिनल्याण्ड संसद् (Reenland Parliament) लाई कार्यकारिणी शक्ति नालाककेरसुईसत (Naalakkersuisut) लाई र न्यायिक शक्ति कानूनी अदालत (Judicial power with the courts of law) हुने भनेको छ । डेनिस सरकारले ग्रिनल्याण्ड सरकारलाई ३ अरब ४३ करोड ९३ लाख (3,439.6 million) डेनिस क्रोनर वार्षिक अनुदान दिने प्रावधान छ । प्राकृतिक स्रोतबाट प्राप्त हुने राजस्व ग्रिनल्याण्ड सरकारकै हुने प्रावधान छ र खनिज पदार्थबाट राजस्व आएको अनुपातमा डेनिस अनुदान घटाउने प्रावधान राखेको छ ।

धारा २१ मा ग्रिनल्याण्डको संविधानका सम्बन्धमा निर्णय गर्ने अधिकार ग्रिनल्याण्डको जनतालाई छ भनी प्रष्ट किटान गरेको छ ।

**राज्य कमजोर भएको बेला आदिवासीहरू मिलेर आफैले स्वायत्तता र स्वशासनको घोषणा गरेको अनुपम उदाहरण पेरुको आदिवासी वाम्पी**

पेरूको वाम्पी आदिवासीको निम्न असल अभ्यास नेपालको सन्दर्भमा प्रेरणादायी छः

- १५,५०० जनसङ्ख्या भएको वाम्पी राष्ट्रको ६५ आदिवासी समुदायहरूले १,३२७,७६० हेक्टर भएको भू-सिमाना अर्थात ऐतिहासिक थातथलोमा आफ्नै स्वायत्त सरकार पेरू गणतन्त्र अन्तर्गत बनाउने निधो गरे । हामीले यस्तो निर्णय किन गर्‍यौं ? किनभने हामीले कानूनी स्वामित्व

दिन राज्यलाई अनुरोध गरेको खण्डमा, राज्यले के गर्छ भने परम्परागत भूक्षेत्रको कुनै पर्वाह नगरिकन सबै समुदायहरूलाई स्वामित्व दिने छ र यी कथित "खाली" क्षेत्रलाई रूख ढाल्नेहरूलाई छुटको रूपमा दिइने छ, तेल वा खनिज निकाल्नेलाई पनि छुट दिइने छ ।

- **वाम्पी राष्ट्रको स्वायत्त भू-सिमानागत सरकारको कानून,** २०१५ (Statute of the Autonomous Territorial Government of the Wampis Nation) नेपाल लगायत विश्वका आदिवासीहरूका लागि असल पाठ सिकाइ हो । ८५ वटा धाराहरु भएको यो कानून इर्कुतकामु सोलेडाडमा २९ नोभेम्बर २०१५ मा बहस गरी वाम्पी राष्ट्रले स्वीकार गरेको थियो ।

यो कानूनमा पितृलाई सम्भना गर्नुको साथै जनता तथा राष्ट्रको हैसियतमा आत्मनिर्णयको अधिकारको दाबी गरेको छ । प्रस्तावनामा यस्तो उल्लेख छः

'वर्तमान वाम्पी पुस्ता सदियौंदेखिको वाम्पी राष्ट्रको सन्तति हो; जो यहि भूमिमा स्पेनी उपनिवेश बन्नु तथा पेरूको राज्य बन्नु अघिदेखि अस्तित्वमा रहे, कानुस (सान्तियागो) (Kanús (Santiago) र कनकयम (मोरोना) (Kankaim (Morona)) नदीले सिन्चित गरे, पितृले छाडेका भाषा, संस्कृति र भू-सिमानालाई कायम राखेका, र हरेक वाम्पी पिढीले यी सबै धरोहरको रक्षा गर्दै आएका छन् र आफ्नै विश्व दृष्टिकोण अनुसारको स्वायत्तता तथा स्वःसरकारसहितको आत्मनिर्णयको अधिकार छ । धारा १ मा कानुस (सान्तियागो) र कनकयम (मोरोना) नदी र सिनत नदीको उत्तर र यसको सहायक नदीसँग पहिचान, आध्यात्मिक र सांस्कृतिक सम्बन्ध प्रगाढ बनाएको वाम्पी समुदाय, स्थानीय समूह, परिवार बस्ती हो भनेको छ । वाम्पीको भू-सिमाना ईना वाम्पीस्ती नन्के (Iña Wampisti Nunke) अविभाज्य र अभिन्न छ मा वाम्पी राष्ट्रको स्वायत्त भू-सिमानागत सरकार भनी प्रष्ट उल्लेख छ (धारा ५) । वाम्पी भाषा तथा पेरूवासीको नाताले स्पेनिश भाषालाई सरकारी कामकाजको भाषा हो भनेको छ (धारा ३) । दुरदृष्टिमा वाम्पी राष्ट्र सदा अटल र अमर रहने छ भनी उल्लेख छ (धारा ४) । धार्मिक तथा आस्थाको स्वतन्त्रता दिएको छ तथा उनीहरूको मसातोलाई भत्सर्ना गर्नु भनेको वाम्पीले सदियौंदेखि मानी आएको आस्थाप्रति भेदभाव

मान्दै यसले वाम्पीको प्रथा परम्परा, सामाजिक सम्बन्ध र स्वास्थ्यमा गम्भीर असर पार्दछ भनेको छ (धारा ६) ।

अधिकार तथा कर्तव्यको बारेमा धारा १२ देखि १७ मा आत्मनिर्णयलाई सर्वोच्च मान्दै वाम्पी राष्ट्र, वाम्पी समुदाय, वाम्पी राष्ट्रको सदस्य, वाम्पी पुरूष तथा महिला, वाम्पी महिला, वाम्पी किशोर र किशोरी र वाम्पी युवाको अधिकार सुनिश्चित गरेको छ । वाम्पी राष्ट्रको अधिकार आत्मनिर्णय, पहिचान, स्वायत्तता र स्वशासन, आफ्नै राजनीतिक, कानूनी, आर्थिक, सामाजिक र सांस्कृतिक संस्था, विकासको प्राथमिकता, एफपिक, लगायतका अधिकार प्रत्याभूत गरेको छ । महिलालाई समान लैंगिक अधिकार र युवालाई २० प्रतिशत आरक्षणको प्रावधान छ । वाम्पी राष्ट्रको समुदाय र महिला तथा पुरूषको कर्तव्य धारा १८, १९ र २० मा उल्लेख छ । बजेटमा योगदान गर्नु कर्तव्य भनिएको छ । घर परिवार बालबच्चा, समुदायको सदस्य सबैको हितमा काम गर्नु, नीति निर्णय कार्यान्वयनमा सहयोग गर्नु कर्तव्य मानिएको छ ।

धारा २१ देखि २७ सम्म वाम्पी राष्ट्रको भू-सिमाना (Territory) परिभाषित गरेको छ । धारा २१ देखि २७ सम्म वाम्पी राष्ट्रको भू-सिमानाको परिभाषा अन्तर्गत सांस्कृतिक परिभाषामा पितृ, जल, जमिन, जंगल, नदी, खोला, नाला, झरना र पहाडको साथै धरती, पानी, जमिन, हावा, आकासमा रहेका सबैलाई समेटेको छ । औपचारिक परिभाषामा १३, २६, १०५.६ हेक्टर भूमिलाई वाम्पी राष्ट्रको अविभाज्य भू-सिमाना मानेको छ र यो आफ्नै प्रथा परम्परा अनुसार चल्ने भनेको छ । पेरू सरकारले आइएलओ महासन्धि नं. १६९ लाई अनुमोदन गरेकोले यो भू-सिमानालाई प्रत्याभूत गर्ने कर्तव्य हो भनेको छ । पेरू अन्तर्गत वाम्पी राष्ट्र रहने भनेर प्रष्ट पारको छ । बाह्य सम्बन्धका बारे धारा ३३ मा एफपिकमा आधारित हुने भनेको छ । स्रोतको दिगो व्यवस्थापन स्वायत्त सरकारले गर्ने भनेर धारा ८१ देखि ८६ मा उल्लेख छ ।[19]

---

19 STATUTE OF THE AUTONOMOUS TERRITORIAL GOVERNMENT OF THE WAMPIS NATIONhttps://www.un.org/development/desa/indigenouspeoples/wp-content/uploads/sites/19/2018/01/STATUTE-OF-THE-AUTONOMOUS-TERRITORIAL-GOVERNMENT-OF-THE-WAMPIS-NATION-ENGLISH-ABRIDGED-1.pdf

## संयुक्त राज्य अमेरिकाको नाभाओ आदिवासीको संवैधानिक प्रयास

संयुक्त राज्य अमेरिकामा आरक्ष (रिजर्भेजन)को भू-सिमानामा सिमित तर सार्वभौम अधिकार भएका ५७४ नेटिभ अमेरिकन छन् । त्यसमध्ये इरोकी आदिवासीको असल अभ्यास; खास गरी बहुल सार्वभौम राष्ट्रहरु अर्थात् बहुल–राज्य सरकार भएको संघीयताको मोडल, चेक एण्ड ब्यालेन्च, शासितबाट मञ्जुरी र व्यक्तिगत अधिकार, प्रतिकलाई संयुक्त राज्य अमेरिकाको संविधानमा अंगिकार गरेको सम्बन्धमा सन् १९८८ मा अमेरिकी सिनेटले औपचारिक रूपमा (H.CON.RES.331) कृतज्ञता ज्ञापन गरेको थियो । नाभाओ राष्ट्रले भने सन् २०13 मा नाभाओ राष्ट्रको संविधानको प्रस्ताव सार्वजनिक गरेको थियो । यो मस्यौदा संविधानमा निम्न व्यवस्था थियो ।

- प्रस्तावनामा परापूर्वकालदेखि अन्तरनिहित सार्वभौम भएको र अहिले सार्वभौम राष्ट्र भएको उल्लेख छ ।
- सरकारको पद्धति
  - व्यवस्थापिका दुई सदनात्मकमा एउटा सदन नाभाओ राष्ट्र आदिवासी परिषद् (Nvaho Nation Tribal Council) र अर्को सदन नाभाओ राष्ट्रको शाखाहरूको सभा (Nvaho Nation Assembly of Chapters). नाभाओ राष्ट्र आदिवासी परिषद्मा चार वर्षको अवधिको लागि निर्वाचित २४ जना डेलिगेट हुने छ र सबै विधायिकी अधिकार हुने छ । नाभाओ राष्ट्रको शाखाहरूको सभामा प्रत्येक आधिकारिक शाखाबाट प्रतिनिधित्व हुने छ र यसले आवश्यकता अनुसारको कार्य गर्ने छ ।
  - कार्यपालिकामा चार वर्षको लागि निर्वाचित राष्ट्रपति, उपराष्ट्रपति र सबै कार्यपालिकीय विभागहरु हुने छ ।
  - न्यायपालिकाले नाभाओ राष्ट्रको कानूनहरु कार्यान्वयन गर्ने छ र नाभाओ राष्ट्रको सर्वोच्च अदालतमा एक जना प्रमुख न्यायाधीशसहित ५ जना न्यायाधीश हुने छ ।

२५ जुलाई २०२५ मा मा नाभाओ राष्ट्रको दियिन नोहोका दिने वी बिहाजआनी बिस्ती शिले शीर्षकमा नाभाओ राष्ट्रको संविधान (Navajo Nation constitution titled *Diyin Nohookaa Diné'é Bi Beehaz´áanii Bitsí Siléí*Diyin Nohookáá Diné'é Bi Beehaz´áanii Bitsí Siléí Sa'ah Naghái Bik'eh Hózhóón -Collective Will) सम्बन्धमा कार्यपत्र सार्वजनिक गरेको छ । यसमा निम्न विशेषता छन्ः

- प्रारम्भमा हाम्रो सामूहिक सार्वभौमिकताको आधारमा हाम्रो व्यक्तिगत अधिकार, समुदायप्रतिको कर्तव्य र सेवाको कुरा उल्लेख छ ।
- धारा १ मा स्वतन्त्र स्वशासनको अधिकारको स्रोत दियन नोहोका (नाभाहो जनता) (Diyin Nohookáá Diné'é (Navajo people) हो भनेको छ ।
- धारा ३ मा नाभाओ राष्ट्रको नाभाओ जनताका साथै आधिकारिक कर्मचारी, एजेण्ट, प्रतिनिधिका साथै भूमि, पानी र वायु क्षेत्र जनाउने उल्लेख छ ।
  - राष्ट्र भाषा दियन नोहोका दिने बिजाद (Diyin Nohookáá Diné'é Bizaad) हुने छ ।
- धारा ३ मा विधिको शासन (HÓZHÓÓJÍ BEE NAHAZ'AANIIf) अन्तर्गत निम्न उल्लेख छः
  - उत्सव, मन्त्र, सृष्टिको कथा र दि बाजाद अर्थात वाम्पी भाषा आधारभूत विश्वास र दर्शन हुन् । मौलिक कानूनहरु यसप्रकार छन्ः
    - उत्सव कानून (Diyin bitsaadee beehaz'aanii (Ceremonial Law)) परम्परागत कानून (Diyin Dine'e bitsaadee beehaz'aanii (Traditional Law))
    - प्राकृतिक कानून (Nahasdzaan doo Yadilhil bitsaadee beehaz'aanii (Natural Law) र
    - कमन ल (Diyin Nohookaa Dine' bi beehaz'aanii (Common Law))

- नाभाओ राष्ट्रको र नागरिकता प्राप्त गर्न व्यक्ति, बच्चा समेतमा कम्तीमा पनि एक चौथाइ नाभाओ रगत हुनुपर्दछ । जन्मले बाहेक धर्मपुत्र/धर्मपुत्री तथा अन्य तरिकाले र अन्य आदिवासीले नागरिकता पाउदैन ।

- धारा ६ मा सन्धि र सामूहिक अधिकार अन्तर्गत प्राकृतिक स्रोतको सम्बन्धमा व्यक्तिले स्रोतहरु सरकारको अनुमति नलिइकनै उपयोग, विकास, दावी वा घर व्यवहार चलाउन आवश्यकताभन्दा बढी भएको सोत बिक्री गर्न सक्ने प्रावधान छ । साथै खानी तथा व्यापारबाट प्राप्त राजस्व नागरिकको साझा हुने प्रावधान छ ।
- धारा ७ मा लगानीकर्ताको अधिकार उल्लेख छ ।
- धारा ९ मा भूमि अधिकारको व्यवस्था अन्तर्गत सबै नगारिकको साझा हुने र सबैको लाभको लागि हुने उल्लेख छ ।
- धारा ९ मा शक्तिको पृथकीकरण र चेक एण्ड व्यालेन्स (DINE' HÓZHÓÓJÍ BAH NAAHAT'Á) बारे उल्लेख छ ।
- धारा १४ मा सरकार स्थायित्वको सदन (BEEHAZ'ÁANII BAA ÁHOYĄĄŃJII BÁHOOGHAN HOUSE OF GOVERNMENT STABILITY) को व्यवस्था छ ।
- धारा १५ मा विधायिकी शक्ति (BEEHAZ´ÁANII HADILNEHÍJÍ BÁHOOGHAN LEGISLATIVE POWER) बारे उल्लेख छ र यो ४ वर्षको लागि निर्वाचित २४ जना बेहेज आनी वि नताआनी (beehaz´áanii bi Naat'aanii) हुने छ ।
- धारा १६ मा कार्यपालिका बिहेज आनी बि नानीशिजी बहुघन (BEEHAZ'ÁANII BEE NA'ANISHÍJÍ BÁHOOGHAN EXECUTIVE) हुने छ । यसको अधिकार बिशेज आनी नानीशिजी बहुघन नामक कार्यकारी सदन (Beehaz'áanii Bee Na'anishíjí Báhooghan (Executive House) मा हुने छ । यसको प्रमुख ४ वर्षको लागि निर्वाचित राष्ट्रपति हुने छ ।

- धारा १७ मा न्यायिक शक्ति बिहेज आनी बि नानीशिजी बहुघन (BEEHAZ'ÁANII BEE NA'HWIITAH BÁHOOGHAN JUDICIAL POWER) अर्थात नाभाओ राष्ट्रको अदालतमा हुने प्रावधान छ । यसमा नाभाओ राष्ट्रको सर्वोच्च अदालत, जिल्ला अदालत, पारिवारिक अदालत, व्यापार अदालत र अन्य अदालत मिलेर बनेको हुने छ ।
- धारा १८ मा स्थानीय शासन (Local Rule & Governance) अन्तर्गत नगरपालिका गठन गर्न सक्ने प्रावधान छ ।

नाभाओ राष्ट्रको यो संविधानको विशेषता राज्यको तीन अंग विधायिका, कार्यपालिका तथा न्यायपालिकाको साथै चौथो अंगको रूपमा सरकार स्थायित्व तथा स्थानीय शासन इकाइलाई लिएको मानिन्छ ।

**विश्वका विभिन्न देशहरूका संविधानमा आदिवासीको अधिकार प्रत्याभूतिको असल अभ्यास**

संविधानमा नै आदिवासीको अधिकार प्रत्याभूत भएको विश्वको असल अभ्यासमा बोलिभिया, इक्वेडर, भारत, चीन, अमेरिका, क्यानडा, ब्राजिल, न्यूजिल्याण्ड, अष्ट्रेलिया, रसिया महासंघ, पनामा, बेलीज, केन्या, क्यामरून, दक्षिण अफ्रिका तथा अमेरिकाको अमेरिण्डियन ऐन २००६ (Amerindian Act 2006) छ । नर्वेले अन्तरराष्ट्रिय महासन्धिलाई सन् १९९० मा कार्यान्वयन गरेको थियो ।

**बोलिभियाको संविधान २००९ (Bolivia (Plurinational State of)'s Constitution of 2009)**

बोलिभियाको निम्न असल अभ्यास नेपालको सन्दर्भमा प्रेरणादायी छ । बोलिभियाको संविधान २००९मा जम्मा ४११ धाराहरूमध्ये ६७ धारामा आदिवासी (Indigneous) शब्द उल्लेख भएबाट संविधानले आदिवासीलाई पहिचान, सम्मानको साथै धेरै महत्व र अधिकतम अधिकार दिएको प्रष्ट हुन्छ । बोलिभियाको संविधान २००९ मा आदिवासी (Pueblos indígenas

campesinos) को लागि भएको महत्वपूर्ण प्रावधानहरूमा बहुलराष्ट्रिय राज्य, सामूहिक भूस्वामित्व र प्राकृतिक स्रोतहरूमा उनीहरूको अधिकार, आदिवासी किसान स्वायत्त क्षेत्र (Territorios Indígena Originario Campesinos – TIOC), ग्रामीण रैथाने आदिवासीले उपनिवेश अघिदेखि नै आफ्नो पितृ थातथलोको भू-सिमानामा नियन्त्रण, उनीहरूको स्वतन्त्र दृढ निश्चय, स्वायत्तता, स्वःशासन, संस्कृति, संस्थाहरूको पहिचान, र साँध सिमानाको सुदृढीकरण समेतलाई संविधान र कानूनले राज्यको एकताको खाका अन्तर्गत, स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरीको अधिकार तथा धर्ती आमाको अधिकार प्रत्याभूत छ (आदिवासीको अधिकार सम्बन्धमा संविधानमा भएका प्रावधानहरु धेरै महत्वपूर्ण छ ।)

बोलिभियाको संविधान २००९ बाट पनि नेपालको संविधान निर्माणमा प्रेरणादायी प्रावधानहरु धेरै छन् । राज्यको आधारभूत आधारको सम्बन्धमा धारा २ मा ग्रामीण रैथाने आदिवासीले उपनिवेश अघिदेखि नै आफ्नो पितृ थातथलोको भू-सिमानामा नियन्त्रण, उनीहरूको स्वतन्त्र दृढ निश्चय, स्वायत्तता, स्वःशासन, संस्कृति, संस्थाहरूको पहिचान र साँध सिमानाको सुदृढीकरण समेतलाई संविधान र कानूनले राज्यको एकताको खाका अन्तर्गत प्रत्याभूत गरेको छ । स्पेनिस तथा ३६ बाट आदिवासी मातृभाषाको नाम तोकेर राज्यको सरकारी कामकाजको भाषाको हैसियत दिएको छ (धारा ५) । राजनीतिक अधिकारमा आदिवासीको पहिचानसहित प्रत्यक्ष निर्वाचन र प्रतिनिधित्व प्रत्याभूत गरेको छ (धारा २६) ।

च्याप्टर ४ मा धारा ३०, ३१, र ३२ मा राष्ट्र र ग्रामीण आदिवासीको अधिकारमा आत्मनिर्णय र भू-सिमाना, भूमि तथा स्रोतको सामूहिक स्वामित्व र नियन्त्रण, पवित्रस्थलको संरक्षण, बौद्धिक सम्पत्तिको सामूहिक स्वामित्व, आफ्नै राजनीतिक, न्यायिक र आर्थिक पद्धतिको अभ्यास स्वायत्त आदिवासी भू-सिमाना व्यवस्थापन लगायतको १८ वटा अधिकार प्रत्याभूत गरेको छ र एकान्तमा बसोबास गरेका आदिवासीको अधिकार पनि प्रत्याभूत गरेको छ । त्यस्तै, धारा ३५ र ४२ मा आदिवासीको परम्परागत स्वास्थ्य पद्धति र धारा ८० ८३, ८६, ९१, ९५ मा शिक्षा तथा उच्च शिक्षामा आदिवासीको पहिचान तथा सांस्कृतिक विकासमा ध्यान दिने तथा धारा ९८, १००, १०१ र १०२

मा आदिवासीको विश्व दृष्टिकोण, मिथक, कथ्य इतिहास, नाच, सांस्कृतिक अभ्यास, ज्ञान, परम्परागत प्रविधि लगायतका संस्कृति तथा मूर्त तथा अमूर्त सम्पदामा अधिकार दिएको छ । धारा १४६ अनुसार बहुराष्ट्रिय संसद्मा आदिवासीको पनि डेपुटी हुने व्यवस्था छ । धारा १७९ मा आदिवासीको आफ्नै अधिकारीहरूले आदिवासी क्षेत्राधिकारभित्र अधिकार छ भने धारा १९० अनुसार न्यायिक कार्य गर्दा आफ्नै सिद्धान्त, सांस्कृतिक मूल्य मान्यता र प्रक्रियाअनुसार गर्ने अधिकार छ । आदिवासीलाई जीवनको अधिकार, प्रतिरक्षाको अधिकार र अन्य सबै संवैधानिक अधिकार छ भनेको छ । धारा १९२ मा सबै सार्वजनिक पदवालाहरूले आदिवासीको न्यायिक निर्णयहरु पालना गर्नुपर्ने प्रावधान छ ।

बहुराष्ट्रिय संवैधानिक अदालतमा पनि आदिवासीको प्रतिनिधित्व धारा १९७, १९९ र २०२ मा छ ।

धारा २१० अनुसार आदिवासीले आफ्नो साम्प्रदायिक मापदण्डअनुसार आफ्नो राजनीतिक प्रतिनिधि छान्ने व्यवस्था छ । धारा २५५ मा अन्तर्राष्ट्रिय सम्बन्धमा आदिवासीको सम्मान तथा धारा २६४ मा सीमा क्षेत्रमा आदिवासीको जीवन सहज बनाउने प्रावधान छ । धारा २६९ अनुसार भू-सिमानासहितको विभाग, प्रान्त, नगरपालिका र ग्रामीण आदिवासी भू-सिमानाको व्यवस्था छ ।

खण्ड सातमा धारा २८९ देखि २९६ मा ग्रामीण आदिवासी स्वायत्तताको बारेमा छ । हरेक आदिवासी राष्ट्रको आफ्नो पितृथलोमा भू-सिमानामा आफ्नो मूल्य मान्यता तथा अधिकारी र प्रक्रियाबाट आफ्नै कानून (स्ट्याच्युट) बनाएर स्वःशासन अभ्यास गर्ने व्यवस्था छ । दुई वा बढी आदिवासीले एउटै स्वायत्त क्षेत्र पनि बनाउन पाउने व्यवस्था गरेको छ । आवश्यक परे नगरपालिकालाई जनमत सङ्ग्रहबाट आदिवासी स्वायत्त क्षेत्र बनाउन सकिने प्रावधान छ । धारा ३०४ मा ग्रामीण आदिवासी स्वायत्तलाई २३ वटा आफ्नै अधिकार र १० बाट समवर्ती (Concurrent) अधिकार तथा ग्रामीण आदिवासी गाउँलाई ४ वटा अधिकार उल्लेख छ । ग्रामीण आदिवासी स्वायत्ततालाई भूमि, स्रोत, एफपिक, मूर्त अमूर्त सम्पदा, कर, योजना, पर्यटन, खेलकुद, विद्युत, सडक, आवास लगायतमा अधिकार प्रत्याभूत गरेको छ । ग्रामीण आदिवासी गाउँलाई अन्तर्राष्ट्रिय आदानप्रदान, खाद्यान्नमा नियन्त्रण, सामूहिक बौद्धिक

सम्पत्ति, विदेशीले आफ्नो क्षेत्रमा गर्ने कार्य नियन्त्रण गर्ने अधिकार दिएको छ ।

धारा ३०७ र ३१९ मा सामुदायिक आर्थिक विकास, प्राकृतिक स्रोतको परिचालनमा आदिवासीको अधिकार मान्य हुने छ । खण्ड आठमा धारा ३९० देखि ३९२ सम्म अमेजनियाको महत्वलाई ध्यानमा राखी त्यहाँ बसोबास गने आदिवासीको अधिकार प्रत्याभूत गरेको छ । धारा ३५३, ३७४ र ३८८ मा प्राकृतिक स्रोतका सम्बन्धमा आदिवासीको मूल्य मान्यता, प्रथा परम्परा र अधिकारीलाई पहिचान, सम्मान र संरक्षण गर्ने तथा सकभर सहव्यवस्थापन गर्न सकिने उल्लेख छ ।

धारा ३९३, ३९४, ३९७ र ४०३ मा आदिवासीको भूमि र भू-सिमानाबारे उल्लेख छ । धारा ३९३ मा राज्यले आदिवासीको व्यक्तिगत र साम्प्रदायिक (कम्युनल) वा सामूहिक भूसम्पत्तिलाई पहिचान, संरक्षण र प्रत्याभूत गर्दछ, जबसम्म यसले सामाजिक उद्देश्य वा सामाजिक आर्थिक उद्देश्य हासिल गर्दछ भनेको छ । धारा ३९५ मा विगतमा खोसेको भूमि फिर्ता दिने भनेको छ, जुन पछि खरिद-बिक्री गर्न भने पाइने छैन ।

**इक्वेडरको संविधान २००८**

आदिवासीको अधिकारका सम्बन्धमा इक्वेडरको असल अभ्यास नेपालको सन्दर्भमा प्रेरणादायी छ । आदिवासी (Pueblos indígenas) को लागि बहुलराष्ट्रिय राज्य तथा बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक मानेको तथा सामूहिक अधिकारहरु विशेष गरेर सामूहिक भूस्वामित्वलाई अहरणीय (Inalienable), अव्यक्त (Imprescriptible), अविभाज्य (Indivisible) मानेको छ । भूमि र यसको स्वामित्व निःशुल्क पाइने व्यवस्था छ । प्रथाजनित स्वशासन पद्धति, प्रथाजनित कानून, प्रथाजनित न्यायिक प्रशासन प्रणालीमा अधिकार छ । भूमिबाट बाध्यात्मक विस्थापन गर्न नपाइने प्रावधान छ । स्वेच्छिक रूपमा एक्लै र बसोबास गरेको आदिवासीको भूमि, खानी वा अन्य गतिविधिलाई जाति हत्या (Ethnocide) मान्ने प्रावधान छ । स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी तथा मञ्जुरी प्राप्त गरेर उपयोग गरिने खनिज, तेल आदिमा लाभको हिस्सा र क्षतिपूर्तिको व्यवस्था पनि छ ।

**भारतको संविधान १९५०**

निम्न असल अभ्यास नेपालको सन्दर्भमा प्रेरणादायी छ ।

भारतको संविधानमा आदिवासीको अधिकार सम्बन्धमा छैटौं र पाँचौं अनुसूची धेरै महत्वको छ ।

**छैटौँ अनुसूची**

छैटौं अनुसूची पूर्वोत्तर भारतको चार राज्यहरु आसाम, मेघालय, त्रिपुरा र मिजोरमका एकल आदिवासी बहुल क्षेत्रको लागि स्वायत्त आदिवासी जिल्ला (Autonomous District) र बहुल आदिवासी क्षेत्रको लागि क्षेत्रीय परिषद् (Autonomous Regional Councils) को व्यवस्था गरेको छ । स्वायत्त जिल्ला र परिषद्लाई स्वशासनको अधिकार छ । व्यवस्थापिकालाई भूमिको स्वामित्व र स्थानान्तरण गर्ने, वन, पानी र कृषिमा अधिकार छ । आदिवासीभित्रका मुद्दाहरुमा प्रथाजनित न्यायिक प्रणालीबाट न्याय दिने, समाधान गर्ने अधिकार छ । आर्थिकमा कर उठाउने अधिकार दिएको छ ।

**पाँचौँ अनुसूची**

छैटौं अनुसूचीका चार राज्य आदिवासी बाहेक झारखण्ड, छत्तिसगढ लगायतका अन्य राज्य आदिवासीको लागि पाँचौं अनुसूची जारी भएको हो । आदिवासी बढी भएको क्षेत्रलाई अनुसूचित क्षेत्र घोषणा गरी विशेष प्रशासनिक अधिकार दिएको छ । आदिवासी परामर्श परिषद् (Tribes Advisory Counciil/TAC) ले भूमि, संस्कृति, शिक्षामा अधिकार दिएको छ । अनुसूचित जनजाति र अन्य परम्परागत वनस्पति (वन अधिकार मान्यता) ऐन, २००६ (Scheduled Tribes and Other Traditional Forest Dwellers (Recognition of Forest Rights Act, 2006) पाँचौं अनुसूची क्षेत्रमा लागू हुन्छ ।

**फिलिपिन्सको ईप्रा**

फिलिपिन्सको असल अभ्यास नेपालको सन्दर्भमा प्रेरणादायी छ ।

धारा १ मा आदिवासीको अधिकार ऐन, १९९७ (The Indigenous Peoples' Rights Act of 1997 or The Indigenous Peoples' Rights Act of 1997) उल्लेख छ ।

धारा २ मा राष्ट्रिय एकता र विकासको लागि संविधान अन्तर्गत रहेर आदिवासी सांस्कृतिक समुदायहरू/आदिवासी (Indigenous Cultural Communities/Indigenous Peoples/ICCs/IPs) लाई उनीहरूको आफ्नो ऐतिहासिक थातथलोमा आर्थिक, सामाजिक र सांस्कृतिक कल्याण तथा प्रथाजनित कानूनलाई पहिचान गरी कार्यान्वयन गर्ने भन्ने उल्लेख छ ।

परिच्छेद २ को खण्ड तीनमा आधारभूत शब्दहरूको परिभाषा दिइएको छ ।

**पुर्ख्यौली भूमि अधिकार क्षेत्र (Ancestral domains)**

आदिवासी सांस्कृतिक समुदाय/आदिवासीको पुर्ख्यौली भूमि अधिकार क्षेत्र भन्नाले भूमि, पानी, समुद्री तटीय क्षेत्र र प्राकृतिक स्रोत जसमा परापूर्वकालदेखि आफ्नो पुर्ख्यौली वा समुदायगत वा व्यक्तिगत रूपमा, युद्ध, बाध्यात्मक विस्थापन वा छल, जालझेल वा सरकारी परियोजनाको परिणाम अपवादको रूपमा अवरोध भएको अवस्थामा बाहेक, स्वामित्वको दाबी वा अधिनस्थ वा कब्जामा निरन्तर रहदै आएको छ । यस अन्तर्गत पितृभूमि, वन जङ्गल, चरन, आवास, कृषि, सिकार क्षेत्र, चिहानघारी, पूजाआजा गर्ने स्थल, पानी, खानी लगायतका प्राकृतिक स्रोत र भूमिलाई जनाउँछ भनी उल्लेख छ ।

**पुर्ख्यौली भूमि (Ancestral lands)**

पुर्ख्यौली भूमि परापूर्वकालदेखि व्यक्ति, परिवार र कुलले आदिवासी सांस्कृतिक समुदाय/आदिवासीको हैसियतमा युद्ध, बाध्यात्मक विस्थापन वा छल, जालझेल वा सरकारी परियोजनाको परिणाम अपवादको रूपमा अवरोध भएको अवस्थामा बाहेक, स्वामित्वको दाबी वा अधिनस्थ वा कब्जामा निरन्तर रहदै आएको भूमिलाई जनाउँछ भनी उल्लेख छ ।

आदिवासी सांस्कृतिक समुदाय/आदिवासीको पुर्ख्यौली भूमि अधिकार क्षेत्रको स्वामित्वको प्रमाणपत्र (Certificate of Ancestral Domain Title) कानून बमोजिम पहिचान र निर्धारण भएको पुर्ख्यौली भूमि अधिकार क्षेत्रको स्वामित्वको प्रमाणपत्र ।

**पुर्ख्यौली भूमिको स्वामित्वको प्रमाणपत्र (Certificate of Ancestral Lands Title)**

पुर्ख्यौली भूमिमा आदिवासी सांस्कृतिक समुदाय/आदिवासीको अधिकारको औपचारिक मान्यताको प्रमाणपत्र ।

**सामूहिक दाबी (Communal claims)**

निर्धारित क्षेत्रभित्रका सम्पूर्ण समुदायको भूमि, स्रोत र अधिकारको दाबी ।

**प्रथाजनित कानून (Customary laws)**

सम्बन्धित आदिवासी सांस्कृतिक समुदाय/आदिवासीले परम्परागत रूपमा तथा निरन्तर मान्यता प्राप्त, स्वीकार र मान्दै आएको लिखित/अलिखित नियम, प्रथा, प्रयोग र अभ्यास ।

**स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी (FPIC)**

आदिवासी सांस्कृतिक समुदाय/आदिवासीको प्रथाजनित कानून र अभ्यासका आधारमा बाह्य हेरफेर, प्रभाव र जबरजस्तीपूर्ण हस्तक्षेपविना स्वतन्त्र रूपमा सर्वसम्मतिबाट निश्चित गरी कार्यको आशय र कार्य क्षेत्राधिकार समुदायले बुझ्ने भाषा र प्रक्रियाको माध्यम पूरा खुलासा गरी प्राप्त गरेको आधारमा ।

**आदिवासी सांस्कृतिक समुदाय/आदिवासी (Indigenous Cultural Communities/Indigenous Peoples)**

आदिवासी सांस्कृतिक समुदाय/आदिवासी भन्नाले ती जनताको समूह वा समरूप समाज; जो स्वः वा अन्यबाट पहिचान भएको छ, जो संगठित समुदायको रूपमा समुदायगत रूपमा बाँधिएर परिभाषित सिमानाभित्र निरन्तर

बसोबास गर्दै आएको छ । यो सिमानाभित्र जसको परापूर्वकालदेखि स्वामित्वको दाबी छ, अधिनस्थ छ, कब्जामा छ र उपयोगमा छ तथा साझा भाषा, प्रथा, परम्परा र अन्य विशिष्ट सांस्कृतिक विशेषता वा जोसँग राजनैतिक, सामाजिक र सांस्कृतिक उपनिवेशकरणको आगमन तथा गैरआदिवासी धर्म र संस्कृतिको प्रतिरोध गर्दै बहुसङ्ख्यक फिलिपिनोसँग ऐतिहासिक रूपमै भिन्न छन् । त्यस्तै गरी आदिवासी सांस्कृतिक समुदाय/आदिवासी भन्नाले ती जनताहरू; जसले यो मुलुकमा विजय वा उपनिवेश पाएको बेला वा गैरआदिवासी धर्म र संस्कृति आएको बेला वा वर्तमान राज्यको सिमाना स्थापित भएको बेला आवादमा रहेको जनसङ्ख्याको वंशको नाताले आदिवासी मानिएको तथा जसले केही वा सबै आफ्नो सामाजिक, आर्थिक, सांस्कृतिक र राजनैतिक संस्थाहरू कायम राखेको छ, तर जो आफ्नो परम्परागत क्षेत्राधिकारबाट विस्थापित भएको छ वा आफ्नो पैतृक थातथलोको क्षेत्राधिकार बाहिर पुनर्स्थापित छ ।

**आदिवासी राजनीतिक संरचना (Indigenous Political Structures)**

आदिवासी सांस्कृतिक समुदाय/आदिवासीले पहिचान गरेको निर्णय निर्माण र सहभागिताको लागि संगठनात्मक र सांस्कृतिक नेतृत्व पद्धति, संस्था, सम्बन्ध, ढाँचा र प्रक्रिया । जस्तै पाकाहरूको परिषद् ।

**व्यक्तिगत दाबी (Individual Claims)**

व्यक्ति, परिवार र वंश लगायतको आवास, धान खेत र रूखहरू लगायतको भूमि र अधिकारको दाबी ।

**आदिवासीसम्बन्धी राष्ट्रिय आयोग (National Commission on Indigenous Peoples (NCIP)**

आदिवासी सांस्कृतिक समुदाय/आदिवासीको लागि नीति, योजना र कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने राष्ट्रपतिको कार्यालय अन्तर्गत यही कानूनबाट स्थापित ।

**आदिवासी स्वामित्व (Native Title)**

विजय पूर्व आदिवासी सांस्कृतिक समुदाय/आदिवासीको भूमि र क्षेत्राधिकारमा अधिकार ।

**गैरसरकारी संगठन (Nongovernment Organization)**

आदिवासी सांस्कृतिक समुदाय/आदिवासीको लागि सेवा प्रदान गर्ने निजी, गैरसरकारी संस्था ।

**जनसंगठन (People's Organization)**

आदिवासी सांस्कृतिक समुदाय/आदिवासीको प्रतिनिधित्व स्वीकार भएको आदिवासी सांस्कृतिक समुदाय/आदिवासीको निजी, गैरसरकारी संस्था ।

**दिगो परम्परागत स्रोतमा अधिकार (Sustainable Traditional Resource Rights)**

आदिवासी सांस्कृतिक समुदाय/आदिवासीले भूमि, वायु, पानी, खनिज, बोटबिरूवा, जनावर र अन्य प्राणी तथा बटुल्ने, माछा मार्ने र सिकार गर्ने क्षेत्र, पवित्रस्थल, अन्य आर्थिक, समारोह तथा सौन्दर्य मूल्यका क्षेत्रहरु आदिवासी ज्ञान, विश्वास, पद्धति र अभ्यास बमोजिम दिगो उपयोग, व्यवस्थापन, सुरक्षा र संरक्षण गर्ने अधिकार ।

**परापूर्वकाल (Time Immemorial)**

सम्भन सकिने समयसम्म केही विशेष आदिवासी सांस्कृतिक समुदाय/आदिवासीले अधिनस्थ गरेको, कब्जा गरेको तथा आफ्नो प्रथा र परम्पराअनुसार प्रथाजनित कानूनबाट सञ्चालित वा पुर्खाबाट उत्तराधिकार प्राप्त परिभाषित भू-सिमाना ।

**चीनको संविधान, १९८२**

चीनको असल अभ्यास नेपालको सन्दर्भमा प्रेरणादायी छ । चीनमा राज्यले पहिचान गरेको ५६ राष्ट्रिय अल्पसङ्ख्यकलाई बराबरी अधिकारको साथै

उनीहरूको सघन भूभाग, भू-सिमाना तथा स्रोत भएको थातथलोमा क्षेत्रीय स्वायत्तता (Regional Autonomy) दिएर उनीहरूलाई नै प्रशासनिक अधिकार दिएको छ । प्रादेशिक संसद् र प्रादेशिक सरकार उनीहरू आफैले छनोट गर्दछन् । क्षेत्रीय संसद्लाई स्वायत्त नियमन (Autonomous Regulation) बनाउने अधिकार छ । स्वशासित क्षेत्रको मुखिया र संसद् को स्थायी समितको अध्यक्ष र उपाध्यक्ष सम्बन्धित आदिवासी नै हुनुपर्ने प्रावधान छ ।

**आदिवासीको अधिकार, विशेष गरी संयुक्त राष्ट्र संघको घोषणापत्र (युएनड्रिप) लाई कार्यान्वयन गर्न संविधान संशोधन गर्ने असल अभ्यास**

आदिवासीको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघको घोषणापत्र (युएनड्रिप) लाई अर्थपूर्ण कार्यान्वयन गर्ने सिलसिलामा नेपाल लगायत सबै राज्यको पहिलो दायित्व संविधान संशोधन गर्ने हो, तापनि कसैले संविधानमै संशोधन त कहिलेकाही कानून बनाएर कार्यान्यन गर्न खोजेको देखिन्छ । अष्ट्रेलियाको संसद्को आदिवासी र टोरेस टापुवासीहरूको मामिला सम्बन्धी संयुक्त, स्थायी समिति (Joint Standing Committee on Aboriginal and Torres Strait Islander Affairs, 2023) ले सन् २०२३ मा तयार गरेको प्रतिवेदनको तेस्रो परिच्छेदमा (युएनड्रिप) लाई अर्थपूर्ण कार्यान्वयन गर्ने अन्तरराष्ट्रिय अनुभव र अष्ट्रेलियाको लागि पाठ सम्बन्धमा विस्तृत रूपमा व्याख्या गरेको छ । यो प्रतिवेदन अनुसार विश्वमा चार किसिमले कार्यान्वयन गरेको पाइन्छ र ती हुन्ः (१) कानून बनाएर, (२) गैर विधायिकी बाटो जस्तै संविधान संशोधन गरेर, (३) नीतिगत र न्यायिक उपाय, र (४) आदिवासीलाई मान्यता दिने विद्यमान पद्धतिलाई परिमार्जन गरेर । सन् २०२३ को उक्त प्रतिवेदन अनुसार, 'लोकतान्त्रिक गणतन्त्र कङ्गो (२००६), इक्वेडर (२००८), केन्या (२०१०), मेक्सिको (२०११), निकारागुआ (२०१४) र चिली (२०१६) ले युएनड्रिप अनुसार आदिवासीको अधिकार अघि बढाउन आफ्ना संविधानहरू संशोधन गरेको छन् ।' (अङ्ग्रेजीबाट खस नेपालीमा अनुवाद मेरो) (Joint Standing Committee on Aboriginal and Torres Strait Islander Affairs, 2023, पृष्ठ ४७) ।

क्यानडाले सन् २००७ मा संयुक्त राष्ट्र संघको महा सभामा युएनड्रिपको विपक्षमा मत हालेकोमा क्यानडा सरकारले 'आकांक्षी' दस्तावेज (Aspirational document) भनेर नोभेम्बर २०१० मा औपचारिक रूपमा अनुमोदन गरेपछि १० मई २०१६ मा संघीय संसदले निःशर्त पूर्ण समर्थन गरेपछि यसलाई कार्यान्वयन गर्न सन् २०२१ मा युएनड्रिपका सम्बन्धमा कानून (STATUTES OF CANADA 2021 LOIS DU CANADA (2021) CHAPTER 14 CHAPITRE 14 An Act respecting the United Nations Declaration on the Rights of Indigenous Peoples) जारी गरी सबै कानूनहरु युएनड्रिप बमोजिम मिलान गर्न कार्य योजना बनाएर संसदमा आवधिक प्रतिवेदन प्रस्तुत गरी सार्वजनिक गर्न सुनिश्चित गरेको थियो ।

बोलिभियाले युएनड्रिपलाई सम्पूर्ण रूपमा कार्यान्वयन गर्न २१ डिसेम्बर २०१० मा पृथ्वी आमाको अधिकार सम्बन्धी कानून **(Law of the Rights of Mother Earth, Law No. 071)** पारित गरी कार्यान्वयन गरेको छ ।

मेक्सिकोले ३० सेप्टेम्बर २०२४ मा मेक्सिकोको संविधानको धारा २ लाई संशोधन गरी आदिवासीको आत्मनिणर्यको अधिकार स्थापित गर्दै स्वायत्तताको माध्यम आफ्नै आन्तरिक सरकार चलाउन सुनिश्चित गरेको छ ।

### *आदिवासीको कानून बनाउने असल अभ्यास*

फिलिपिन्सले राष्ट्रिय आदिवासी अधिकार ऐन २०११ (Indigenous Peoples Rights Act 1998), गणतन्त्र कङ्गोले आदिवासी ऐन २०११, बोलिभियाले सन् २०११ मा युएनड्रिपलाई एक मुष्ट कानून बनाएको (Bolivia Act Adopting the UNDRIP 2011) बनायो । कङ्गो गणतन्त्रको आदिवासी ऐन २०११ (Republic of Congo Indigenous Peoples Act 2011) प्रेरणादायी छ ।

### *आदिवासी सरकार*

आदिवासीकै सरकार भएको असल अभ्यास भएको देशमा संयुक्त राज्य अमेरिकाको आदिवासीको "Treaty Indians" (Native Americans in the US), बोलिभिया (सन् २००९ देखि) सम्म, सन् २०११ मा विखण्डन

भएको सुडानमा सन् २०१४ मा ग्रिनल्याण्ड कलालित नुनात, (Greenland Kalaallit Nunaat), उत्तरउपनिवेशी प्रशान्त क्षेत्रका टापु मुलुकहरु ।

*स्वायत्त वा स्वःसरकारको असल अभ्यास भएको देशहरू*

क्यानडाको पहिलो राष्ट्रहरु (First Nations), उत्तर पूर्वी भारतको राज्यहरु तथा सन् २००० मा बनेको झारखण्ड र छत्तिसगढ, चीनको स्वायत्त राष्ट्रिय अल्पसङ्ख्यक क्षेत्रहरु (Autonomous National Minority Areas), पनामाको कुना (Kuna) र अन्य आदिवासी सरकार, निकारागुआको मिष्कितो इण्डियन (Misquito Indians), नर्वेको सामी संसद् (Sami Parliament), रसिया महासंघको नेनेत र अन्य आदिवासी स्वायत्त ओत्रुग (Nenet and other Indigenous Peoples Autonomous Okrug) ।

*प्राकृतिक स्रोतमा आदिवासी नियन्त्रण भएको असल अभ्यासहरू*

क्यानडामा पानी र वन, अमेरिकामा जमिनमुनिको युरेनियम लगायत, बोलिभियामा ग्यास, फिलिपिन्समा भूमि सतह तथा भूमिमुनिको खानी, ब्राजिल, पनामा र कोलोम्बियामा वनमा, अष्टेलियामा जमिनमुनिको स्रोत ।

## संविधान मूल्याङ्कन उपकरणमा आदिवासीको अधिकारसम्बन्धी कार्यपुस्तकको कसीमा नेपालको संविधान, २०७२

इन्टरनेशनल आइडिया (International IDEA) ले संविधान मूल्याङ्कन औजारमा आदिवासीको अधिकारसम्बन्धी कार्यपुस्तकमा संविधानमा हुनुपर्ने आदिवासीको अधिकारबारे ३४ वटा प्रश्न राखेर संविधानमा आदिवासीको अधिकार संरक्षण भए नभएको बुझ्ने, मूल्याङ्कन गरेपछि नभएको अधिकारलाई सुनिश्चित गर्न के कस्तो कानूनी र संवैधानिक सुधार गर्ने भन्ने व्यावहारिक उपयोगी औजार दिएको छ ।

- आदिवासी उल्लेख छ, तर खस-आर्यको जस्तो मान्यता र मौलिक अधिकार, आदिवासीको सामूहिक अधिकार, सार्वभौमिकताको अधिकार राखेको छैन ।

- बहुजातीय, बहुसांस्कृतिक, बहुभाषिक र बहुधार्मिक देशको रूपमा पहिचान गरेर समावेशीकरणको व्यवस्था तथा समानताको प्रावधान भए पनि व्यवहारमा एकल जात, भाषा, धर्म, संस्कृतिको हालीमुहालीमा निरन्तरता छ ।
- निर्वाचन र संवैधानिक पदहरूमा आरक्षणको प्रावधान भए पनि दुरूपयोग भएको र निजामती सेवा, न्याय सेवा, प्रहरी, सेनामा आरक्षणको व्यवस्था भए पनि फिर्ता लिने सोचमा रहेको ।
- आदिवासीको आत्मननिर्णयको अधिकार संविधानमा अभाव देखिएकोले आदिवासीको आत्मनिर्णय र आदिवासी महिलाको सबै अधिकार युएनड्रिप बमोजिम सुनिश्चित गर्न संविधान संशोधन गर्न सिड समितिले सन् २०१८ र सन् २०२५ मा नेपाल राज्य पक्षलाई दिएको निष्कर्ष अवलोकन र सिफारिस (सुझाव)मा उल्लेख छ ।
- धारा ५६ (५)मा स्वायत्तता, विशेष र संरक्षित क्षेत्रको कानून बनाएर लागू गर्ने प्रावधान छ । सर्वोच्च अदालतले यसलाई कार्यान्वयन गर भनेर निर्देशनात्मक आदेश दिएको भए पनि त्यसको पालना नगरेको, कार्यान्वयन नगरेको अवस्था छ ।
- विवादमा आदिवासी प्रथाजनित कानून र विवाद समाधानको प्रक्रिया थारु, थकाली, मार्फाली थकाली, लोबा, बाह्र गाउँले, डोल्पो, मुगाल, मगर, तमू, याक्थुङ, तामाङ आदिमा प्रचलित छ र सरकारले खासै हस्तक्षेप गरेको अवस्था भने छैन ।
- आदिवासी आफैले छानेको प्रतिनिधि वा संस्था वा विशेष संयन्त्रमार्फत परामर्शको अधिकार संविधानमा छैन ।
- संसद्मा समानुपातिक निर्वाचन माध्यम आदिवासीको प्रतिनिधित्वको व्यवस्था छ, तर यो विकृत रूपमा दलको बन्धक दिमाग बोक्नेलाई मात्र दुरूपयोग भएको छ । आदिवासीको मुद्दा उठाउन, ककस खोल्न निक्षेत्र गरेको अवस्था छ ।
- कार्यपालिकामा आदिवासीको प्रतिनिधित्वको व्यवस्था छैन ।

- सर्वोच्च अदालत लगायतको न्यायपालिकामा हुने नियुक्तिहरूमा आदिवासीको प्रतिनिधित्वको व्यवस्था छैन ।
- निजामती सेवामा आदिवासीका लागि आरक्षणको व्यवस्था छ, तर यसलाई हटाउने कसरत भइरहेको छ ।
- संविधानले आदिवासीको भूमि, भू-सिमाना र स्रोत चिन्दैन, मान्यता दिँदैन । बरू खोस्न र बाध्यात्मक विस्थापन गर्न भने जान्दछ ।
- आदिवासीलाई प्राकृतिक स्रोतमा अधिकारविहीन राखेको छ । लाभको बाँडफाँड गर्ने व्यवस्था पनि छैन ।
- आदिवासीको भूमि, भू-सिमाना र स्रोतभित्र हुने विकास निर्माणको कार्यमा स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी प्राप्त गर्ने गरेको छैन । सरकारले मान्यता दिएको छैन र केही प्रदेश सरकारले आदिवासीको केही भाषालाई मान्यता दिन सुरू गरेको छ ।
- आदिवासीको पहिचान, संस्कृति, भाषा, धर्म, आदि संरक्षण, संवर्धन र प्रवर्धन गर्ने संविधानको निर्देशक सिद्धान्तमा छ, तर व्यवहारमा ठिक उल्टो छ ।
- आदिवासीको भाषाहरूलाई संघीय सरकारले मान्यता दिएको छैन, तर केही प्रदेश सरकारले मान्यता दिन सुरू गरेको छ ।
- संस्कृति उपयुक्त शिक्षा र मातृभाषामा शिक्षा अभ्यासमा छैन ।
- परम्परागत जिविकोपार्जनको अभ्यासलाई निन्तरता दिनुको सट्टा अपराधीकरण गरिएको छ ।
- आदिवासीको स्वास्थ्यको संरक्षण र परम्परागत औषधी र सेवालाई संवैधानिक संरक्षण छैन ।
- आदिवासीको बौद्धिक सम्पत्ति र परम्परागत सांस्कृतिक अभिव्यक्तिमा स्वामित्वलाई संवैधानिक मान्यता छैन ।
- आदिवासीको सामाजिक, सांस्कृतिक, आर्थिक संरक्षण, संवर्धन, सशक्तीकरणको लागि आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान,

आदिवासी जनजाति आयोग र थारु आयोगको व्यवस्था छ, तर सरकारले प्रतिष्ठान खारेज गर्ने सोचमा छ ।

- आदिवासीको अधिकारको समन्वय, संरक्षण र प्रवर्धन गर्न संविधानमा बहुल तह छैन ।
- हालै सर्वोच्च अदालतले युएनड्रिप, आइएलओ महासन्धि नं. १६९ कार्यान्वयन गर्नू भनी संघीय, प्रान्तीय र स्थानीय सरकारलाई निर्देशनात्मक आदेशहरु जारी गरिसकेकोले आदिवासीको अधिकार सम्बन्धमा अदालतमा पहुँच भएको देखिन्छ, तर फैसलाले आदिवासीको मानव अधिकार सुरक्षित गर्छ कि गर्दैन भन्ने कुरा अदालतको न्यायाधीस नेपाल पक्ष रहेको अन्तर्राष्ट्रिय कानूनमा के कति प्रतिबद्ध छ भन्नेमा निर्भर देखिन्छ ।
- संविधानले निजी तहमा कानूनी प्रतिनिधित्व गर्न असमर्थ भएका व्यक्ति वा समूहलाई कानूनी सहायता सुनिश्चित गरेको छ, तर व्यवहारमा आदिवासीहरूले सहज रुपमा यो सहायता पाएको भने देखिँदैन ।
- संविधानले दलित, महिला आदिको मौलिक अधिकार प्रष्टसँग उल्लेख गरेको छ, तर आदिवासीको अधिकार मौलिक हकमा उल्लेख नभएकोले अधिकारको अनुमतिको आधार र प्रक्रियाको सीमितताको प्रष्टता छैन र न्याय सुनिश्चित गरेको छैन ।
- संविधानमा अन्तर्राष्ट्रिय सन्धि अनुमोदन हुनासाथ कानून हुने प्रावधान नभए पनि सन् १९९१ को सन्धि ऐनले नेपाल पक्ष रहेको अन्तर्राष्ट्रिय महासन्धिसँग नेपालको कानून बाँझिए नेपालको कानून मान्य नहुने उल्लेख छ ।
- नेपालको संविधानको प्रस्तावनामा मानव अधिकारप्रति प्रतिबद्धता जनाएकोले अदालतले गर्ने व्याख्यामा मानव अधिकारको प्रावधानहरूलाई प्रयोग गर्दा अन्तर्राष्ट्रिय अभ्यासहरूलाई पनि अनुमति दिने, प्रोत्साहन गर्ने वा आवश्यक हुने गरेको अभ्यास भएको देखिन्छ ।

## नेपालको संविधानमा गर्नुपर्ने सुधारको लागि प्रस्ताव

नेपालको आदिवासीको सामूहिक र व्यक्तिगत अधिकारलाई दैनिक जीवनमा उपभोग, अभ्यास गर्नका लागि यी सबै अधिकार संविधानमा प्रत्याभूत हुनुपर्दछ भन्नेमा कसैको दुई मत छैन । प्रश्न कसरी गर्ने भन्ने हो । विश्वका देशहरूले विभिन्न तरिकाले आदिवासीको अधिकार कहीँ धेरै त कहीँ थोरै सुनिश्चित गरेको देखिन्छ । उक्त अनुभवहरूका आधारमा नेपालमा आदिवासीहरूले के गर्ने भन्ने सम्बन्धमा मूलतः दुई वटा बाटो देखिन्छ ।

पहिलो बाटो, संयुक्त राज्य अमेरिकाको नेटिभ अमेरिकन र अर्को क्यानडाको नुनाभुतले अपनाएको बाटो सन्धि तथा सम्झौता हो । नेपालमा यो बाटो विगतमा याक्थुङ (लिम्बू) आदिवासीले राजा पृथ्वीनारायण शाहसँग सन्धि गरी याक्थुङ स्वायत्तता र प्रथाजनित स्वःशासन प्रत्याभूत गरेका थिए । अमेरिकामा विगतको सन्धिलाई संघीय सरकारले मान्यता दियो र दिई नै रहेको छ । नेपालमा भने राजा महेन्द्रको पालामा भूमि सुधारको नाममा सन्धिलाई लत्याउने काम भएको देखिन्छ । क्यानडाको नुनाभुतले क्यानडा सरकारसँग गरेका सम्झौता जस्तै लिम्बूवानसँग लिम्बूवान स्वायत्तताको सम्बन्धमा नेपाल सरकारले सम्झौता गरेका थियो, तर त्यसको कार्यान्वयन भने गरेन, गराउन सकेन ।

थोकमा गर्ने कि खुद्रामा गर्ने ? नयाँ संविधान लेखेर गर्ने कि संविधान पुनर्लेखन वा संशोधन गरेर ? आदिवासीको विद्रोह वा क्रान्तिबाट लेख्ने कि विद्यमान राजनीतिक व्यवस्थामा रहेर गर्ने ? यी कार्यहरु तत्काल गर्ने कि विस्तारै लामो समय लिएर गर्ने ? यसको उत्तर विभिन्न आदिवासी र गैरआदिवासीको विभिन्न हुन सक्छ । यी प्रश्नको उत्तर उपनिवेशवादी, नश्लवाद, बाहुनवादी शासकहरूले कसरी दिन चाहन्छन् ? आदिवासीहरूले संगठित ऐक्यबद्ध जुझारू आन्दोलन, विद्रोह वा क्रान्ति कहिले गर्न सक्दछ भन्ने कुराहरूले निर्धारण गर्दछ ।

आधारभूत उत्तर यो हो कि आदिवासीको अधिकारहरु जुनसुकै संविधान, जहिले सुकैको संविधान, नयाँ वा पुनर्लेखन वा संशोधन गरिएको, सार्वभौम जनताले निर्माण गरेको वा शासकले माथिबाट लादेको वा आदिवासीहरूसँग

स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी प्राप्त गरी बनेको संविधान सबैमा ढिलो चाँडो प्रत्याभूत हुनु, गरिनुपर्दछ । त्यसैले, संविधानमा सुधार क्रममा १ प्रतिशतदेखि शतप्रतिशतसम्म हुन सक्दछ ।

फजि लजिक (Fuzzy logic) को आधारबाट हेर्दा यथार्थमा नेपाल वा अन्य कुनै पनि राज्यको संविधान शून्यदेखि सय प्रतिशतको रेञ्जमा कोही शून्यदेखि पर वा शतप्रतिशतदेखि वर हुन सक्दछ । यिनै तितो यथार्थता र आदर्श चाहनालाई मध्यनजर राख्दै यहाँ प्रस्तावित संविधानमा प्रत्याभूत हुनुपर्ने अधिकारका प्रावधानहरू कतिपयको लागि असम्भव, यथार्थतादेखि पर, अहिलेको विश्व व्यवस्थामा असान्दर्भिक, कतिपय अधिकार संविधान तथा कानून विरूद्ध र कतिपय अहिलेको भन्दा पनि भविष्यमा दाबी गर्नुपर्ने अधिकारको रूपमा बुझ्नेहरू भएमा आश्चर्य हुने छैन । तर यसलाई कुन रूपमा हेर्ने, बुझ्ने र आत्मसात गर्नुपर्ने हुन्छ भने यी कानून विरूद्ध, काल्पनिक र अभ्यास गर्न असम्भव संवैधानिक प्रावधानहरू हैनन्, छैनन् । वास्तविकता यति मात्र हो कि अब पर्यन्त चाहे आदिवासी अधिकारवादीले होस् वा दायित्ववाला राज्यले होस् वा बजार तथा आम सञ्चारलागायतका नागरिक समाजले होस्, सबैले यहाँ उल्लिखित आदिवासीको अधिकार हरूलाई जति सक्दो चाँडो, जतिसक्दो धेरै प्रत्याभूत गर्न, गराउन सक्यो भने त्यो धर्ती आमालाई, प्रकृतिलाई, जीवित तथा निर्जिव सबैलाई र मानव जातिको कल्याण हुने छ ।

**नयाँ संविधान निर्माण गर्दा वा विद्यमान संविधान संशोधन, पुर्नलेखन, सुधार, पुनरावलोकन गर्दा ध्यान दिनै पर्ने आधारभूत प्रक्रिया र सिद्धान्तहरू**

नेपालको संविधान, २०७२ लगायत कुनै पनि नयाँ संविधान निर्माण गर्दा वा विद्यमान संविधान संशोधन, पुर्नलेखन, सुधार, पुनरावलोकन गर्दा ध्यान दिनै पर्ने आधारभूत प्रक्रिया र सिद्धान्तहरूमध्ये निम्न अनिवार्य छन् :

- **स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी (एफपिक):**

  संविधानले आदिवासीहरूलाई प्रत्यक्ष, अप्रत्यक्ष रूपमा प्रभाव पार्ने भएकोले कुनै पनि संविधान नयाँ निर्माण गर्दा वा विद्यमान संविधान

संशोधन, पुर्नलेखन, सुधार, पुनरावलोकन गर्दा ध्यान दिनुपर्ने आधारभूत प्रक्रियामध्ये सबैभन्दा महत्वपूर्ण, अनिवार्य प्रक्रिया आदिवासीहरूबाट स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी (एफपिक) प्राप्त गर्नुपर्दछ । अन्यथा यस्तो संविधानले आदिवासीको अन्तर्राष्ट्रिय मानव अधिकारका मापदण्ड, विशेष गरेर सर्ड, युएनड्रिप, आइएलओ महासन्धि नं. १६९, सिडको आधारभूत सिद्धान्त नं. ३९ लगायतमा प्रत्याभूत मानव अधिकार हनन्, उल्लङ्घन, बेवास्ता, इन्कार, दुरूपयोग, हस्तक्षेप आदि गरेको ठहर्छ । यस सम्बन्धमा माओवादी जनयुद्धको अन्तपछि थालनी भएको शान्ति प्रक्रिया अन्तर्गत निर्वाचित संविधान सभाले संविधान निर्माण कार्य थालनी गर्दा सर्ड कमिटी (भेदभाव हेर्ने समिति) ले राज्य पक्ष नेपाललाई १३ मार्च २००९ र २८ सेप्टेम्बर २००९ मा दिएको अग्रिम चेतावनी (अर्लि वार्निङ) अब संविधान संशोधन, पुर्नलेखन, सुधार, पुनरावलोकन गर्दा ध्यान दिनै पर्ने हुन्छ ।

सबै प्रकारको नश्लीय भेदभाव उन्मूलन गर्नका लागि समिति (सर्ड कमिटी)ले नेपाल सरकारलाई १३ मार्च २००९ मा जारी गरेको पहिलो अग्रिम चेतावनीमा गरेको सिफारिस यस प्रकार थियो । ' यो समिति सिफारिस गर्दछ कि संविधान निर्माणको प्रक्रियाको सन्दर्भमा आदिवासी जनजातिहरूको स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरीको सुनिश्चित गर्ने संयन्त्र स्थापना गरियोस् । राजनैतिक जीवनमा आदिवासी जनजातिको सहभागिता ग्यारेण्टी गर्नका लागि आदिवासीहरूको विषयगत समिति बनाइयोस् ।' यस सम्बन्धमा, यो समितिले आदिवासी जनजाति (१/८/०८/९७) सम्बन्धी सामान्य सिफारिस नं. २३ लाई स्मरण गर्दछ । यो सामान्य सिफारिसको अनुच्छेद ४ (घ) अनुसार, राज्य पक्षहरूलाई स्मरण गराउन चाहन्छ कि 'सार्वजनिक जीवनमा प्रभावकारी सहभागिता सम्बन्धमा आदिवासी जनजातिहरूको समान अधिकार र उनीहरूको अधिकारहरू र चाहनाहरूलाई प्रत्यक्ष प्रभाव पार्ने अवस्थामा उनीहरूको

जानकारीसहितको मञ्जुरी नलिइकन कुनै पनि निर्णय नगर्ने सुनिश्चितता गर्ने ।'[20]

- **आदिवासीसम्बन्धी विषयगत समिति :**

  सर्डको माथि उल्लिखित अग्रिम चेतावनीमा सिफारिस गरेअनुसार संविधान निर्माण गर्दा विभिन्न विषय समिति राख्दा आदिवासीको सम्बन्धमा छुट्टै विषय समिति राख्नुपर्ने हुन्छ । विषय समिति नरहेको अवस्थामा आदिवासीको अधिकार समेटिएको हुनुपर्दछ ।

- **संविधानसम्बन्धी निर्णय प्रक्रियामा प्रत्यक्ष प्रतिनिधित्व र सहभागिता :**

  संविधान नयाँ निर्माण गर्दा वा विद्यमान संविधान संशोधन, पुर्नलेखन, सुधार, पुनरावलोकन लगायतका जुनसुकै कार्य गर्दा निर्णय गर्ने प्रक्रियामा आदिवासीहरूको प्रत्यक्ष प्रतिनिधित्व र सहभागिता प्रत्याभूत गर्नुपर्दछ । प्रत्यक्ष प्रतिनिधित्व भन्नाले बाह्य पक्ष अर्थात् सरकार, राजनीतिक दलबाट छनोट गर्ने नभएर आदिवासीहरूले आफ्नै प्रथाजनित परम्परागत प्रक्रियाबाट छनोट गरेको प्रतिनिधि भनेको हो । प्रथाजनित स्वशासित संस्था नभएको अवस्थामा प्रतिनिधिमूलक संस्थाको माध्यम प्रथा परम्पराअनुसार छनोट गरेको प्रतिनिधि हो । सर्ड कमिटीले नेपाल सरकारलाई २८ सेप्टेम्बर २००९ मा जारी गरेको दोस्रो अग्रिम चेतावनीमा गरेको सिफारिस यस प्रकार थियो : 'माथि प्रकाश पारिए बमोजिम, समितिले यो दोहोऱ्याउँछ कि यस्तो विषयगत समितिको स्थापनाका लागि तत्कालै विचार गरियोस् । आदिवासीको प्रतिनिधित्व उनीहरूले सम्बन्धित जनसमुदायले आफ्नै प्रक्रियाहरु अनुसार छानिएका र पहिचान गरिएका आदिवासी प्रतिनिधिहरूलाई सहभागी हुन दिएर प्रभावकारी आदिवासी प्रतिनिधित्व ग्यारेण्टी गर्न पर्दछ ।[21]

---

20 https://tbinternet.ohchr.org/_layouts/15/TreatyBodyExternal/DownloadDraft.

21 https://tbinternet.ohchr.org/_layouts/15/TreatyBodyExternal/Download-Draft.aspx¿key=Dv7JAup6JKg4QlRrUAcf8Qgi11nCIrR7qUbYcM8EbrEFvW-15Mlns06z3Ii78PHLB

- **आत्मनिर्णय तथा अविभेदको सिद्धान्तः**

  संविधान नयाँ निर्माण गर्दा वा विद्यमान संविधान संशोधन, पुर्नलेखन, सुधार, पुनरावलोकन लगायतका जुनसुकै कार्य गर्दा आदिवासीको हकमा आत्मनिर्णय र अविभेदको सिद्धान्तअनुसार हुनुपर्दछ । आदिवासीको सामूहिक अधिकार, आत्मनिर्णयको आधारमा प्रत्याभूत हुनुपर्दछ भने आदिवासीको व्यक्तिगत अधिकार गैरआदिवासीको व्यक्तिगतअधिकार सरह अविभेद (Nondiscrimination) को आधारमा हुनुपर्दछ ।

- **आदिवासीलाई आदिवासी नै भनी उल्लेख गर्नुपर्नेः**

  आदिवासीलाई आदिवासी, अङ्ग्रेजीमा (Indigenous Peoples) भनी उल्लेख गर्नुपर्दछ । आदिवासीलाई स्थानीय समुदाय (Local Community) भन्नुहुँदैन । किनभने दुवैको अधिकारहरु फरक-फरक भएकोले आदिवासीलाई स्थानीय समुदायसँग मिसाउँदा आदिवासीले आफ्नो अधिकार उपभोग गर्नबाट वञ्चित हुने भएकोले आदिवासीलाई आदिवासी नै भन्नुपर्दछ भनी आदिवासीको विशेष समाधिक्षकले मानव अधिकार परिषद्मा प्रस्तुत प्रतिवेदनमा प्रष्ट उल्लेख छ (HRC, 2025) ।[22] साथै, आदिवासीलाई अल्पसङ्ख्यक भन्न हुँदैन । जनसङ्ख्याको आधारमा बहुसङ्ख्यक र अल्पसङ्ख्यक तथा विभेदको आधारमा विभेद गर्नेलाई प्रभुत्वशाली वर्ग र विभेदमा पारिएकालाई अल्पसङ्ख्यक भन्ने गरिए पनि अन्तर्राष्ट्रिय कानून तथा मानव अधिकारको अन्तर्राष्ट्रिय मापदण्डमा भने आदिवासी (Indigenous Poeples) र अल्पसङ्ख्यक (Minorities) फरक-फरक अधिकार भएको अवधारणा हो । मुख्य फरक भनेको आदिवासीको आत्मनिर्णयको अधिकार, भूमि, भू-सिमाना तथा स्रोतमा सामूहिक स्वामित्व र नियन्त्रणको अधिकार हुन्छ भने अल्पसङ्ख्यक

22_https://docs.un.org/en/A/HRC/60/29

(Minorities) लाई जातीय, भाषिक र धार्मिक अधिकार[23] हुन्छ, तर आदिवासीको जस्तो आत्मनिर्णय र भूमिमाथिको अधिकार हुँदैन ।

**प्रस्तावना**

- विगतमा आदिवासीहरु विरूद्ध राज्यले गरेको ऐतिहासिक अन्याय (Historical injustice) को लागि औपचारिक रूपमा माफी माग्दै, प्रधानमन्त्रीले संसद्मा वा राष्ट्रको नाम औपचारिक यसरी माफी माग्दै[24]
- नेपाल राज्य पक्ष भएको आइएलओ महासन्धि नं. १६९, युएनड्रिप, सिडको आधारभूत सिफारिस नं. ३९, सबै प्रकारका नश्लीय भेदभाव उन्मूलन गर्ने महासन्धि, लगायतका महासन्धि, घोषणापत्र र सिडको सन्धि निकायले गरेको सिफारिसहरूको मर्म बमोजिम अर्थपूर्ण कार्यान्वयन गर्ने प्रतिबद्धता जाहेर गर्दै,

---

23 Un Dcelaration on the Rights of Persons Belonging to National or Ethinc, Religios and Linguistic Minorities. General Assembly Resolution 47/135. 18 December 1992.
https://www.ohchr.org/en/instruments-mechanisms/instruments/declaration-rights-persons-belonging-national-or-ethnic

24 संविधान नयाँ निर्माण गर्दा वा विद्यमान संविधान संशोधन, पुर्नलेखन, सुधार, पुनरावलोकन लगायतका जुनसुकै कार्य गर्दा वा गर्नु अघि नै राज्यले आदिवासीसँग औपचारिक रूपमा प्रधानमन्त्रीले राष्ट्रको नाममा सन्देश दिएर यस प्रकार माफी माग्नुपर्दछः

विगतदेखि वर्तमानसम्म राज्यले आदिवासी विरूद्ध प्रत्यक्ष र संरचनात्मक हिंसा गरेकै हो, गरिरहेकै छ । आदिवासीसँग स्वतन्त्र, अग्रिम जानकारीसहितको मन्जुरी प्राप्त नगरिकनै आदिवासीको भूमि लुटेकै हो, लुटिरहेकै छ । ऐतिहासिक थातथलोबाट बाध्यात्मक विस्थापन गरेकै हो, गरिरहेकै छ । भाषिक संहार (Linguistic genocide) र सांस्कृतिक संहार (Cultural genocide) गरेकै हो, गरिरहेकै छ । नमासिने र मासिने मतवाली भनी असमान श्रेणीबद्ध हिन्दूको चार वर्ण र जात व्यवस्थामा जबरजस्ती कानूनी हैसियत दिएको मात्र नभएर मासिने मतवाली भनी मानव बेचबिखन, दास, कमारा-कमारी, कमैया, कमलरी बनाएर मानवता विरूद्धको अपराध गरेकै हो । युद्ध, सन्धि, मुलुकी ऐन, संविधान, ऐन, कानून, नीति तथा योजनाको माध्यम आदिवासीलाई अन्याय, अत्याचार, शोषण, दमन, उत्पीडन, बहिष्करण, सिमान्तकरण, भेदभाव, अपमान, हेला होचो गरेकै हो, गरिरहेकै छ । नेपाल सबै जातको फुलबारी हो भन्ने नाममा एक जात, एक भाषा, एक भेष, एक धर्मको नीति तथा हस्तक्षेपकारी विकास लादेकै हो, लादिरहेकै छ । प्रथाजनित स्वःशासन र प्रथाजनित कानूनलाई सिध्याउन खोजेकै हो । प्रथाजनित प्रथा, परम्परा, सीप आदिलाई अपराधीकरण गरेकै हो । नश्लवाद, उपनिवेशवाद, बाहुनवाद थोपरेर आदिवासीको विशिष्ट सामूहिक जीवन पद्धतिलाई निमिट्यान्न पार्न खोजेकै हो । राज्यले गरेका यी सबै ऐतिहासिक गल्तीहरूको लागि आदिवासी महिला, आदिवासी किशोरी, आदिवासी पुरूष, आदिवासी युवा, आदिवासी बालबालिका, अपाङ्गता भएका आदिवासी,

- आदिवासीको स्थायी सार्वभौमिकता, आत्मनिर्णय र अविभेदको सिद्धान्तलाई आत्मसात गर्दे,
- आदिवासी विरूद्ध हुने नश्लवाद, उपनिवेशवाद, बाहुनवाद र पितृसत्तावाद तथा लिङ्गवाद अन्त्य गर्न प्रतिबद्धता जाहेर गर्दै,
- आदिवासीको पितृको योगदान र आदिवासी ज्ञानको महत्व र अन्तरपुस्ता हस्तान्तरणको दायित्व तथा आवश्यकतालाई सम्झना गर्दै,
- आदिवासीबाट स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी प्राप्त नगरी राज्यले विभिन्न कालखण्डमा संविधान, ऐन, कानून, नीति, नियम, निर्देशिका, कार्यविधि आदिका माध्यम खोसेको भूमि फिर्ता गर्ने संकल्प गर्दै,
- आदिवासीको ऐतिहासिक थातथलो, भूमि, भू-सिमाना तथा स्रोतको निरन्तरता तथा जैविक विविधताको संरक्षकत्वको उच्च सम्मान गर्दे,

---

आदिवासी यौनिक अल्पसङ्ख्यक लगायतका सम्पूर्ण आदिवासी राष्ट्र, राज्य तथा प्रथाजनित सरकार हरूसँग क्षमायाचना गर्दछौं । यस ऐतिहासिक गल्तीबाट आदिवासीहरूमा भएको अपूरणीय क्षतिको लागि आदिवासीहरूसँग क्षमायाचना गर्दै नेपालले अनुमोदन गरेको युएनड्रिप, आइएलओ महासन्धि नं. १६९, आदिवासी महिला तथा किशोरीको अधिकार सम्बन्धमा सिडको आधारभूत सिफारिस नं. ३९, सर्डको आधारभूत सिफारिस नं. २३ र सिआरसिको आधारभूत सिफारिस नं. ११ मा प्रत्याभूत आदिवासीको सामूहिक तथा व्यक्तिगत अधिकारको कार्यान्वयन अर्थपूर्ण रूपमा गर्न यी ६ वटै मानव अधिकारको दस्तावेजहरूलाई नेपालको कानून भएको घोषणा गर्दछौं । यी सबैलाई अक्षरस कार्यान्वयन गर्नेछौं ।) विरूद्धको अपराध गरेकै हो । युद्ध, सन्धि, मुलुकी ऐन, संविधान, ऐन, कानून, नीति तथा योजनाको माध्यम आदिवासीलाई अन्याय, अत्याचार, शोषण, दमन, उत्पीडन, बहिष्करण, सिमान्तकरण, भेदभाव, अपमान, हेला होचो गरेकै हो, गरिरहेकै छ । नेपाल सबै जातको फुलबारी हो भन्ने नाममा एक जात, एक भाषा, एक भेष, एक धर्मको नीति तथा हस्तक्षेपकारी विकास लादेकै हो, लादिरहेकै छ । प्रथाजनित स्वःशासन र प्रथाजनित कानूनलाई सिध्याउन खोजेकै हो । प्रथाजनित प्रथा, परम्परा, सीप आदिलाई अपराधीकरण गरेकै हो । नश्लवाद, उपनिवेशवाद, बाहुनवाद थोपरेर आदिवासीको विशिष्ट सामूहिक जीवन पद्धतिलाई निमिट्यान्न पार्न खोजेकै हो । राज्यले गरेका यी सबै ऐतिहासिक गल्तीहरूको लागि आदिवासी महिला, आदिवासी किशोरी, आदिवासी पुरूष, आदिवासी युवा, आदिवासी बालबालिका, अपाङ्गता भएका आदिवासी, आदिवासी यौनिक अल्पसङ्ख्यक लगायतका सम्पूर्ण आदिवासी राष्ट्र, राज्य तथा प्रथाजनित सरकारहरूसँग क्षमायाचना गर्दछौं । यस ऐतिहासिक गल्तीबाट आदिवासीहरूमा भएको अपूरणीय क्षतिको लागि आदिवासीहरूसँग क्षमायाचना गर्दै नेपालले अनुमोदन गरेको युएनड्रिप, आइएलओ महासन्धि नं. १६९, आदिवासी महिला तथा किशोरीको अधिकार सम्बन्धमा सिडको आधारभूत सिफारिस नं. ३९, सर्डको आधारभूत सिफारिस नं. २३ र सिआरसिको आधारभूत सिफारिस नं. ११ मा प्रत्याभूत आदिवासीको सामूहिक तथा व्यक्तिगत अधिकारको कार्यान्वयन अर्थपूर्ण रूपमा गर्न यी ६ वटै मानव अधिकारको दस्तावेजहरूलाई नेपालको कानून भएको घोषणा गर्दछौं । यी सबैलाई अक्षरस कार्यान्वयन गर्न प्रतिबद्ध छौं ।)

**मौलिक हक**

- युएनड्रिपमा प्रत्याभूत आदिवासीको निम्न सामूहिक अधिकारहरु आदिवासीको मौलिक हक अधिकार हुन् :
    - आत्मनिर्णयको हक ।
    - आदिवासीको सामूहिक पृथक पहिचानको हक ।
    - स्वायत्तताको हक ।
    - प्रथाजनित स्वःशासन पद्धतिको हक ।
    - भूमि, भू-सिमाना तथा स्रोतमा सामूहिक स्वामित्व तथा नियन्त्रणको हक ।
    - प्रथाजनित कानून, प्रथाजनित न्यायिक पद्धति र कानूनी बहुलताको हक ।
    - स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरीको हक ।
    - नीति निर्णयको राज्यको सबै तह र तप्कामा प्रत्यक्ष प्रतिनिधित्व र सहभागिताको हक ।
    - जैविक विविधताका संरक्षकत्वको हक ।
    - आदिवासी भाषा, ज्ञान, शिक्षा तथा स्वास्थ्यको हक ।
    - जलवायु न्यायको हक ।
    - आदिवासी नारीवादको हक ।
    - अन्तरदेशीय सम्बन्धको हक ।
    - अन्तरपुस्ता हस्तान्तरण लगायतका सबै सामूहिक तथा व्यक्तिगतअधिकार मौलिक हक हो ।
    - पूर्ववर्ती अधिकार (Pre-existing rights) को हक ।
    - अविभेदको हक ।
- सिड जि.आर. नं. ३९ मा उल्लेखित सबै अधिकार आदिवासी महिला तथा किशोरीको मौलिक हक ।
- अपाङ्गता भएको आदिवासीको हक ।

- आदिवासी एलजिबिटिक्यूआईए+को हक ।

**असल अभ्यासको आधारमा नेपालको संविधानमा गर्नुपर्ने सुधारः**

**राजनीतिक अधिकार**

आदिवासीलाई निम्न राजनीतिक अधिकार हुने छ :

- युएनड्रिपको धारा ३ अनुसारको आदिवासीहरूलाई आत्म-निर्णयको अधिकार हुने छ । यो अधिकारलाई प्रयोग गरी आफ्नो राजनैतिक हैसियत निर्धारण गर्न स्वतन्त्र छन् र आफ्नो आर्थिक, सामाजिक र सांस्कृतिक विकासलाई हासिल गर्न स्वतन्त्र छन् ।
- युएनड्रिपको धारा ५ अनुसारको आदिवासी जनजातिसँग आफ्नो पृथक् राजनीतिक, कानूनी, आर्थिक, सामाजिक तथा सांस्कृतिक व्यवस्थालाई कायम राख्न, सबल बनाउने र राज्यको राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक क्रियाकलापमा पूर्ण रूपमा सहभागी हुने अधिकार पनि छ ।
- आदिवासीहरूलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभावित पार्ने कानूनी वा प्रशासनिक उपायहरूबारे योजना बनाउँदा, कार्यान्वयन गर्नुपूर्व र कार्यान्वयन गर्दा सरकार र व्यवसायी लगायत बाह्य पक्षले सम्बन्धित आदिवासीको स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी प्राप्त गर्नुपर्नेछ । यसको लागि सम्बन्धित आदिवासीले एफपिक प्रोटोकल बनाएअनुसार हुने छ ।
- आफ्नो आदिवासी राष्ट्रको पहिचान खुल्ने गरी उनीहरूकै आफ्नै मापदण्ड र प्रक्रियाअनुसार प्रतिनिधिको प्रत्यक्ष निर्वाचन, पद र मनोनयन हुने ।

**भूमि, भू-सिमाना तथा प्राकृतिक स्रोतमा सामूहिक स्वामित्व तथा नियन्त्रणको अधिकार**

आदिवासीलाई भूमि, भू-सिमाना तथा प्राकृतिक स्रोतमा सामूहिक स्वामित्व तथा नियन्त्रणको अधिकार हुने छः

- विगतमा विभन्न कालखण्डमा पद्धतिगत रूपमा राज्यले खोसेको

आदिवासीको भूमि, भू-सिमाना तथा प्राकृतिक स्रोतमा सामूहिक स्वामित्व तथा नियन्त्रणको अधिकारका सम्बन्धमा विगतमा राज्यले गल्ती गरेकोमा राज्यले यसै धारा मार्फत औपचारिक रूपमा माफी माग्दै खोसिएको अधिकार सम्बन्धित आदिवासीलाई फिर्ता गर्दछ । राज्यको नियन्त्रणमा रहेको भूमि, भू-सिमाना तथा प्राकृतिक स्रोत सबै सम्बन्धित आदिवासीलाई सामूहिक स्वामित्व तथा नियन्त्रणको अधिकार हुने गरी फिर्ता गर्दछ, तर व्यक्तिगत हक भोगमा भएको विद्यमान कानूनले हदबन्दी तोकेको हदको जग्गाको स्वामित्व व्यक्तिगत भए व्यक्तिगत भोग चलन गर्न दिइने छ, तर यदि उक्त जग्गा बेचबिखन गर्न परेको खण्डमा किन्न चाहने सम्बन्धित आदिवासीलाई पहिलो प्राथमिकता दिइने छ । आदिवासीको व्यक्तिगत जग्गा आदिवासीलाई मात्र बेचबिखन गर्न सक्ने छ ।

- आदिवासीको साँध, सिमाना सम्बन्धित आदिवासीले खुलाउनु पर्नेछ । यदि छिमेकी आदिवासीसँग विवाद भएमा आपसी संवाद गरेर निर्क्योल गर्नुपर्नेछ । विवादको अवधिभर जुन आदिवासीले उपभोग गरी ल्याएको हो, उसैले उपभोग गर्न पाउने छ ।
- आदिवासीको ऐतिहासिक थातथलोमा भएको भूमि, भूभाग तथा स्रोतमा सम्बन्धित आदिवासीको सामूहिक स्वामित्व तथा नियन्त्रणको अधिकार छ ।
- आदिवासीलाई परम्परादेखि नै आफ्नो स्वामित्वमा राखेका वा अन्य किसिमबाट कब्जा गरी प्रयोग गर्दै आएको भूमि, क्षेत्र, पानी, चरन तथा अन्य संशाधनसँगको पृथक् आध्यात्मिक सम्बन्धलाई कायम राख्ने तथा सुदृढ पार्ने तथा यस सम्बन्धमा भावी पुस्ताप्रतिको आफ्नो उत्तरदायित्व वहन गर्ने अधिकार छ ।
- आदिवासीलाई परम्परादेखि नै स्वामित्व हासिल गर्दै आएका, कब्जा गरिएका वा अन्य किसिमबाट प्रयोग गर्दै आएका वा हासिल गरिएका भूमि, भू-सिमाना र स्रोतमाथिको अधिकार छ ।
- आदिवासीलाई परम्परागत स्वामित्व वा अन्य परम्परागत कब्जा वा प्रयोगका कारण आफूसँग रहेका तथा उनीहरूले अन्य किसिमबाट

हासिल गरेका भूमि, भू–सिमाना तथा स्रोतमाथि स्वामित्व जमाउने, तिनीहरूको प्रयोग गर्ने, विकास गर्ने तथा नियन्त्रण गर्ने अधिकार छ ।

- राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, सिकार आरक्ष, संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र, सामुदायिक वन, सडक बिस्तार, राजमार्ग, जलविद्युत परियोजना, हाइ भोल्टेज विद्युत ट्रान्स्मिसन लाइन, सिंचाइ परियोजना, सिमेन्ट फ्याक्ट्री, राष्ट्रिय गौरवको आयोजना, सैनिक क्याम्प आदि र विकासको नाममा खोखिएको आदिवासीको भूमि, भू–सिमाना र सम्बन्धित आदिवासीलाई फिर्ता गरिने छ । फिर्ता गर्ने नसकिने अवस्थामा क्षतिपूर्ति दिइने छ ।
- सरकारले आदिवासीको भूमि, भू–सिमाना तथा स्रोतहरूलाई कानूनी मान्यता तथा संरक्षण दिनेछ । यसो गर्दा आदिवासीहरूको प्रथा, परम्परा तथा भूमि स्वामित्व प्रणालीलाई ध्यानमा राखिनेछ ।
- आदिवासीलाई खाद्य सुरक्षासहितको खाद्य सम्प्रभुताको अधिकार छ ।
- आदिवासीलाई कर लगाउने अधिकार छ ।
- आदिवासी ज्ञान, जडीबुटी, मूर्त र अमूर्त सांस्कृतिक सम्पदा, आदिवासी खाद्यवस्तु र खाना, परिधान, गहना, गीत, नाच, नाम आदिमा सामूहिक पेटेन्ट राइटको अधिकार छ ।
- आदिवासीको ज्ञान, सीप, प्रविधि, मिथक, कथा, गीत सङ्गीत, नाच, भेषभूषा, खाना, पेयपदार्थ, जाँड, रक्सी मूर्त तथा अमूर्त सम्पदामा सामूहिक पेटेन्ट राइट हुने छ । यो राज्य, बजार वा व्यवसाय र अन्यले प्रयोग, उपयोग गर्दा शुल्क तिर्नुपर्ने छ ।
- आदिवासीको भूभाग, भू–सिमाना तथा स्रोतमा युएनड्रिप बमोजिम स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी प्राप्त नगरी राज्य, सरकार, निजी व्यवसाय वा अन्य कुनै पनि बाह्य पक्षले कुनै पनि कानूनी, प्रशासनिक, विकास निर्माण लगायतका कार्यहरू गर्ने छैन ।

**आर्थिक अधिकार**

- आदिवासीको प्रथा, परम्पराअनुसारको आर्थिक क्रियाकलाप, खाद्य सुरक्षा लगायतको खाद्य सम्प्रभुता, प्रथाजनित जिविकोपार्जनमा अधिकार हुने छ ।
- आदिवासीको ज्ञान, प्रविधि, सीप, कला, बोटबिरूवा, अन्नपात, बिउबिजन, खाना, नाचगान, चाडपर्व, आस्थाका स्थलहरू, स्थान नाम लगायतमा सम्बन्धित आदिवासीको पेटेन्ट राइट रहनेछ ।

**सामाजिक अधिकार**

- आदिवासीलाई प्रथाजनित स्वशासित संस्थाहरूको अधिकार छ ।
- आदिवासीलाई समुदायको स्वास्थ्यको लागि वातावरणलाई स्वस्थ र सन्तुलित राख्न वातावरणको संरक्षणको लागि प्रथाजनित कानून तथा अभ्यासको माध्यम वातावरणको अधिकार प्रयोग गर्ने अधिकार छ ।
- कानून बनाएर आदिवासीको परम्परागत औषधोपचार विधिमा अधिकार छ । यसलाई प्रभावकारी, व्यवस्थित र व्यापकता दिनको लागि अध्ययन, अनुसन्धान तथा उपचार सेवाको टिचिङ हस्पिटल र रिसर्च सेन्टरको लागि राज्यले यथासक्दो सहयोग गर्ने छ ।
- प्रत्येक आदिवासी बालबालिकाले मातृभाषामा शिक्षा पाउने नैसर्गिक हक हुने छ । नेपालभित्र प्रचलित अर्को एउटा भाषा र अन्तर्राष्ट्रिय भाषामध्ये कुनै एक भाषामा दक्ष हुन छनोट गर्ने अधिकार छ । शिक्षा आदिवासीको कथ्य परम्परा, संस्कृति ज्ञान र जीवन पद्धतिमा आधारित हुने छ ।

**सांस्कृतिक अधिकार**

- आदिवासीको पवित्र आध्यात्मिक स्थलहरूमा आदिवासीको अधिकार हुने छ ।
- आदिवासीको मूर्त र अमूर्त सांस्कृतिक सम्पदामा अधिकार हुने छ ।

- आदिवासीलाई सांस्कृतिक स्वायत्तताको अधिकार छ ।
- अन्यको संस्कृतिबाट पर्ने नकारात्मक असरलाई आदिवासीले नै अन्त्य गर्ने कार्यलाई राज्यले सहयोग गर्ने छ ।
- आदिवासीहरूका सबै चाडपर्व, सम्वत् सबै नेपालको राष्ट्रिय चाडपर्व र सम्वत् हुने छन् ।
- आदिवासीहरूका जाँड, रक्सीको उत्पादन तथा उपयोगको अपराधीकरणको अन्त्य गरी प्रथाजनित अधिकार संरक्षण, संवर्धन र प्रवर्धन गरिने छ ।
- आदिवासीहरूको परम्पराको रूपमा भएको आनी प्रथा, कुमारी प्रथा तथा हिमाली आदिवासीको बहुपति प्रथा, मामा चेला फुपू चेला विवाहलाई लैङ्गिक समानअधिकार तथा अन्य मानव अधिकार हनन् नहुने गरी प्रथाजनित अधिकार संरक्षण, संवर्धन र प्रवर्धन गरिने छ ।
- सांस्कृतिक आधारमा खाद्यान्न, खाने पिउने वस्तु, गीत, सङ्गीत, बाजा, नाचगान, पहिरन, बिउबिजन, बाली, वनस्पति लगायतको पेटेन्ट राइट सम्बन्धित आदिवासीलाई सामूहिक रूपमा दिइने छ ।
- सम्बन्धित आदिवासीको स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी प्राप्त नगरी आदिवासीको कुनै पनि सांस्कृतिक अधिकारमा प्रत्यक्ष वा अप्रत्यक्ष असर पार्ने काम राज्य तथा व्यापार लगायतको बाह्य पक्षले गर्न निक्षेध तथा दण्डनीय छ ।

**वातावरणीय अधिकार**

- आदिवासीलाई जल, जङ्गल, जमिन, वातावरण, आस्थाको स्थल तथा जैविक विविधताको संरक्षकत्वको अधिकार छ ।
- आदिवासीको भूमि, भूभाग तथा स्रोतमा हुने वातावरण, जलवायु सम्बन्धित कार्य, कोष लगायतको बारेमा आदिवासीको प्रथा परम्पराअनुसारको सहभागिता, सामूहिक निर्णयको अधिकार हुने छ ।
- आदिवासीको भूमि, भूभाग तथा स्रोतमा कुनै पनि जलविद्युत आयोजना, राष्ट्रिय निकुञ्ज, सिकार आरक्ष, संरक्षण क्षेत्र, मध्यवर्ती

क्षेत्र, सामुदायिक वन, स्मार्ट सिटी, विकास निर्माण कार्य तथा योसँग सम्बन्धित वातवारणीय अध्ययन, सामाजिक, आर्थिक तथा सांस्कृतिक प्रभाव अध्ययन लगायत आदिवासीबाट स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी प्राप्त नगरी गरिने छैन ।

- विगतदेखि वर्तमानसम्मका गढ मोडल (Fortres model of conservation) को संरक्षण कार्य निक्षेत्र तथा दण्डनीय छ ।

**विकासमा अधिकार**

- आदिवासीलाई आत्मनिर्णित विकासको अधिकार छ ।
- आदिवासीको भूमि, भू-सिमाना तथा स्रोतमा हस्तक्षेपकारी विकास (Interventional development) निक्षेत्र तथा दण्डनीय छ ।

**इन्टरसेक्शनालिटीको अधिकार**

- आदिवासी महिला तथा किशोरीको अधिकार
  - आदिवासी महिला तथा किशोरीलाई आदिवासी महिलाको हैसियतमा संविधानको हरेक प्रावधान युएनड्रिप तथा आइएलओ महासन्धि नं. १६९ बमोजिम हुने छ । कुनै पनि धारा उपधारासमेत यसको विरूद्ध हुने छैन ।
  - आदिवासी महिला तथा किशोरीलाई महिलाको हैसियतमा संविधानको हरेक प्रावधान सिड र आदिवासी महिला तथा किशोरीको अधिकार सम्बन्धमा सिडको आधारभूत सिफारिस नं. ३९ बमोजिम हुने छ र कुनै पनि धारा उपधारासमेत यसको विरूद्ध हुने छैन ।
  - संविधानको प्रस्तावनादेखि प्रत्येक धारा र उपधारा तथा अनुसूचीमा आदिवासी महिला तथा किशोरीलाई आदिवासी पुरूषसरह समान तथा आदिवासी महिला भएको आधारमा विशेष अधिकार समेत हुने छ ।
  - सार्वजनिक पदहरूको नेतृत्वमा आदिवासी महिलालाई पहिलो प्राथमिकता हुने छ र आदिवासी महिलाले उक्त पदीय दायित्व

नलिएको अवस्थामा आदिवासी एलजिनिटआक्यूआईप्लस वा पुरूषले लिन सक्ने छ ।

- महिला विरूद्ध हुने घरेलु तथा अन्य सबै किसिमका हिंसाहरु दण्डनीय हुने छन् ।
- अपाङ्गता भएका आदिवासीको सिआरपिडीअनुसारको अधिकार छ ।
- अपाङ्गता भएका आदिवासी तथा अपाङ्गता भएका आदिवासी महिला तथा किशोरीको आत्मनिर्णय, स्वायत्तता, प्रथाजनित स्वशासन पद्धति, भूमि, भूभाग तथा स्रोतमा संरक्षकत्व, स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी लगायतको सामूहिक अधिकार हुने छ ।
- सबै तहको निर्णय प्रक्रियामा अपाङ्गता भएका आदिवासी तथा अपाङ्गता भएका आदिवासी महिला तथा किशोरीको प्रतिनिधिमूलक संस्थाबाट प्रत्यक्ष सहभागिता प्रत्याभूत छ ।
- प्रतिनिधित्व, सहभागिता, राजनीतिक, कुटनीतिक नियुक्ति, रोजगारी, शिक्षा, स्वास्थ्य आदि सबै अपाङ्गताको लागि भएको व्यवस्थामा अपाङ्गता भएको आदिवासी तथा अपाङ्गता भएको महिलाको लागि भएको व्यवस्थामा अपाङ्गता भएका आदिवासी महिलाको लागि समानुपातिक व्यवस्था प्रत्याभूत छ ।

• अपाङ्गता भएका आदिवासी तथा अपाङ्गता भएका आदिवासी महिला तथा किशोरीलाई सपाङ्गसरह समान मान्यता र अधिकार हुने छ । अपाङ्गताको आधारमा विशेष व्यवस्थाहरु प्रत्याभूत छ ।

- अपाङ्गता भएका आदिवासी तथा अपाङ्गता भएका आदिवासी महिला तथा किशोरीलाई सांस्कृतिक तथा भाषिक संवेदनशीलतासहितको समावेशी पहुँच, नियन्त्रण तथा लाभको सुनिश्चितता छ ।
- अपाङ्गता भएका आदिवासी तथा अपाङ्गता भएका आदिवासी महिला तथा किशोरी विरूद्ध हुने सबै किसिमको हिंसा अन्त्य प्रत्याभूत छ ।

- अपाङ्गता भएका आदिवासी तथा अपाङ्गता भएका आदिवासी महिला तथा किशोरी विरूद्ध हुने प्रक्रियागत विभेद र संरचनागत बहिष्करणको अन्त्य गरी समावेशीकरण प्रत्याभूत छ ।
- अपाङ्गता भएका आदिवासी तथा अपाङ्गता भएका आदिवासी महिला तथा किशोरीको खण्डीकृत तथ्याङ्क सङ्कलन तथा सार्वजनिक गर्ने सुनिश्चित छ ।

• एलजिविटिक्युआइ+ आदिवासीलाई योज्ञकार्ता सिद्धान्त+१० को अनुसारको अधिकार छ ।

- एलजिविटिक्युआई+ आदिवासीलाई पहिचानमा गौरव गर्ने अधिकार हुने छ । यस्तो पहिचान अस्वीकार गर्ने कार्य दण्डनीय छ ।
- एलजिविटिक्युआई+ आदिवासीलाई विवाहको समान अधिकार हुने छ । यस्तो विवाह अस्वीकार गर्ने कार्य दण्डनीय छ ।
- एलजिविटिक्युआई+ आदिवासीलाई परिवारको समान अधिकार हुने छ । यस्तो परिवार विरूद्ध गरिने कार्य दण्डनीय छ ।
- एलजिविटिक्युआई+ आदिवासी महिला तथा किशोरीको आत्मनिर्णय, स्वायत्तता, प्रथाजनित स्वशासन पद्धति, भूमि, भूभाग तथा स्रोतमा संरक्षकत्व, स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी लगायतको सामूहिक अधिकार हुने छ ।
- प्रतिनिधित्व, सहभागिता, राजनीतिक, कुटनीतिक नियुक्ति, रोजगारी, शिक्षा, स्वास्थ्य, आदि सबै अपाङ्गताको लागि भएको व्यवस्थामा एलजिविटिक्युआई प्लसको लागि भएको व्यवस्थामा अपाङ्गता भएका आदिवासी महिलाको लागि समानुपातिक व्यवस्था प्रत्याभूत हुने छ ।
- एलजिविटिक्युआई+ आदिवासी विरूद्ध हुने प्रक्रियागत विभेद र संरचनागत बहिष्करणको अन्त्य गरी समावेशीकरण प्रत्याभूत छ ।
- एलजिविटिक्युआई+ आदिवासीलाई आदिवासी महिला र पुरूषसरह समान मान्यता र अधिकार हुने छ र अपाङ्गताको आधारमा विशेष व्यवस्थाहरु प्रत्याभूत हुने छ ।

- एलजिविटिक्युआई+ आदिवासीलाई सांस्कृतिक तथा भाषिक संवेनशीलतासहितको समावेशी पहुँच, नियन्त्रण तथा लाभको सुनिश्चितता हुने छ ।
- एलजिविटिक्युआई+ आदिवासी विरूद्ध हुने सबै किसिमको हिंसा अन्त्य प्रत्याभूत छ ।
- एलजिविटिक्युआई+ आदिवासीलाई खण्डीकृत तथ्याङ्क सङ्कलन तथा सार्वजनिक गर्ने सुनिश्चित छ ।
- सबै तहको निर्णय प्रक्रियामा एलजिविटिक्युआई+ आदिवासीको प्रतिनिधिमूलक संस्थाबाट प्रत्यक्ष सहभागिता प्रत्याभूत छ ।

- इन्टरसेक्शनालिटीको अर्धन्यायिक अधिकारसहितको छुट्टै संवैधानिक आयोग स्थापना गरिने छ र यो आयोगलाई इन्टरसेक्शनालिटीको अधिकार हनन् तथा इन्टरसेक्शनालिटी विरूद्ध हुने हिंसा, भेदभाव, ज्यादती तथा संवैधनिक, कानूनी तथा अन्तर्राष्ट्रिय कानून बमोजिमका अधिकारहरू कार्यान्वयन भए-नभएको बारेमा अध्ययन, अनुसन्धान, स्थलगत अध्ययन अनुसन्धान गरी राज्यका विभिन्न निकायहरूलाई बाध्यात्मक सिफारिस तथा अर्धन्यायिक कार्य सम्पादन गर्ने अधिकार हुने छ ।

**राज्यको संरचना**

- प्रत्येक आदिवासी राष्ट्रको आफ्नो संविधान हुने छ । आफ्नै समुदायको मञ्जुरीमा समुदायले नै निर्माण, पारित तथा घोषणा गरी समुदायले नै कार्यान्वयन, आवश्यक परिवर्तन तथा अनुगमन गर्ने, गराउने छ ।

**व्यवस्थापिका, कार्यपालिका तथा न्यायपालिका**

- प्रत्येक आदिवासी राष्ट्रको आफ्नो प्रथाजनित शासन पद्धतिलाई व्यवस्थापिका, कार्यपालिका तथा न्यायपालिकाको हैसियतमा मान्यता दिइने छ ।
- प्रथाजनित कानूनको आधारमा प्रथाजनित स्वःशासन लागू हुने छ । कुनै आदिवासीको प्रथाजनित स्वःशासन पद्धति, संस्था र कानूनहरू

हराइसकेको वा हराउन थालेको भए सो पुनस्थापित गर्नको लागि राज्यले अधिकतम आर्थिक तथा आवश्यक सहयोग गर्नेछ ।

**स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी**

- राज्य, निजी व्यवसाय वा अन्य कुनै पनि बाह्य पक्षले आदिवासीको ऐतिहासिक थातथलोको भूमि, भू-सिमाना तथा स्रोतमा आदिवासीलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभाव पार्ने कुनै पनि संवैधानिक, कानूनी, प्रशासनिक, सैन्य, नीतिगत, आवधिक योजना, परियोजना विकास निर्माण लगायतका कार्य गर्दा सम्बन्धित आदिवासीहरूसँग अनिवार्य रूपमा स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी (एफपिक) प्राप्त गरेर मात्र गरिने छ ।
- आदिवासीबाट एफपिक प्राप्त नगरी कार्यान्वयन भए, गरेको परियोजनाहरु तत्काल स्थगित गरिने छन् ।
- आदिवासीबाट मञ्जुरी प्राप्त भएर कार्यान्वयन भएका कार्यहरूमा मानव अधिकारको उल्लङ्घन भए नभएको अनुगमन गरी भएको अवस्थामा उल्लङ्घनकर्तालाई कानूनी कारवाही गरिने छ र पीडित आदिवासीलाई क्षतिपूर्ति गरिने छ ।

**आदिवासी अधिकार आयोग**

- आदिवासी अधिकार आयोग आदिवासीहरु आफैले स्वतन्त्र आदिवासी विज्ञहरूको छनोट गरी स्थापना गर्ने छ र यसलाई अर्धन्यायिक अधिकार हुने छ ।

**राष्ट्रिय मानव अधिकार आयोग**

- राष्ट्रिय मानव अधिकार आयोगको आयुक्तहरूमा तराई, पहाड र हिमालका आदिवासीहरूको प्रतिनिधित्व हुने छ ।
- राष्ट्रिय मानव अधिकार आयोगमा आदिवासीको अधिकार सम्बन्धमा आदिवासी विशेष समाधिक्षक हुने छ ।

## सन्दर्भ सामग्रीहरू

### नेपाली सन्दर्भ सामग्री


आइएलओ १९८९ *अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि सङ्ख्या १६९ आदिवासीसम्बन्धी महासन्धि, १९८९*
https://www.lahurnip.org/uploads/resource/file/ilo-convention-169-nep.pdf

ओएचसिएचआर (बेमिती) *आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय घोषणापत्र* । मानव अधिकार उच्च आयुक्तको कार्यालय, नेपाल, काठमाडौं ।
https://www.lahurnip.org/uploads/resource/file/undrip-compressed.pdf

निफ, निफ, निडवान र इन्वोल्याग २०८० (वि.सं.) *आदिवासी महिला र किशोरीहरूको अधिकारका लागि आधारभूत सिफारिस नं. ३९ (२०२२) ।* राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ, राष्ट्रिय आदिवासी जनजाति महिला मञ्च, राष्ट्रिय आदिवासी अपाङ्ग महिला संघ र आदिवासी महिला कानूनी सचेतना समूह, नेपाल ।

निफ, निफ, निडवान र इन्वोल्याग २०७५ (वि.सं.) *छायाँ प्रतिवेदन र महिला बिरूद्ध हुने भेद्भाव यन्मूलन गर्ने सम्बन्धी समितिले नेपलको छैठौं आवधिक प्रतिवेदनमाथि दिएको निष्कर्ष सुझाव-२०७५ ।* राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ (निफ), राष्ट्रिय आदिवासी जनजाति महिला मञ्च (निफ), राष्ट्रिय आदिवासी अपाङ्ग महिला संघ (निडवान) र आदिवासी महिला कानूनी सचेतना समूह (इन्वोल्याग), नेपाल ।

नेपाल सरकार २०७८ (वि.सं.) । *नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषद् को कार्यालय २०७९. मानव अधिकारसम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना (आ.व. २०७७।७८-२०८१।८२) तथा तथा विश्वव्यापी आवधिक पुनरावलोकन (तेस्रो चक्र) बाट प्राप्त सिफारिस कार्यान्वयन कार्ययोजना (२०७८-२०८२) ।* नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय (मानव अधिकार तथा अन्तरराष्ट्रिय सन्धि सम्झौता महाशाखा) सिंहदरबार, काठमाडौं ।

https://www.opmcm.gov.np/wp-content/uploads/2023/02/Action-Plan-Final-Book-2079-1.pdf

नेपाल सरकार २०७२ (वि.सं) *नेपालको संविधान* । नेपाल सरकार, कानून, न्याय, संविधान सभा तथा संसदीय मामिला मन्त्रालय, कानून किताब ब्यवस्था समिति, काठमाडौं ।

नेपाल सरकार । *नेपाल सन्धि ऐन, २०४७* । (सम्वत् २०८१ साल माघ मसान्तसम्म भएका संशोधन मिलाइएको) https://www.moljpa.gov.np/public/uploads/4ed6102f-c9e8-4d0a-8c83-1d6771eead1e.pdf

लाहुर्निप २०१६. **आदिवासी जनजातिको अधिकारको सन्दर्भमा 'नेपालको संविधान'को अध्ययन तथा विश्लेषण ।** नेपालका आदिवासीहरूको मानव अधिकारसम्बन्धी वकिल समूह (लाहुर्निप), अनामनगर, काठमाडौं । https://www.lahurnip.org/uploads/publication/file/nepalko-samvidhan-final.pdf

सर्वोच्च अदालत । सर्वोच्च अदालत, संयुक्त इजलास सम्माननीय का.मु. प्रधानन्यायाधीश श्री दामोदरप्रसाद शर्मा, माननीय न्यायाधीश श्री सुशीला कार्की उत्प्रेषणयुक्त परमादेश समेत (०६५–WO–०४७६) निर्णय नं. ८९९० । आदेश मितिः २०७०।१।८।१ । न.का.प. २०७० । अङ्क ४ ।
https://www.lahurnip.org/uploads/project/file/dn-8990-decision-making-process.pdf

सर्वोच्च अदालत । वादी भुवन बरामु समेत प्रतिवादी प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालय समेत, भीमसेन गाउँपालिकाको कार्यालय गोरखा, सुलिकोट गाउँपालिकाको कार्यालय गोरखा र आरूघाट गाउँपालिकाको कार्यालय गोरखा (०७४–WO–०२३९) सर्वोच्च अदालत, संयुक्त इजलास माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे र माननीय न्यायाधीश पुरूषोत्तम भण्डारी आदेश (०७४–WO–०२३९) उत्प्रेषणयुक्त परमादेश । (गोरखा जिल्लाको मसेल गाउँ विकास समिति वडा नं. ३ को भुवन बरामु र पाँचखुवा देउराली गाउँ विकास समितिको टेकबहादुर बरामुले प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, संघीय मामला तथा स्थानीय

विकास मन्त्रालय, व्यवस्थापिका संसद्, कानून तथा न्याय मन्त्रालय भीमसेन, सुलिकोट तथा आरूघाट गाउँपालिकाको कार्यालयहरु विरूद्ध उत्प्रेषणयुक्त परामादेशसम्बन्धी रिटमा सर्वोच्च अदालतको माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे र माननीय न्यायाधीश पुरूषोत्तम भण्डारीको संयुक्त इजलासले १६ पुस २०७५ को फैसला ।) https://supremecourt.gov.np/cp/assets/uploads/supreme_175609.doc

सर्वोच्च अदालत । वादी नेपालको आदिवासीहरूको मानव अधिकारसम्बन्धी वकिल समूह (लाहुर्निप) काठमाडौंका तर्फबाट अधिवक्ता शंकर लिम्बू समेत पाँच प्रतिवादी प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय समेत ५ (०७४-WO-००५३) परमादेश फैसला मिति २०८०।१०।२५ ।
https://supremecourt.gov.np/cp/assets/uploads/supreme_173725.doc

संयुक्त संयुक्त राष्ट्र सङ्घ । नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तरराष्ट्रिय प्रतिज्ञापत्र, १९६६
https://www.lahurnip.org/uploads/resource/file/

संयुक्त संयुक्त राष्ट्र सङ्घ । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तरराष्ट्रिय प्रतिज्ञापत्र, १९६६
https://www.lahurnip.org/uploads/resource/file/

संयुक्त संयुक्त राष्ट्र सङ्घ । आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र ।

## अङ्ग्रेजी सन्दर्भ सामग्री

Ackrén, Maria. 2022. “Development of Autonomy in Greenland – From Home Rule to Self-Government". In Autonomy Arrangements in the World, 2nd edition. DOI: https://doi.org/10.57749/T2FH-FY42.

Cats-Baril, Amanda 2020. Indigenous Peoples' Rights in Constitutions Assessment Tool International IDEA https://www.idea.int/sites/default/files/publications/indigenous-peoples-rights-in-constitutions-assessment-tool.pdf

International IDEA Workbook for the Indigenous Peoples' Rights in Constitutions Assessment Tool https://www.idea.int/sites/default/files/2025-06/Workbook_IPCAT_fillable.pdf

Ernie, Christ 2022. Realizing Indigenous Peoples' Autonomy and Self-government Course Resources for Participants Asia Indigenous Peoples Pact (AIPP). Indigenous Peoples' Self-government and Democracy Project. Chiang Mai: Asia Indigenous Peoples Pact (AIPP)

HRC 2025. *Recognition of Indigenous Peoples.* Report of the Special Rapporteur on the rights of Indigenous Peoples, Albert K. Barume*. Human Rights Council, Sixtieth session 8 September–3 October 2025, Agenda item 3 Promotion and protection of all human rights, civil, political, economic, social and cultural rights, including the right to development. A/HRC/60/29. United Nations General Assembly. 7 August 2025.

NEFIN 2013. Securing Indigenous Peoples' Rights in the Constitution: *Lessons from the Global Experience.* Presented in a political conference of Indigenous Peoples held in Kathmandu on October 26, 2013.

OHCHR 1997. General Recommendation No. 23: Indigenous Peoples : . 08/18/1997. Gen. Rec. No. 23. (General Comments)

Convention Abbreviation: CERD General Recommendation XXIII Indigenous Peoples (Fifty-first session, 1997)
https://www.eods.eu/library/UN_International%20Convention%20on%20the%20Elimination%20of%20Racial%20Discrimination_General%20recommendation%2023_1997_EN.pdf

US Senate H. Con, Res. 331.
https://www.senate.gov/reference/resources/pdf/hconres331.pdf

**संविधानहरू**

China (People's Republic of)'s Constitution of 1982 with Amendments through 2018

https://www.constituteproject.org/constitution/China_2018.pdf

Denmark's Constitution of 1953.

https://www.constituteproject.org/constitution/Denmark_1953.pdf

Ecuador's Constitution of 2008 with Amendments through 2021. https://www.constituteproject.org/constitution/Ecuador_2021.pdf

India's Constitution of 1949 with Amendments through 2016

https://www.constituteproject.org/constitution/India_2016.pdf

Philippines's Constitution of 1987

https://www.constituteproject.org/constitution/Philippines_1987.pdf

Navajo Nation Constitutional Attempt 2013

https://ongd.navajo-nsn.gov/LinkClick.aspx¿fileticket=5qbZjisLdAI%3D&tabid=63&portalid=0

July 15, 2025 Draft Working Document DIYIN NOHOOKÁÁ DINÉ'É BI BEEHAZ´ÁANII BITSÍ SILÉÍ SA'AH NAGHÁÍ BIK'EH HÓZHÓÓN - COLLECTIVE WILL

https://ongd.navajo-nsn.gov/Portals/0/Homepage%20Webpage/071525-Final%20Working%20Draft%20Constitution%20(005)50.pdf

### कानूनहरू

Act no. 473 of 12 June 2009 Act on Greenland Self-Government. Translation.
https://natlex.ilo.org/dyn/natlex2/natlex2/files/download/110442/DNK110442%20Eng.pdf

https://english.stm.dk/media/4vgewyoh/gl-selvstyrelov-uk.pdf

Statute of the Autonomous Territorial Government of the Wampis Nation In Memory of Our Ancestors and for Our Right to Self-determination as a People and Nation Debated and Approved in the First Meeting of the Wampis Nation Held in Irutkamu Soledad, November 29, 2015

https://www.un.org/development/desa/indigenouspeoples/wp-content/uploads/sites/19/2018/01/STATUTE-OF-THE-AUTONOMOUS-TERRITORIAL-GOVERNMENT-OF-THE-WAMPIS-NATION-ENGLISH-ABRIDGED-1.pdf

Nunavut Act S.C. 1993, c. 28. Last amended on July 15, 2019. Current to March 22, 2022

https://laws-lois.justice.gc.ca/PDF/N-28.6.pdf

Republic Act 8371 the Indigenous Peoples Rights Act of 1997. An act to recognize, protect and promote the rights of Indigenous cultural communities/Indigenous peoples, creating a national commission on Indigenous Peoples, establishing implementing mechanisms, appropriating funds therefor, and for other purposes. Republic of the Philippines. Congress of the Philippines. Metro Manila.

https://www.officialgazette.gov.ph/1997/10/29/republic-act-no-8371/

The Greenland Home Rule Act. Act No. 577 of 29 November 1978 THE GREENLAND HOME RULE ACT (Translation)

https://www.cvce.eu/en/obj/home_rule_act_of_29_november_1978_entered_into_force_on_1_may_1979-en-541d1d6c-e3e9-4b81-b844-d95679e2e304.html

United Nations Declaration on the Rights of Indigenous Peoples Act, SC 2021, c 14. https://www.canlii.org/t/b9q3

### भिडियो

GTANW, IWGIA, Ore-media and Canejo Productions 25 Apr 2018 Peru: Time is Water - Wampis Autonomous Government. IWGIAtube. समय पानी हो (Time is Water in Nepalese)https://m.youtube.com/watch?v=8NuFmpF1RJg

## परिशिष्ट

### परिशिष्ट १.

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री सुष्मालता माथेमा
माननीय न्यायाधीश डा. श्री कुमार चुडाल

आदेश
०७४-WO-००५३

**विषयः परमादेश, प्रतिक्षेत्रसमेत ।**

नेपालका आदिवासीहरूको मानव अधिकारसम्बन्धी वकिल समूह (लाहुर्निप) अनामनगर, काठमाडौंको तर्फबाट अधिवक्ता शंकर लिम्बू --------------१

नेपालका आदिवासीहरूको मानव अधिकारसम्बन्धी वकिल समूह (लाहुर्निप) अनामनगर, काठमाडौंको तर्फबाट अधिवक्ता भीम राई ------------------१

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३२ अनामनगर बस्ने अधिवक्ता दिनेशकुमार घले ------------------------------------------१

काठमाडौं जिल्ला टोखा नगरपालिका वडा नं. ८ बस्ने अधिवक्ता जितेन्द्र बज्राचार्य ------------------------------------------------------------१

काठमाडौं जिल्ला चन्द्रागिरि नगरपालिका वडा नं. ५ बस्ने अधिवक्ता विमल श्रेष्ठ ------------------------------------------------------------१

**विरुद्ध**

प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, काठमाडौं ------------------१

सभामुख व्यवस्थापिका संसद् सचिवालयको कार्यालय, काठमाडौं ---------१

नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, काठमाडौं -------१ विपक्षी

नेपाल सरकार कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, काठमाडौं ---------१ प्रत्यर्थी

नेपाल कानून आयोग, काठमाडौं -----------------------------------१

नेपालको संविधानको धारा ४७ र १३३ (२)(३) बमोजिम यस अदालतको क्षेत्राधिकार अन्तर्गत पर्ने भई परेको रिट निवेदन समेतका सम्पूर्ण तथ्य कागजातको सम्पूर्ण बेहोरा निम्न रहेको छ :

**तथ्य खण्ड**

१. सर्वोच्च विधायिका व्यवस्थापिका संसद्ले मिति २०६३ भाद्र ५ गते संकल्प प्रस्ताव सर्वसम्मतले पारित गरी नेपाल सरकारलाई अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ (Indigenous and Tribal Peoples Convention, १९८९ No. १६९) अनुमोदन गर्न सरकारलाई निर्देशन दिए अनुरूप नेपाल सरकारले २०६४ भाद्र ५ मा व्यवस्थापिका संसद् मार्फत सर्वसम्मतले पारित गराई अनुमोदन गरेको छ । यस महासन्धिको अनुमोदनसँगै आदिवासीहरूको अधिकारसम्बन्धी संयुक्त संयुक्त राष्ट्र सङ्घीय घोषणापत्र (The United Nations Declaration on the Rights of Indigenous Peoples/UNDRIP) पनि संयुक्त संयुक्त राष्ट्र सङ्घको ६१औं महासभा १३ सेप्टेम्बर २००७ मा नेपालले पक्षमा मतदान गरी सहमति जनाई पक्ष राष्ट्र बनेको छ ।

यी अन्तर्राष्ट्रिय कानूनहरूको पक्ष बनेपश्चात् कार्यान्वयनको लागि कानूनी वा नीतिगत व्यवस्था गर्ने तथा स्वतः कार्यान्वयन गर्न सकिने प्रावधानहरू बिना अड्चन कार्यान्वयन गर्ने राज्यको संवैधानिक र कानूनी दायित्व हो । हालसम्म प्रचारात्मक छिटपुट कार्यक्रम र केही नीतिहरूमा उल्लेख गर्ने बाहेक कार्यान्वयनको कुनै काम कारबाही गरिएको छैन । व्यवस्थापिका संसद्ले प्रत्येक अधिवेशनमा थुप्रै नयाँ कानूनहरू तर्जुमा तथा प्रचलित कानूनमा संशोधन गरी आए तापनि महासन्धि तथा घोषणापत्रका प्रावधान अनुरूप कानून निर्माण, संशोधन र परिमार्जन गर्ने दायित्वबाट प्रत्यर्थीहरू पूर्ण रूपमा पन्छिरहेका छन् । यस कारण जनउत्तरदायी कानून निर्माण र विधिको शासन, आदिवासी जनजाति र स्थानीय समुदायको विकासमा अवरोध पुगिरहेको छ ।

संविधानको धारा १७ (२) (क), १८, २७, ३०, ३१, ४२, ४३ र ५१ (ञ) ८ र नेपाल पक्ष राष्ट्र रहेका अन्तर्राष्ट्रिय कानूनका दायित्वसम्बन्धी

व्यवस्था र श्री सर्वोच्च अदालतबाट प्रतिपादित नजिर सिद्धान्त समेतको उल्लङ्घन भएकोले संविधानको धारा ४७ र १३३ (२)(३) बमोजिम न्याय पाउनका लागि उपस्थित भएका छौं ।

२. नेपालका कूल जनसङ्ख्याको करिब ३६ प्रतिशत आदिवासी जनजाति रहेका छन् । आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ ले आदिवासी जनजातिको परिभाषा गरेको छ । साथै आदिवासी समुदायसँगै बस्ने थुप्रै स्थानीय समुदायहरूको विकास तथा आधारभूत अधिकारको (Minimum Rights) प्रत्याभूत, प्रवर्धन र संरक्षण गर्ने तथा दिगो शान्ति कायम गर्न महत्व राख्ने माथि उल्लिखित महासन्धि कानूनी दायित्व रहेको अन्तर्राष्ट्रिय कानून हो । त्यस्तै घोषणापत्र अन्तर्राष्ट्रिय प्रथाजनित हैसियत (International Customary Gravity) बोक्ने कानून हो । महासन्धि अनुमोदनपश्चात् सरकारले राजपत्रमा प्रकाशित र विज्ञ कार्यदल गठन गरी सबै पक्षसँग परामर्श गरी महासन्धि कार्यान्वयन राष्ट्रिय कार्ययोजना तयार गरेको थियो । प्रत्यर्थी नं. १ बाट आजको मितिसम्म उल्लिखित कार्ययोजना पारित गरी लागू गरेको अवस्था छैन ।

नेपाल सरकार, राष्ट्रिय योजना आयोगको तीन वर्षीय अन्तरिम योजना २०६४/०६५-०६६/०६७ को राज्यको संरचना र नीतिसम्बन्धी प्रमुख कार्यक्रममा अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ सँग विरोधाभाष हुने कानूनी एवम् नीतिगत प्रावधानहरु पहिचान गरी संशोधन गर्ने, आदिवासीहरूको अधिकारसम्बन्धी संयुक्त संयुक्त राष्ट्र सङ्घीय घोषणापत्र अनुरूप नेपालका आदिवासीहरूको अधिकारको प्रत्याभूतिका लागि २०६७ सालसम्म आवश्यक व्यवस्था मिलाउने नीति रहेकोमा कार्यान्वयन गरिएन ।

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयबाट जारी चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजना (आ.व. २०७१/०७२-०७५/०७६) मा आदिवासी जनजातिहरूको अधिकारको संरक्षण गर्न अन्तर्राष्ट्रिय मानव अधिकारको सिद्धान्त र मापदण्डअनुसार कानूनहरूको प्रभावकारी कार्यान्वयन गर्ने वा नयाँ निर्माण गर्ने उद्देश्यको लागि प्रत्यर्थी नं. ३

लाई जिम्मेवार निकाय तोकी कार्यक्रमहरूमाः (क) आदिवासी जनजाति समुदायसँग सम्बन्धित मौजुदा कानूनको पुनरावलोकन गर्ने र नयाँ कानून तर्जुमा गर्ने । (ख) आदिवासी जनजातिको अधिकार संरक्षण गर्ने सम्बन्धी ILO Convention १६९ को कार्यान्वयनको लागि तयार भएको राष्ट्रिय कार्ययोजनालाई नेपाल सरकारबाट अनुमोदन गरी स्वीकृत गर्ने, कानूनको पुनरावलोकन गरी परिमार्जन गर्ने वा नयाँ कानून तर्जुमा गरी कार्यान्वयन गर्ने । (ग) संयुक्त संयुक्त राष्ट्र सङ्घको आदिवासी जनजाति अधिकारसम्बन्धी घोषणापत्रमा व्यवस्था गरिएका प्रावधानहरू बमोजिम कार्यक्रमहरू बनाई लागू गर्ने र त्यसको कार्यान्वयन सूचकमा (१) ILO Convention १६९ कार्यान्वयनको लागि राष्ट्रिय कार्ययोजना बनाई कार्यान्वयन गरेको हुने, र (२) कार्ययोजनाअनुसार मौजुदा कानूनको पुनरावलोकन तथा नयाँ कानून तर्जुमा भएको हुने भनिए पनि सो अनुरूप कुनै कार्य गरिएको छैन ।

३. पक्ष राष्ट्र बनेपछि राज्यको प्रथम दायित्व कानून बनाएर सम्बन्धित कानूनको प्रावधान लागू गर्ने भनी नेपालले हस्ताक्षर गरेका नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्ध, १९६६ धारा २ (२), सबै प्रकारको जातीय विभेद उन्मूलन गर्ने महासन्धि, १९६९ को धारा २, आर्थिक, सामाजिक, सांस्कृतिक समितिको जेनरल कमेण्ट लगायतमा राज्यलाई दायित्व दिइएको छ । त्यस्तै, नेपालको संविधानको धारा ५१ (ख) (३) मा नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको कार्यान्वयन गर्ने राज्यको राजनीतिक तथा शासन व्यवस्थासम्बन्धी नीति उल्लिखित छ ।

रिट निवेदक संस्था लाहुर्निपले वि.सं. २०७० सालसम्मको प्रचलित कानूनहरू अध्ययन गर्दा महासन्धि र घोषणापत्रका प्रावधानहरू जम्मा ५४ वटा विभिन्न विषयगत कानूनहरूमा रहेका विभिन्न दफाहरू मेल नखाने देखिन्छ । यसबाट प्रत्यर्थीहरू प्रथम दृष्टिमा (In Prima facie) नै माथि उल्लिखित आफ्नो दायित्वबाट विमुख रहेको र जिम्मेवार नभएको प्रष्ट छ । घोषणापत्रको धारा ४३ अनुसार घोषणापत्रमा लेखिएका अधिकारहरू आदिवासीहरू बाँच्नको लागि, उनीहरूको प्रतिष्ठा र विकासको लागि

न्यूनतम् मापदण्डहरु हुन् (The rights recognized herein constitute the minimum standards for the survival dignity and well-being of the indigenous... peoples) । महासन्धिका प्रावधानहरु पनि न्यूनतम् मापदण्ड नै हुन् ।

४. माथि प्रकरण नं. (१) मा उल्लिखित अध्ययन गरिएका कतिपय कानूनहरु हाल संशोधन वा त्यसको नयाँ तर्जुमा गर्न व्यवस्थापिका संसद्मा विचाराधीन छन् । प्रमाण यसैसाथ संलग्न छ । यी कानूनहरु आदिवासी जनजाति तथा नागरिकको हैसियतले प्रत्यक्ष प्रभाव पार्ने र सरोकार राख्ने विषय भएकोमा विवाद छैन । त्यसमा गरिने कुनै पनि निर्णयले उनीहरूलाई असर पार्ने भएकोले महासन्धिको धारा ६ (१) "Consult the peoples concerned through appropriate procedures and in particular through their representative institutions, whenever consideration is being given to legislative or administrative measures which may affect them directly." उपर्युक्त प्रक्रिया र विशेष उनीहरूको प्रतिनिधिमूलक संस्थामार्फत विधायिकी र प्रशासनिक उपाय अपनाउदा परामर्श गर्नुपर्छ र घोषणापत्रको धारा १९ "States shall consult and cooperate in good faith with the indigenous people concerned through their own representative institutions in order to obtain their free, prior and informed independent consent before adopting and implementing legislative or administrative measure that may affect them." अर्थात् विधायिकी वा प्रशासनिक निर्णय गर्दा राज्य विधायिका र अन्य अंग निकायहरूले इमान्दारिताका साथ आदिवासीहरूको प्रतिनिधिमूलक संस्था र उनीहरूले स्वतन्त्र रूपमा चयन गरेका प्रतिनिधि (राज्य संरचनामा रहेका बाहेकका) मार्फत परामर्श र सहकार्य गरी अग्रिम सुसूचित स्वतन्त्र मञ्जुरी लिनुपर्दछ ।

५. प्रत्यर्थीहरूले न्यूनतम मापदण्ड सुनिश्चित गराउने गरी प्रचलित कानून तथा प्रत्यर्थी २ सँग विचाराधीन ५३ वटा विधेयकहरूमध्ये सम्बन्धित २४ वटा महासन्धि र घोषणापत्र अनुरूप परिमार्जन पनि गरेका छैनन्,

नत कानून निर्माण प्रक्रियामा अर्थपूर्ण सहभागिता, परामर्श र मञ्जुरी (Meaningful participation, consultation and consent) नै गराइएको वा लिइएको अवस्था छ । यसबाट प्रत्यर्थीहरूले नेपालको संविधानको धारा १६ ले प्रत्याभूत सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १७ (२) (ख) ले प्रत्याभूत विचार अभिव्यक्तिको स्वतन्त्रता, धारा १८ को समान संरक्षणको हक तथा ऐ.को उपधारा (३) को प्रतिबन्धात्मक व्यवस्था अनुरूपको विशेष व्यवस्था, धारा ४२ ले प्रत्याभूत गरेको सामाजिक न्यायको हक हनन् गर्नुका साथै धारा ५१ (ञ) ८ मा संस्थागत यस समुदाय (आदिवासी जनजाति) सँग सरोकार राख्ने निर्णयमा सहभागी गराउनुपर्ने दायित्वको उल्लङ्घन गरेका छन् । साथै, श्री सम्मानित सर्वोच्च अदालतबाट नेपालका आदिवासीहरूको मानव अधिकारसम्बन्धी वकिल समूहको तर्फबाट अधिवक्ता शंकर लिम्बूसमेत विरूद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय नि.नं. ०६५-WO-०४७५ फैसला मिति २०७० वैशाख ८ मा गरिएको निर्देशनसमेतको उल्लङ्घन भएको छ ।

६. अर्कोतिर संविधानले वर्गीय, जातीय लगायत सबै प्रकारका भेदभावको अन्त्य गर्ने एकात्मक राज्य संरचनाले सिर्जना गरेका उत्पीडन र विभेद अन्त्य गर्ने घोषणा गरेको सन्दर्भमा आदिवासी जनजातिहरूलाई विगतमा संरचनागत विभेद, जस अन्तर्गत कतिपय प्रचलित कानूनहरूले उनीहरूका व्यक्तिगत तथा सामुदायिक अधिकारहरु हनन् गरी अन्यायमा पारिरहेको छ । प्रत्यर्थीहरूबाट यस कुरालाई नजरअन्दाज गरिएको हुनाले बिना विलम्ब बहिष्करण विभेदमा परेका आदिवासी जनजातिहरूको समस्या शान्तिपूर्ण, वैधानिक र न्यायिक रूपमा समाधान गर्न महासन्धि र घोषणापत्रअनुसार आवश्यकताअनुसार नयाँ कानूनको निर्माण लगायत अन्य कार्यपालिकीय, व्यवस्थापकीय र अन्य प्रान्त र स्थानीय निकायसमेतका संघीय राज्यका संरचनाहरूले कानून निर्माण समेत गर्नु गराउनू तथा अतः प्रत्यर्थीहरूलाई आफूले अनुमोदन गरी कार्यान्वयनको लागि नीतिगत प्रतिबद्धता गरे अनुरूप अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ (ILO Convention 169) तथा आदिवासी अधिकारसम्बन्धी संयुक्त संयुक्त राष्ट्र सङ्घीय घोषणापत्र (United Nations Declaration on the Rights of Indigenous peoples, 2007)

का कार्यान्वयनको लागि नयाँ कानून निर्माण गर्न तथा व्यवस्थापिका संसद्मा विचाराधीन विधेयकहरु र प्रचलित ऐन कानूनहरूमा महासन्धि तथा घोषणापत्रका प्रावधानहरु स्पष्ट देखिने गरी तथा मेल खाने गरी पारित, संशोधन तथा परिमार्जन गर्नका साथै आदिवासी जनजातिहरूसँग प्रत्यक्ष सरोकार राख्ने वा प्रभावित बनाउने कानून निर्माण, संशोधन तथा परिमार्जन लगायतका प्रक्रियाहरूमा अर्थपूर्ण परामर्श गरी उनीहरूका प्रतिनिधिमूलक वा उनीहरूले स्वतन्त्र रूपले चयन गरेका प्रतिनिधिहरूमार्फत अग्रिम सुसूचित मञ्जुरी नलिई कुनै पनि काम नगर्नु नगराउनू एवम् महासन्धि नं. १६९ कार्यान्वयन राष्ट्रिय कार्ययोजना आदिवासी जनजातिहरूको संघसंस्था, प्रतिनिधिहरूसँग परामर्श गरी तुरून्त पारित गर्न परमादेश लगायत उपयुक्त आज्ञा वा आदेश जारी गरी पाऊँ भन्ने समेत बेहोराको निवेदन पत्र ।

७. यसमा के, कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने कानून बमोजिमको आधार कारण भए सो समेत साथै राखी यो आदेश प्राप्त भएको मितिले बाटाका म्याद बाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पेश गर्नू भनी यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरूको नाममा सूचना म्याद जारी गरी लिखित जवाफ प्राप्त भएपछि वा अवधि नाघेपछि नियमानुसार गरी पेश गर्नु भन्ने समेत बेहोराको मिति २०७४।०४।२९ गते यस अदालतबाट भएको आदेश ।

८. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय संविधान तथा प्रचलित नेपाल कानूनको परिपालना गरी गराई कानूनी राज्यको अवधारणालाई साकार पार्ने र नागरिकका संविधान तथा कानून प्रदत्त हक, अधिकारहरूको सम्मान, संरक्षण र संवर्धन गर्दै उपभोगको सुनिश्चितता प्रदान गर्ने कुरामा कटिबद्ध रहेको छ । जहाँसम्म अन्तर ाष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ तथा आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त संयुक्त राष्ट्र सङ्घीय घोषणापत्र, २००७ ले व्यवस्था गरे अनुरूपका आदिवासी जनजातिहरूका हक अधिकारको संरक्षणका लागि नेपाल सरकारले कुनै कार्य नगरेको भन्ने रिट निवेदन

जिकिर छ । नेपाल सरकारले आदिवासी जनजातिहरूको हक तथा अधिकार सुनिश्चित गर्ने सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रतिबद्धता व्यक्त गर्नुको साथै सोही बमोजिमको कानूनी, संरचनागत तथा नीतिगत व्यवस्था गर्दै आएको छ ।

९. नेपालको संविधानको धारा १८ को प्रतिबन्धात्मक वाक्यांशमा सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति लगायतका नागरिकको संरक्षण, सशक्तीकरण वा विकासको लागि कानून बमोजिम विशेष व्यवस्था गर्न सकिने व्यवस्था रहेको छ । धारा ४२ मा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति लगायतका नागरिकलाई समानुपातिक, समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुने छ भन्ने व्यवस्था रहेको छ । त्यसैगरी धारा ५१ को राज्यका नीतिहरूको खण्ड (ञ) को बुँदा नं. (८) मा आदिवासी जनजातिको पहिचानसहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्दै यस समुदायसँग सरोकार राख्ने निर्णयहरूमा सहभागी गराउने तथा आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र संवर्धन गर्ने कुरा उल्लेख गरिएको छ । नेपालको संविधानले आदिवासी जनजातिहरूको हक अधिकार संरक्षण गर्ने एक संवैधानिक आयोगको व्यवस्था गरेको छ । धारा २६१ को उपधारा (१) मा नेपालमा एक आदिवासी जनजाति आयोगको व्यवस्था गरेको छ । त्यसैगरी धारा २५८ मा राष्ट्रिय समावेशी आयोगसम्बन्धी व्यवस्था रहेको साथै नेपालका विविध कानून, नीति तथा कार्यक्रममा आदिवासी जनजातिहरूको हक अधिकारलाई यथासम्भव समेटिएको र आगामी दिनमा समेत आदिवासी जनजातिहरूको हक अधिकार सुनिश्चित गराउने सम्बन्धमा नेपाल सरकार क्रियाशील रहेको छ ।

नेपाल सरकारले गरेको विविध नीतिगत, कानूनी तथा संरचनागत व्यवस्थालाई अनदेखा गरी दायर गरेको रिट निवेदन जिकिर खारेज भागी छ । जहाँसम्म अधिवक्ता शंकर लिम्बू समेत विरूद्ध प्रधानमन्त्री

तथा मन्त्रीपरिषद्को कार्यालय भएको मुद्दामा (०६५-WO-०४७५) मिति २०७० वैशाख ८ मा भएको फैसलाको निर्देशन विपक्षीहरूबाट उल्लङ्घन भएको भन्ने विषय छ । सो सम्बन्धमा फैसला कार्यान्वयन निर्देशनालयको च.नं. ५८६ मिति २०७४।०३।०६ को पत्रअनुसार फैसला कार्यान्वयन भई उक्त मुद्दाको लगत कट्टा समेत भइसकेको हुँदा सो सम्बन्धमा थप उल्लेख गरिरहनु परेन भन्ने समेत बेहोराको विपक्षी प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको तर्फबाट प्रस्तुत हुन आएको लिखित जवाफ ।

१०. यसमा विपक्षीको माग दाबीको सम्बन्धमा भन्नुपर्दा यस मन्त्रालयले आफ्नो दायित्व अन्तर्गत पर्ने विषयहरूमा आवश्यक काम, कारवाही गरिरहेको अवस्था छ । मन्त्रालयले क्षीइ महासन्धि १६९ को कार्यान्वयनको सम्बन्धमा आवश्यक परेका सहयोग र समन्वय गर्ने गरी सम्बन्धित विविध विषयहरू अध्ययन गर्ने र मन्त्रालयलाई जानकारी गराउने कार्य आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानलाई नै जिम्मेवारी दिएको थियो । ILO महासन्धि १६९ कार्यान्वयन सम्बन्धमा भए गरेका काम, कारवाही र प्रगति सम्बन्धमा यस मन्त्रालयले जानकारी लिने र आवश्यक प्रक्रिया अगाडि बढाउने गरेको छ । सो बमोजिमको जानकारी गराउने क्रममा मिति २०७४।०२।०७ मा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले यस मन्त्रालयलाई क्षीइ महासन्धि नं. १६९ सम्बन्धमा लेखेको पत्रबाट यस मन्त्रालयले आफ्नो जिम्मेवारी पूरा गर्ने कार्यबाट पछि नहटेको बेहोरा स्पष्ट हुन्छ ।

उक्त पत्रको प्रतिलिपि यसै लिखित जवाफसाथ संलग्न गरिएको छ । नेपालको संविधान बमोजिम आदिवासी जनजाति आयोग ऐनका साथै समावेशी आयोगको व्यवस्था गर्ने कानूनहरू छलफलको क्रममा संसद्मा रहेको अवस्था छ भने क्षीइ महासन्धि कार्यान्वयनको लागि कार्ययोजना तयार गरी स्वीकृतिको लागि मन्त्रीपरिषद् समक्ष पेश भइरहेको अवस्था छ । मूलतः नीति निर्माण तथा कानून तर्जुमा र ऐन बन्ने प्रक्रियाहरू लामो समय लिने हुन्छ । यसको लागि अध्ययन र अन्य प्रक्रियाले समय लिने हुँदा परिणाम देखिन समय लागेको हो । यसरी मन्त्रालयले आफ्नो प्रस्तुत जिम्मेवारी पूरा गरिरहेको अवस्था हुनाले अनावश्यक

दबाब सिर्जना गर्ने उद्देश्यले दर्ता गरिएको रिटको कुनै प्रयोजन छैन । तसर्थ रिट निवेदन खारेज गरी पाऊँ भन्ने समेत बेहोराको विपक्षी संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका तर्फबाट प्रस्तुत हुन आएको लिखित जवाफ ।

११. समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प नेपालको संविधानको प्रस्तावनाले गरेको छ । संविधानको धारा १८(३) को प्रतिबन्धात्मक वाक्यांशले सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका आदिवासी जनजाति नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न सकिने उल्लेख छ । संविधानको धारा ४२ ले आदिवासी जनजातिलाई समानुपातिक, समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक सुनिश्चित गरेको छ । समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै लोककल्याणकारी राज्य व्यवस्था स्थापना गर्ने विषयलाई संविधानको धारा ५० मा समेटिएको छ ।

त्यसैगरी धारा ५१ (ख) (३) मा नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको कार्यान्वयन गर्ने भन्ने व्यवस्था र सोही धाराको खण्ड (ञ) मा सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीति रहेको छ । समावेशी सिद्धान्त बमोजिम मन्त्रीपरिषद् गठन हुने व्यवस्था संविधानको धारा ७६ (९) मा रहेको तथा धारा ८४ (२) ले समानुपातिक निर्वाचन प्रणाली बमोजिम बन्द सूचीका आधारमा आदिवासी जनजातिलाई समेत प्रतिनिधित्व गराउने गरी सुनिश्चित गरेको छ । त्यसैगरी धारा ९७ ले प्रतिनिधिसभा र राष्ट्रिय सभाको संयुक्त समितिहरूको गठन समावेशीका आधारमा हुने व्यवस्था गरेको छ । प्रदेश सभाको गठन गर्दा समानुपातिक निर्वाचन प्रणाली बमोजिम बन्द सूचीका आधारमा आदिवासी जनजातिलाई समेत प्रतिनिधित्व गराउने व्यवस्था धारा १७६(६) ले गरेको छ । आदिवासी जनजातिको सामाजिक, आर्थिक तथा सांस्कृतिक विकास एवम् उत्थान साथै राष्ट्रिय विकासको मूल प्रवाहमा समान सहभागिताको लागि आदिवासी जनजाति उत्थान

राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ रहेको छ । यसरी संविधान तथा कानूनहरूमा आदिवासी जनजातिको विकास र उत्थानको व्यवस्था गरिएको, राज्यको संयन्त्रमा महत्वपूर्ण सहभागिता प्रदान गरी संलग्न गराइएको सन्दर्भमा प्रतिनिधिमूलक वा उनीहरूका स्वतन्त्र रूपले चयन गरेका प्रतिनिधित्व मार्फत अग्रिम सुसूचित मन्जुरी नलिई कुनै काम नगर्नु भनी आदेश जारी गरी पाऊँ भन्ने निवेदन जिकिर निरर्थक छ ।

१२. सार्वभौम संसद्बाट हुने कानून निर्माणको प्रक्रिया के, कसो हुनुपर्छ भन्ने विषय न्यायिक निरूपणको विषय नभई विधायिकाको एकलौटी क्षेत्राधिकारभित्रको विषय हो । यसै विषयमा सर्वोच्च अदालतबाट अधिवक्ता शंकर लिम्बू समेत विपक्षी सम्माननीय प्रधानमन्त्री, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसमेत (ने.का.प. २०७० अङ्क ४ नि.नं. ८९१०) भएको मुद्दामा 'कानून बनाउने विषय विधायिकाको एकलौटी क्षेत्राधिकार (Exclusive Jurisdiction) भित्रको विषय हो । अन्तर्राष्ट्रिय कानूनको प्रावधानलाई कार्यान्वयन गर्दा मुलुकको संवैधानिक व्यवस्था, सम्बन्धित कानूनका व्यवस्थाहरु तथा अन्य अन्तर्राष्ट्रिय कानूनका व्यवस्थाहरु र त्यसबाट पर्ने असरहरूलाई अध्ययन नगरी एकाङ्गी रूपमा कार्यान्वयन हुन गएमा त्यस्तो कार्यान्वयन पूर्ण नहुने सम्भावना समेत रहन सक्ने' भन्ने व्याख्या भएको छ ।

साथै उक्त मुद्दामा अन्तर्राष्ट्रिय कानूनको प्रावधान लगायतका विषयलाई कार्यान्वयन गर्दा मुलुकको संवैधानिक व्यवस्था तथा सम्बन्धित कानूनका व्यवस्थाहरूमा पर्ने असर समेतको व्यापक अध्ययन हुनका साथै यससँग सम्बन्धित विभिन्न पक्षहरूसँग छलफल तथा विचार विमर्श गरी यस्तो अध्ययन, छलफल एवम् विचार विमर्शबाट आवश्यक र उपयुक्त कानून बनाउने जिम्मेवारी विधायिकाको भएकोले विधायिकी बुद्धि र क्षमता (Legislative Wisdom and Competency) मा अदालतले हस्तक्षेप गर्न नमिल्ने भनी सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादन भएको परिप्रेक्ष्यमा महासन्धि तथा घोषणापत्र कार्यान्वयनको लागि नयाँ कानून निर्माण गर्न तथा व्यवस्थापिका-संसद्मा रहेका विचाराधीन विधेयकहरूमा महासन्धि तथा घोषणापत्रका प्रावधान स्पष्ट देखिने गरी संशोधन तथा परिमार्जनको माग गर्ने निवेदन जिकिर औचित्यपूर्ण छैन । जहाँसम्म

महासन्धि नं. १६९ कार्यान्वयन राष्ट्रिय कार्ययोजनासम्बन्धी विषय छ, सो विषय यस मन्त्रालयको कार्यक्षेत्रभित्र नपर्ने हुँदा यस मन्त्रालयको के कस्तो काम कारवाहीबाट निवेदकको कस्तो हक अधिकारको हनन् भएको हो ? त्यसको स्पष्ट जिकिर नलिई बिना आधार र कारण असम्बन्धित निकाय यस मन्त्रालयलाई प्रत्यर्थी बनाई निवेदन दिएको देखिँदा रिट निवेदन खारेज भागी छ भन्ने समेत बेहोराको कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको तर्फबाट प्रस्तुत हुन आएको लिखित जवाफ ।

१३. समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प नेपालको संविधानको प्रस्तावनाले गरेको छ । संविधानको विभिन्न धाराहरूले निवेदनसँग सम्बन्धित विषयको आधार तय हुने व्यवस्था गरेको छ । आदिवासी जनजातिको सामाजिक, आर्थिक तथा सांस्कृतिक विकास, उत्थान एवम् राष्ट्रिय विकासको मूल प्रवाहमा समान सहभागिताको लागि आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ रहेको छ । नेपाल कानून आयोग कानून तर्जुमा, संहिताकरण तथा प्रचलित कानूनको संशोधन, एकीकरण र पुनरावलोकन गर्न तथा कानून र न्यायसम्बन्धी विषयमा अध्ययन र अनुसन्धान गर्न नेपाल कानून आयोग ऐन, २०६३ द्वारा स्थापित भएको हो ।

सोही बमोजिम यस आयोगले नेपाल सरकार वा मातहतका अन्य निकायहरूबाट अनुरोध भई आएका वा आयोग स्वयम्ले समेत आवश्यक ठानेका कानूनी विषयहरूमा सम्बन्धित निकायहरूलाई विधेयक मस्यौदा तर्जुमा एवम् सुझाव दिने गरेको हुँदा यस विषयमा समेत सम्बन्धित निकायबाट अनुरोध भई आएका बखत अध्ययन, अनुसन्धान एवम् तर्जुमा सम्बन्धी कार्य हुने नै छ । निवेदकले उठाएको महासन्धि नं. १६९ कार्यान्वयन राष्ट्रिय कार्ययोजनासम्बन्धी विषय यस आयोगको कार्यक्षेत्रभित्र नपर्ने हुँदा यस आयोगको के कस्तो काम कारवाहीबाट निवेदकको के कस्तो हक अधिकारको हनन् भएको हो ? त्यसको स्पष्ट जिकिर नलिई विना आधार र कारण असम्बन्धित निकाय यस

आयोगलाई प्रत्यर्थी बनाई निवेदन दिएको देखिँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाऊँ भन्ने समेत बेहोराको नेपाल कानून आयोगको तर्फबाट प्रस्तुत हुन आएको लिखित जवाफ ।

१४. व्यवस्थापिका-संसद्को सभामुख समेतलाई विपक्षी बनाइएको प्रस्तुत रिट निवेदनमा सभामुखको कुन काम कारवाहीबाट रिट निवेदकहरु लगायत आदिवासी जनजातिहरूको हक हितमा के कस्तो असर पर्न गएको छ भन्ने विषयमा वस्तुनिष्ठ आधार र प्रमाणको उल्लेख नगरी दायर गरेको प्रस्तुत रिट निवेदन असान्दर्भिक छ । व्यवस्थापिका-संसद्बाट थुप्रै विधेयकहरु पारित भए पनि महासन्धि तथा घोषणापत्र अनुरूपको कानून निर्माण, संशोधन वा परिमार्जन नभएको भन्ने सन्दर्भ छ । सो सम्बन्धमा व्यवस्थापिका-संसद्का सदस्यहरु सार्वभौम जनताबाट निर्वाचित स्वतन्त्र प्रतिनिधि भएकाले सरकारद्वारा व्यवस्थापिका-संसद्मा प्रस्तुत गरिएका विधेयकहरूलाई के कस्तो रूपमा परिमार्जन गरी पारित गर्ने भन्ने विषय माननीय सदस्यहरूको अधिकारको विषय भएकोले यस्तो अधिकारलाई सभामुखले कुनै पनि रूपमा सीमित गर्न वा नियन्त्रण गर्न सक्ने अवस्था रहँदैन । साथै, कस्तो कानून पारित गर्ने, कहिले पारित गर्ने, कसरी पारित गर्ने भन्ने विषय व्यवस्थापिका-संसद्को "Prerogative Rights" तथा "Parliament Competency" अन्तर्गतको विषय हो ।

जहाँसम्म व्यवस्थापिका-संसद्मा विचाराधीन रहेको विधेयकमा आदिवासी जनजातिको प्रतिनिधिमूलक संस्था मार्फत परामर्श गरिनुपर्ने भन्ने रिट निवेदकहरूको जिकिर छ, व्यवस्थापिका-संसद्ले नै कानून निर्माण गर्ने सवालमा सबै वर्ग, समुदायको प्रतिनिधित्व गर्दछ । संविधान र कानूनमा व्यवस्थापिका-संसद्मा विचाराधीन विधेयक पारित गर्ने सम्बन्धमा कुनै वर्ग, समुदाय वा जातिको पूर्व सहमति लिनुपर्ने प्रावधान नरहेको हुँदा विपक्षीहरूको रिट निवेदन संविधान, कानून र तथ्यमा आधारित नदेखिँदा रिट निवेदकहरूको माग बमोजिमको कुनै आदेश जारी गर्नुपर्ने अवस्था नदेखिएकोले प्रस्तुत रिट निवेदन खारेज गरी पाऊँ भन्ने समेत बेहोराको व्यवस्थापिका संसद्का सभामुखको तर्फबाट प्रस्तुत हुन आएको लिखित जवाफ ।

**आदेश खण्ड**

१५. नियमबमोजिम दैनिक मुद्दा पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनमा मिसिल अध्ययन गरी निवेदकहरूका तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरू श्री भीम राई, श्री शंकर लिम्बू, श्री जितेन्द्र बज्राचार्य र श्री दिनेशकुमार घलेले नेपाल सरकारले अनुमोदन गरेका क्षीइ महासन्धिको नं. १६९ र आदिवासी अधिकारसम्बन्धी संयुक्त संयुक्त राष्ट्र सङ्घीय घोषणापत्र २००७ लाई सोको मर्मअनुसार राज्यका सबै क्षेत्र, प्रदेश, स्थानीय तहमा कानून, नीति बनाइ कार्यान्वयन गर्नु गराउनू भनी विपक्षीहरूका नाममा निवेदन माग बमोजिम आदेश जारी गरी पाऊँ भनी तथा प्रत्यर्थीहरूको तर्फबाट उपस्थित विद्वान सहन्यायाधिवक्ता श्री खेमराज ज्ञवालीले यसै सन्दर्भमा रिट नं. ८९९० मा यसै विषयमा रिट जारी भई कार्यान्वयन भइसकेको, आदिवासी जनजाति प्रतिष्ठान ऐन बनेको, ऐन बन्ने विषय विधायिकी विवेकभित्रको विषय रहेको, विधायिकी विशेषाधिकारलाई अदालतले शक्ति पृथकीकरणको सिद्धान्तअनुसार दखल गर्न नमिल्ने, संसद्मा, निजामती सेवामा, लोकसेवाको नीतिमा समानुपातिकता र समावेशीता रहेको हुँदा रिट खारेज गरी पाऊँ भनी प्रस्तुत गर्नुभएको बहस समेत सुनियो ।

१६. प्रस्तुत रिट निवेदनमा निवेदन दाबीअनुसारको आदेश जारी हुनुपर्ने हो वा होइन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो ।

१७. अब निर्णयतर्फ विचार गर्दा, नेपालको संविधानले वर्गीय, जाति लगायत सबै प्रकारका भेदभावको अन्त्य गर्ने, एकात्मक राज्य संरचनाले सिर्जना गरेका उत्पीडन र भेदभाव अन्त्य गर्ने घोषणा गरेको सन्दर्भमा आदिवासी जनजातिहरूलाई विगतमा संरचनात्मक विभेद, जसअन्तर्गत कतिपय प्रचलित कानूनहरूले उनीहरूको कुरालाई नजरअन्दाज गरेको हुनाले विलम्ब नगरी यस्ता बहिष्करणमा, विभेदमा परेका आदिवासी, जनजातिहरूको समस्या शान्तिपूर्ण, वैधानिक र न्यायिक रूपमा समाधान गर्न महासन्धि र घोषणापत्रअनुसार नयाँ कानूनको निर्माण लगायत अन्य कार्यपालिकीय, व्यवस्थापकीय र अन्य प्रदेश र स्थानीय

निकायहरू समेतका हाम्रो संघीय राज्यको संरचनाहरूद्वारा कानून निर्माण समेत गर्नु गराउनू भनी जो चाहिने आज्ञा आदेश जारी गरी पाऊँ साथै विपक्षीहरूद्वारा अनुमोदन गरी कार्यान्वयनको लागि नीतिगत प्रतिबद्धता गरे अनुरूप अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ (ILO Convention No. १६९) तथा आदिवासी अधिकारसम्बन्धी संयुक्त संयुक्त राष्ट्र सङ्घीय घोषणापत्र, २००७ को कार्यान्वयनको लागि नयाँ कानून निर्माण गर्न तथा घोषणा–पत्रका प्रावधानहरू स्पष्ट देखिने गरी तथा मेल खाने गरी पारित, संशोधन तथा परिमार्जन गर्न परमादेशको आदेश समेत जारी गरी पाऊँ ।

आदिवासी जनजातिहरूसँग प्रत्यक्ष सरोकार राख्ने वा प्रभावित बनाउने कानून निर्माण, संशोधन वा परिमार्जन लगायतका प्रक्रियाहरूमा अर्थपूर्ण परामर्श गरी उनीहरूका प्रतिनिधिमूलक र स्वतन्त्र रूपमा चयन भएका प्रतिनिधिहरू मार्फत छलफल परामर्श गरी उक्त महासन्धि नं. १६९ कार्यान्वयन गर्नु गराउनू भनी परमादेश जारी गरी पाऊँ भन्ने मुख्य रिट निवेदन दाबी रहेको देखिन्छ । तत् सम्बन्धमा प्रस्तुत रिट निवेदनमा विपक्षीहरूको लिखित जवाफ हेर्दा, संविधान तथा प्रचलित नेपाल कानूनको परिपालना गरी गराई कानूनी राज्यको अवधारणालाई साकार पार्ने र नागरिकका संविधान तथा कानून प्रदत्त हक अधिकारको सम्मान संरक्षण र संवर्धन गर्दै उपभोगको सुनिश्चितता प्रदान गर्ने कुरामा कटिबद्ध रही निवेदकले उठाएका महासन्धि र घोषणापत्रका आदिवासी जनजातिका हक अधिकारको सुनिश्चित गर्ने सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रतिबद्धता व्यक्त गर्नुको साथै सोही बमोजिम कानूनी, संरचनागत तथा नीतिगत व्यवस्था गर्दै आएका छौं । नेपालको संविधानको धारा १८, ४२, ५१, १७६ र २५८ बमोजिम कार्य भइरहेको छ ।

सम्मानित अदालतबाट जारी ०६५-WO-०४७५ मिति २०७०|०१|०८ मा भएको रिटको निर्देशनको कार्यान्वयन भइसकेको छ । ILO महासन्धि १६९ को कार्यान्वयन सम्बन्धमा के गर्नुपर्ने हो गर्नु भनी सो कार्य गर्न आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानलाई नै जिम्मेवारी दिएको हो । त्यसको कार्ययोजना मन्त्रीपरिषद् समक्ष पेश

भइसकेको छ । आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ जारी भइसकेको छ । थप कानून बनाउने विषय सार्वभौम सांसदको एकलौटी अधिकारको विषय हुने भनी ने.का.प. २०७० अङ्क ४ नि.नं. ८९१० मा सम्मानित सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादन भइसकेको छ । जहाँसम्म ILO महासन्धिको नं. १६९ कार्यान्वयनको विषय छ । त्यो Parliament Competency को विषय हुँदा र त्यहाँ सबै जनजाति आदिवासीको प्रतिनिधित्व हुने हुँदा त्यही सार्वभौम संसद्बाट हुने विषय भएकोले आधारहीन रिट खारेज होस् भन्ने समेतको प्रत्यर्थीहरूको लिखित जवाफ परेको देखिन्छ ।

१८. प्रस्तुत विवादको सन्दर्भमा नेपालको संविधानको धारा १८ को प्रतिबन्धात्मक वाक्यांशमा सामाजिक वा सांस्कृतिक दृष्टिले पिछछिएका महिला, दलित, आदिवासी जनजाति लगायतका नागरिकको संरक्षण, सशक्तीकरण वा विकासको लागि कानून बमोजिम विशेष व्यवस्था गर्न सकिने व्यवस्था गरेको छ । ऐ. धारा ४१ मा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति लगायतका नागरिकलाई समानुपातिक, समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुने छ भन्ने व्यवस्था रहेको छ । संविधानको प्रस्तावनामै समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरिएको छ । त्यसैगरी धारा ५ को राज्यका नीतिहरूको खण्ड (ञ) को बुँदा नं. (८) मा आदिवासी जनजातिको पहिचानसहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्ने अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्दै यस समुदायसँग सरोकार राख्ने निर्णयहरूमा सहभागी गराउने तथा आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र संवर्धन गर्ने कुरा उल्लेख गरिएको छ ।

ऐ. धारा ५० ले समानुपातिक, समावेशीकरण, सहभागिता र सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै लोककल्याणकारी राज्य व्यवस्था स्थापना गर्ने व्यवस्था गरिएको छ । ऐ. धारा ५१ (ख)(३) मा नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय

सन्धि सम्झौताहरूको कार्यान्वयन गर्ने भन्ने व्यवस्था गरेको छ । ऐ. धाराको खण्ड (ञ) मा सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीति लिएको छ । समावेशी सिद्धान्त बमोजिम मन्त्रीपरिषद् गठन हुने व्यवस्था ऐ. धारा ७६ (९) मा रहेको छ । ऐ. धारा ८४(२) ले समानुपातिक निर्वाचन प्रणाली बमोजिम बन्द सूचीका आधारमा आदिवासी जनजातिलाई समेत प्रतिनिधित्व गराउने गरी व्यवस्था सुनिश्चित गरेको पाइन्छ । त्यसै गरी ऐ. धारा १७ ले प्रतिनिधिसभा र राष्ट्रिय सभाको संयुक्त समितिहरूको गठन समावेशीका आधारमा हुने व्यवस्था गरेको पाइन्छ । प्रदेश सभाको गठन गर्दा समानुपातिक निर्वाचन प्रणाली बमोजिम बन्द सूचीका आधारमा आदिवासी जनजातिलाई समेत प्रतिनिधित्व गराउने व्यवस्था धारा १७६ (६) ले गरेको छ ।

आदिवासी जनजातिको सामाजिक, आर्थिक तथा सांस्कृतिक विकास एवम् उत्थान राष्ट्रिय विकासको मूल प्रवाहमा समान सहभागिताको लागि आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ समेत जारी भएको पाइन्छ । ऐ. धारा २६१ (१) मा नेपालमा एक आदिवासी जनजाति आयोगको व्यवस्था गरेको देखिन्छ ।

१९. प्रस्तुत रिट निवेदनमा अधिवक्ता शंकर लिम्बू समेत विरूद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय समेत भएको परमादेश रिट नं. ०६५-WO-०४७५ को निवेदनमा मिति २०७०।०१।०८ मा भएको आदेशको निर्देशन उल्लङ्घन भएको भन्ने विषय समेत समावेश भएको देखिन्छ । सो सम्बन्धमा फैसला कार्यान्वयन निर्देशनालयको च.नं. ५८६ मिति २०७०।०३।०६ को पत्रानुसार फैसला कार्यान्वयन भई उक्त मुद्दाको लगत कट्टा समेत भइसकेको देखिएकोले सो फैसला कार्यान्वयन भएन भन्ने रिट निवेदकको जिकिर तथ्यपरक देखिन, आएन ।

उपरोक्त बमोजिमका संवैधानिक, कानूनी प्रावधानहरु र यस अदालतबाट जारी भएको रिटको कार्यान्वयन समेतबाट रिट निवेदकहरूले निवेदनमा उठाएका सवालहरूको क्रमिक रूपमा कार्यान्वयन भएको देखिन आउँछ । त्यसका अतिरिक्त समयानुकूल थप ऐन, कानून

नीतिनिर्माण अपर्याप्त रहे भएको सम्बन्धमा, सो विषय राष्ट्रको Policy Wisdom/Legislative Prerogative अन्तर्गतको विषय हुँदा तत् सम्बन्धमा यस अदालतबाट रिट क्षेत्रमा प्रवेश गर्न सक्ने अवस्था रहेन, आएन । अतएवः प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ ।

२०. प्रस्तुत रिट निवेदन खारेज हुने ठहरे तापनि आदिवासी, जनजातिहरूको समस्या शान्तिपूर्ण, वैधानिक र न्यायिक रूपमा समाधान गर्न विपक्षीहरूले आफूले अनुमोदन गरी कार्यान्वयनका लागि नीतिगत प्रतिबद्धता गरे अनुरूपका अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ र आदिवासी जनजाति अधिकारसम्बन्धी संयुक्त संयुक्त राष्ट्र सङ्घीय घोषणापत्र, २००७ कार्यान्वयनको लागि आवश्यक पर्ने कानून एवम् नीतिनिर्माण संघ तथा प्रदेश तहका कार्यपालिकीय, व्यवस्थापकीय एवम् स्थानीय निकाय समेतले गर्नु गराउनू र यस सम्बन्धमा व्यवस्थापिका संसद् मा विचाराधीन विधेयकहरू उपरोक्त महासन्धि र घोषणापत्रको मर्म र भावना अनुरूप हुने गरी पारित वा संशोधन वा परिमार्जन गर्नु गराउनू भनी व्यवस्थापिका संसद् सचिवालय र नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको नाममा यो निर्देशनात्मक आदेश जारी गरिदिएको छ । आदेशको जानकारी विपक्षीहरू तथा फैसला कार्यान्वयन निर्देशनालय र महान्यायाधिवक्ताको कार्यालयलाई दिनू ।

यो आदेश विद्युतीय प्रणालीमा अपलोड गर्नु र दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू ।

(कुमार चुडाल)
न्यायाधीश

उक्त रायमा सहमत छु ।

(सुष्मालता माथेमा)
न्यायाधीश

इजलास अधिकृतः फणेश्वरी घिमिरे
कम्प्युटर अपरेटरः शान्ति तामाङ
इति सम्वत् २०८० साल माघ २५ गते रोज ५ शुभम् --------------------।

## डा. कृष्ण भट्टचन

समाजशास्त्री तथा आदिवासी अधिकारकर्मी डा. कृष्ण भट्टचन त्रिभुवन विश्वविद्यालयको समाजशास्त्र तथा मानवशास्त्र विभागको संस्थापकहरू मध्ये एक, र पूर्व विभागिय अध्यक्ष र विभागबाट सेवा निवृत्त भएपछि नेपालका आदिवासीहरूको मानव अधिकारसम्बन्धी वकिल समूह (लाहुर्निप)मा सल्लाहकार तथा विज्ञकोरूपमा आबद्ध हुनुहुन्छ । उहाँले क्यालिफोर्निया विश्वविद्यालय, बर्कलेबाट समाजशास्त्रमा विद्यावारिधिको उपाधि प्राप्त गर्नुभएको छ । डा. भट्टचनले समाजशास्त्र, विकास, आदिवासी, लैङ्गिक, दलित सवालहरूमा धेरै लामो समयदेखी प्राध्यापन तथा अध्ययन अनुसन्धान गर्दै आउनु भएको छ । डा. भट्टचनको हालैको कृति Customary Self-Government Systems of the TaMhang (Thakali) Nation ('तम्हाङ (थकाली) राष्ट्रको प्रथाजनित स्वशासन पद्धति') एसिया ईण्डिजेनस पिपुल्स प्याक्ट फाउण्डेशनले प्रकाशित गरेको छ । आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट हालै प्रकाशित आदिवासीको दृष्टिकोणमा नेपालमा संघीयताको कार्यान्वयन पुस्तकमा डा. कृष्ण भट्टचनको लेख नेपालमा संघियताको कार्यान्वयनमा आदिवासी स्वायत्तता प्रकाशित छ ।

---

## अधिवक्ता शंकर लिम्बू

मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)को उपाध्यक्ष अधिवक्ता शंकर लिम्बू नेपालका आदिवासीहरूको मानव अधिकार संरक्षण तथा आदिवासी अधिकार प्रवर्धन र प्रतिरक्षामा करिब ३० वर्ष आगाडिदेखि निरन्तर कार्यरत हुनुहुन्छ । हाल उहाँ त्रिभुवन विश्वविद्यालयमा कानूनमा विद्यावारिधिको उपाधिको लागि अध्ययनरत हुनुहुन्छ । उहाँले आदिवासीहरूको मानव अधिकारको उल्लंघनका विषयमा अध्ययन अनुसन्धान तथा लेख्ने गर्नुहुन्छ । आदिवासीको भूमि तथा प्राकृतिक स्रोत, संवैधानिक अधिकार, प्रथाजनित कानूनलगायतको विषयमा उहाँका लेखहरू प्रकाशित छ । आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट हालै प्रकाशित आदिवासीको दृष्टिकोणमा नेपालमा संघीयताको कार्यान्वयन पुस्तकमा शंकर लिम्बूको लेख न्यायमा पहुँचका लागि नेपालको सन्दर्भमा आदिवासी न्याय प्रणाली प्रकाशित छ ।

प्रकाशक
नेपाल सरकार
आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान
सानेपा, ललितपुर

9 789937 991254